# १८ औं

# वार्षिक प्रतिवेदन

## २०७५/७६



## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.





साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को १७ औं वार्षिक साधारण सभाका झलकहरु ।




साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को १८ औं वार्षिकोत्सव समारोहका झलकहरु




६२ औं सहकारी दिवसको उपलक्ष्यमा यस वित्तीय संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठक ज्यू सम्मानित हुँदाको झलकहरु




संविधान दिवस, २०७६ का झलकहरु

# सञ्चालक समिति



**श्री खेम बहादुर पाठक**
अध्यक्ष
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री प्रताप सुवेदी**
सञ्चालक सदस्य
प्रतिनिधि
कृषि विकास बैंक लि.



**श्री रवीन्द्र यादव**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री चाँदनी ढकाल**
सञ्चालक सदस्य
महिला प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री उमेश लम्साल**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण शेयरधनी



**श्री भूपेश छत्कुली**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण शेयरधनी



**श्री उपहार राज घिमिरे**
सञ्चालक सदस्य
स्वतन्त्र सञ्चालक

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. प्रगति सारांश

## (२०७६ असार मसान्तसम्मको विवरणको आधारमा)

### चित्र नं. १: ब्याज आम्दानी, ब्याज खर्च, कर्मचारी प्रशासनिक खर्च र खुद नाफा




### चित्र २: लगानी, सावा असुली, लगानी रहिरहेको रकम




### चित्र नं. ३ ऋण सापटीको अवस्था




### चित्र नं. ४: कर्मचारी तथा प्रशासनीक खर्चको अवस्था




### चित्र नं ५. लैगिक सहभागिताको आधारमा सहकारी संख्या



## चित्र नं. ६: पुँजीको संरचना

### कुल चुक्ता पुँजी रु. ७८ करोड ६० लाख ३४ हजार ९ सय १२




## चित्र नं. ७: वित्तीय स्रोतको अवस्था




## चित्र नं. ८: औसत लरर, ब्याज आम्दानी र ब्याज खर्चको प्रवृत्ति




## चित्र नं. ९: विभिन्न आम्दानीको प्रवृति




## चित्र नं. १०: ब्याज आम्दानी दर तथा ब्याज खर्च दर




## चित्र नं. ११: लररमा भाका नाघेको ऋणको प्रतिशत





## श्री खेम बहादुर पाठक
*अध्यक्ष*

### अनुभव :

सन् १९८६ देखि २००२ सम्म चैनपुर गाविस (धादिङ्ग) को अध्यक्ष, सन् १९९० देखि १९९८ सम्म साना किसान सहकारी संस्था लि. चैनपुर (धादिङ्ग) को अध्यक्ष, सन् १९९७ देखि गा.वि.स. महासङ्घ (धादिङ्ग) को अध्यक्ष एवं गा.वि.स. राष्ट्रिय महासङ्घ नेपालको परिषद सदस्य, सन् १९९९ देखि सन् २०११ सम्म साना किसान सहकारी धादिङ्गको अध्यक्ष, सन् २००१ देखि सन् २०१४ सम्म जिल्ला सहकारी संघ धादिङ्गको उपाध्यक्ष, सन् २००८ देखि हालसम्म नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.को अध्यक्ष, सन् २००३ देखि २००८ सम्म साना किसान विकास लघुवित्त वित्तीय संस्थाको सञ्चालक सदस्य एवं सन् २००९ देखि हालसम्म अध्यक्ष । सन् २०१४ देखि २०१६ सम्म राष्ट्रिय सहकारी विकास बोर्डको सञ्चालक तथा सन् २०१३ देखि हालसम्म राष्ट्रिय सहकारी संघको सञ्चालक ।

### वैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :

भारत, श्रीलङ्का, बङ्गलादेश, मलेशिया, थाइलैण्ड, स्पेन, फ्रान्स, बेलायत, भुटान, दक्षिण अफ्रिका, फिलिपिन्स, मलेसिया, सिंगापुर, इजरायल, चीन, इरान, एल सालभाडोर, कोलम्बिया, जापान, अष्ट्रेलिया आदि ।

---



## डा. शिवराम प्रसाद कोइराला
*प्रमुख कार्यकारी अधिकृत*

### शिक्षा :

सन् २०१० मा पि.एच.डी. कमर्स सङ्काय अन्तर्गत "Financial Sustainability in Development Banking of Nepal" लखनउ विश्वविद्यालय, सन् १९८८ मा एम.वि.ए र सन् १९८४ मा वि.एल. त्रिभुवन विश्वविद्यालय ।

### अनुभव :

सन् १९८९ मा व्यवस्थापन विज्ञ (अधिकृत) पदबाट कृषि विकास बैंकमा सेवा आरम्भ, सन् २०१० देखि २०११ सम्म कम्पनी सचिव र सन् २०११ देखि २०१६ सम्म सोही बैंकमा ट्रेजरी विभागको विभागीय प्रमुख । जनवरी १, २०१६ देखि अगस्ट २९, २०१७ सम्म साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को नायव प्रमुख कार्यकारी अधिकृत तथा अगस्ट ३०, २०१७ देखि हालसम्म साना किसान विकास लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत ।

### बैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :

बेलायत, इटली, फ्रान्स, मलेसिया, सिंगापुर, थाइलैण्ड, श्रीलङ्का, भारत, बङ्गलादेश, सेनेगल, यु.ए.ई., फिलिपिन्स, जापान आदि ।

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को वर्तमान सञ्चालक समिति | क |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. प्रगति सारांश | ख |
| अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतको संक्षिप्त परिचय | घ |
| अठारौँ वार्षिक साधारणसभा सम्बन्धी सूचना | १ |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को अठारौँ वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन | ७ |
| १. विगत वर्षको कारोवारको सिंहावलोकन | ७ |
| २. विगत वर्षहरुको वित्तीय अवस्था | १४ |
| ३. साझेदार संस्थाहरुको प्रगति | १७ |
| ४. राष्ट्रिय/ अन्तर्राष्ट्रिय परिदृष्य | १९ |
| ५. साना किसान विकास लघुवित्त वित्तीय संस्थाको चालु वर्षको उपलब्धी र भावी योजना | २३ |
| ६. लघुवित्त वित्तीय संस्थाको व्यवसायिक सम्बन्ध | ३२ |
| ७. सञ्चालन तथा सुशासन | ३४ |
| संगठनात्मक संरचना | ३९ |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.सञ्चालक समितिको प्रतिवेदन | ४० |
| जनशक्तिको विवरण | ४३ |
| समूह "क" संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरु तथा धारण गरेको शेयर कित्ता संख्या | ४६ |
| Digitization of SFACLs & Expansion of Access to Finance in Karnali Province of Nepal (DSFACLs & A2F) परियोजना को खर्चको विवरण | ५२ |
| लेखा परिक्षण प्रतिवेदन | ५४ |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौं, फोन नं.०१-४१११८२८, Website : www.skbbl.com.np

## अठारौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०९/४ गते)

यस वित्तीय संस्थाको मिति २०७६ पौष ३ गते बसेको सञ्चालक समितिको ३६३ औं बैठकको निर्णयानुसार संस्थाको अठारौं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

### सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७६ पौष २६ गते (January 11, 2020) शनिबार
(२) समय : बिहान ११.०० बजे
(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

### छलफलका विषयहरु

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७५/०७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (लेखा परिक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखापरिक्षकको पुनः नियुक्तिका लागि पूर्ववत सेवा शर्त कायमै रहने गरी साविकका लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) आ.व. २०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ७८,६०,३४,९१२/११ को १.४३४२१०५२६ प्रतिशतले हुने रु.१,१२,७३,३९५/४५ (अक्षेरेपी एक करोड बाह्र लाख त्रिहत्तर हजार तिन सय पन्चानब्बे रुपियाँ पैंतालिस पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा मिति २०७६/०२/२० गते श्री उपहार राज घिमिरे (चार्टर्ड एकाउण्टेण्ट) नियुक्त भएको जानकारी सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव :

(१) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको अधिकृत, जारी र चुक्ता पुँजी क्रमशः रु.१ अर्ब, रु. १ अर्ब र रु. ६४ करोडमा वृद्धि गरी क्रमशः रु. २ अर्ब ७५ करोड, रु.२ अर्ब र रु. १,०००,२२९,४२५.६६ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने सम्बन्धमा ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२.११ को २७.२५ प्रतिशतले हुने रु. २१,४१,९४,५१३/५५ (अक्षरेपी एक्काइस करोड एकचालिस लाख चौरानब्बे हजार पाँच सय तेह्र रुपैयाँ पचपन्न पैसामात्र) बराबरको बोनस शेयर बितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(३) सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा वृद्धि गर्ने सम्बन्धमा ।

(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

# वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ संस्थाको शेयरधनी दर्ता किताब मिति २०७६/९/१४ देखि २०७६/९/२६ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७६/९/१३ गते सम्म कारोबार भई त्यसपछिका ७ कार्य दिनभित्रमा शेयर धनी दर्ता किताबमा कायम शेयर धनीहरु मात्र कम्पनीबाट वितरण हुने आ.व. २०७५/७६ को लाभांश तथा बोनस शेयरका लागि योग्य हुनेछन् ।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कथम्कदाचित सो सम्भव नभए शेयर धनी प्रमाणपत्र वा डिम्याट नं. साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयर धनी महानुभावहरु सभा स्थलमा आउँदा यथासक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ ।

(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको वेभ साईट www.skbbl.com.np मा समेत उपलब्ध छ । साथै यस सम्बन्धी विवरणहरु संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने काठमाडौं तथा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

(४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईने छ ।

(५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत संस्था सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयर धनी महानुभावहरुले सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(६) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नु भएका शेयर धनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ ।

(७) प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति वित्तीय संस्थाको शेयर धनी हुनुपर्नेछ ।

(८) संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकरर गरिएको व्यक्तिले अथवा शेयर धनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्दछ ।

(९) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस वित्तीय संस्थाको शेयर खरीद गरेको अवस्थामा वित्तीया संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । तर, संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि. हरुबाट प्रतिनिधि मनोनयन भई आएका व्यक्तिको हकमा भने निज प्रतिनिधि सम्बधित साना किसान कृषि सहकारी संस्था लि.को शेयर धनी रहेको हुनु पर्ने छ ।

(१०) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि खुला रहने छ ।

(११) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, काठमाडौं ।

(कम्पनी ऐनको दफा ७१ को उपदफा (३) सँग सम्बन्धित)

## अठारौं साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदनको ढाँचा

श्री सञ्चालक समिति
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

..................जिल्ला ..................न. पा. / गा. पा. वडा नं. ......... बस्ने म / हामी ......................... ले त्यस कम्पनीको शेयरधनीका हैसियतले सम्वत् २०७६ साल ......महिना........गतेका दिन हुने १८ औं वार्षिक साधारण सभामा म / हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा / हाम्रा तर्फबाट भाग लिनका लागि ...................... जिल्ला ......................... न. पा. / गा. पा. वडा नं. .......... बस्ने श्री ............................................................. लाई मेरो / हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको -
हस्ताक्षरको नमुना : .....................................................
शेयरधनी भए शेयरधनी नं. ..............................................................
डीम्याट नं. : ............................................................
शेयरधनी भए शेयर प्रमाणपत्र नं. : ..................................................
शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. ......................

**निवेदक**
दस्तखत :..... ........ ....... ......... ...... .....
नाम : .. ..... ........ ....... ......... ...... ....
ठेगाना : ..... ........ ....... ......... ...... .......
शेयरधनी नं. ........ ....... ......... ...... .......
डीम्याट नं.: ..... ........ ............ ...... .......
शेयर प्रमाणपत्र नं. : ..... ........ ....... .........
शेयर सङ्ख्या : ..... ........ ....... ......... ......
मिति : ..... ........ ....... ......... ...... ....

---

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको

अठारौं वार्षिक साधारण सभामा उपस्थितिका लागि प्रवेशपत्र

शेयरधनी / प्रतिनिधिको नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
डीम्याट नं.: :
लिएको शेयरसङ्ख्या :
शेयरधनी/प्रतिनिधिको दस्तखत :

कम्पनी सचिव

यो प्रवेशपत्र साधारण सभामा भाग लिन आउँदा पेस गर्नुपर्नेछ ।

(प्रस्ताव नं. ३ सँग सम्बन्धित)

कम्पनी अध्यादेश २०६२ अन्तर्गत स्थापित

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था)

को

# प्रबन्धपत्र

(मिति २०७६/०९/२६ मा आयोजना हुने अठारौँ वार्षिक साधारणसभामा संशोधन प्रस्ताव)

**प्रबन्धपत्रको दफा - ५ को खण्ड (क), (ख) र (ग) लाई देहाय अनुसार संशोधन गरिएको छ :-**

दफा-५ वित्तीय संस्थाको पूँजीको संरचना : वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) वित्तीय संस्थाको अधिकृत पूँजी रु. २,७५,००,००,०००।- (अक्षरेपी दुई अर्ब पचहत्तर करोड रुपैयाँ) मात्र हुनेछ। उक्त पुँजीलाई रु.१००।- का दरले २,७५,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ।

(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब) मात्र हुनेछ।

(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु.१,००,०२,२९,४२५।६६ (अक्षरेपी एक अर्ब दुई लाख उनन्तिस हजार चार सय पच्चिस रुपैयाँ छैसट्ठी पैसा) मात्र हुनेछ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

अठारौँ साधारण सभामा पेश गरिएको प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले

| सि.नं | दफा/उपदफा | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा-५ को खण्ड (क), (ख) र (ग) | वित्तीय संस्थाको पूँजीको संरचना: वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ:-<br>(क) वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,००,००,००,०००।- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ। उक्त पुँजीलाई रु.१००/- का दरले १,००,००,००० थान। साधारण शेयरमा विभाजित गरिएको छ।<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,००,००,००,०००।- (अक्षरेपी एक अर्ब) मात्र) हुनेछ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु.६४,००,००,०००।- (अक्षरेपी चौंसट्ठी करोड) मात्र) हुनेछ। | वित्तीय संस्थाको पूँजीको संरचना: वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ:-<br>(क) वित्तीय संस्थाको अधिकृत पूँजी रु. २,७५,००,००,०००।- (अक्षरेपी दुई अर्ब पचहत्तर करोड रुपैयाँ) मात्र हुनेछ। उक्त पुँजीलाई रु.१००।- का दरले २,७५,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ।<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब) मात्र हुनेछ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु.१,००,०२,२९,४२५।६६ (अक्षरेपी एक अर्ब दुई लाख उनन्तिस हजार चार सय पच्चिस रुपैयाँ छैसट्ठी पैसा) मात्र हुनेछ। | वित्तीय संस्थाको व्यावसायिक आवश्यकता अनुसार पुँजी बृद्धि गर्न वाञ्छनीय भएकोले। |

कम्पनी अध्यादेश २०६२ अन्तर्गत स्थापित

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था)

को

# नियमावली

(मिति २०७६/०९/२६ मा आयोजना हुने अठारौँ वार्षिक साधारणसभामा संशोधन प्रस्ताव)

**नियम २९ लाई देहाय अनुसार संशोधन गरिएको :**

नियम २९. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :

(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-

(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु. ६,०००/- (अक्षरेपी छ हजार रुपैयाँ) मात्र हुनेछ ।

(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-

(आ) काठमाडौं उपत्यका बाहिरका सञ्चालकलाई काठमाडौं उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. २,५००/- (अक्षरेपी दुई हजार पाँचसय रुपैयाँ) मात्र र काठमाडौं उपत्यका भित्रका सञ्चालकलाई सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. २,०००/-(अक्षरेपी दुई हजार रुपैयाँ) मात्र स्थानीय परिवहन तथा भैपरी खर्च दिइनेछ ।

(घ) वित्तीय संस्थाका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार एवं सवारी साधान सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ : -

(अ) सञ्चार सुविधा : - टेलिफोन, ईन्टरनेट आदि सुविधा वापत अध्यक्षलाई प्रतिमहिना रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपैयाँ) मात्र र सञ्चालकलाई प्रतिमहिना रु. २,०००/- (अक्षेरेपी दुई हजार रुपैयाँ) मात्र उपलब्ध गराइनेछ ।

*नोट : वितरण गरिएका १८ औं वार्षिक प्रतिवेदनका केही प्रतिहरुमा छपाइ त्रुटीका कारण नियम २९ को उपनियम १ को खण्ड (घ) को (अ) मा अन्यथा हुन गएकोले सच्याई प्रकाशन गरिएको छ ।*

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## अठारौं साधारण सभामा पेश भएको नियमावली संशोधन सम्बन्धी तीन महले

| सि. नं. | नियम | उप नियम | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|
| १ | २९ | (१) | **नियम २९.सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**<br>(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु.४०००/- हुनेछ ।<br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(आ) काठमाडौं उपत्यका बाहिरका सञ्चालकले काठमाडौं उपत्यका बाहिर बाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु.१५००/- मात्र र काठमाडौं उपत्यका भित्रका सञ्चालकले सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु.१,०००/- मात्र स्थानीय परिवहन तथा भैपरी खर्च दिइनेछ ।<br>(घ) वित्तीय संस्थाका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार एवं सवारी साधान सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ : -<br>(अ) आफ्नो कार्यालयबाट टेलिफोन सुविधा नपाएका अध्यक्षलाई प्रतिमहिना रु. २,५००/- (अक्षरेपी दुई हजार पाँच सय मात्र) र टेलिफोन सुविधा नपाएका सञ्चालकलाई प्रतिमहिना रु. १,०००/- (अक्षेरेपी एक हजार मात्र) उपलब्ध गराइनेछ । तर, अध्यक्ष/सञ्चालकले आफ्नो कार्यालयबाट माथि उल्लेख गरे भन्दा कम टेलिफोन सुविधा लिएको भएमा सो कम भए जत्तिको फरक रकम मात्र उपलब्ध गराइनेछ । | **नियम २९.सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**<br>(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु. ६,०००/- (अक्षरेपी छ हजार रुपैयाँ) मात्र हुनेछ ।<br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(आ) काठमाडौं उपत्यका बाहिरका सञ्चालकलाई काठमाडौं उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. २,५००/- (अक्षरेपी दुई हजार पाँचसय रुपैयाँ) मात्र र काठमाडौं उपत्यका भित्रका सञ्चालकलाई सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. २,०००/- (अक्षरेपी दुई हजार रुपैयाँ) मात्र स्थानीय परिवहन तथा भैपरी खर्च दिइनेछ ।<br>(घ) वित्तीय संस्थाका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार एवं सवारी साधान सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ : -<br>(अ) सञ्चार सुविधा : - टेलिफोन, ईन्टरनेट आदि सुविधा वापत अध्यक्षलाई प्रतिमहिना रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपैयाँ) मात्र र सञ्चालकलाई प्रतिमहिना रु. २,०००/- (अक्षेरेपी दुई हजार रुपैयाँ) मात्र उपलब्ध गराइनेछ । | नेपाल सरकारले यसै वर्ष पारिश्रमिक एवं सेवामा वृद्धि गरेको, विगत वर्षदेखि यस वित्तीय संस्थाको यस सम्बन्धी सुविधा परिमार्जन नभएको, बैठक सञ्चालनमा विद्युतीय माध्यमबाट ऐजेण्डाहरु पठाउने कार्यको थालनीका साथै इमेल, इन्टरनेटको प्रयोगबाट कार्यकुशलतामा वृद्धि गर्न आवश्यक भएको र महँगी समायोजन स्वरुप समय सापेक्ष वृद्धि गर्न आवश्यक देखिएकोले । |

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को अठारौं वार्षिक साधारण सभामा प्रस्तुत

# सञ्चालक समितिको प्रतिवेदन

## आर्थिक वर्ष २०७५/७६

### आदरणीय शेयरधनी महानुभावहरू,

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको यस अठारौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु। यस अवसरमा यहाँहरु समक्ष यस वित्तीय संस्थाको अठारौं वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई ज्यादै खुशी लागेको छ। प्रस्तुत आर्थिक वर्ष २०७५/७६ अर्थात २०७६ आषाढ ३१ गतेको संक्षिप्त आर्थिक विवरण कानुन अनुसार प्रकाशित गरिएको छ । २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु वित्तीय संस्थाको वेभसाईटका साथै यसै प्रतिवेदनमा संलग्न राखिएको छ। उक्त विवरण एवं सञ्चालक समितिको यो प्रतिवेदन समेत स्वीकृतिका लागि यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गत आर्थिक वर्षमा यस वित्तीय संस्थाले गरेको प्रगति सम्बन्धी विवरण यसै प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनलाई सुधार गर्न, संस्थाको आगामी दिनमा कार्यक्रम, कार्यदिशा तयार गर्न तथा वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा प्रभावकारिता बढाउन सदाझैं यहाँहरुबाट रचनात्मक सुझाव, सल्लाह, सहयोग र मार्गदर्शनहरु प्राप्त हुनेनै छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

### १. विगत वर्षको कारोबारको सिंहावलोकन

कम्पनी रजिष्ट्रारको कार्यालयमा वि.सं. २०५८ साल असार २२ गते दर्ता स्वीकृति प्राप्त भई नेपाल राष्ट्र बैंकबाट २०५८ साल फागुन २७ गते कारोबार गर्ने ईजाजत प्राप्त भएको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएको पब्लिक लिमिटेड कम्पनी हो। यसले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको राष्ट्रिय स्तरको लघुवित्त संस्थाका रूपमा स्वीकृति प्राप्त गरी लघुवित्त क्षेत्रमा एक प्रमुख थोककर्जा प्रदायक संस्थाका रूपमा कारोबार गर्दै आएको छ। लघुवित्तका प्रचलित अभ्यासहरू भन्दा परिमार्जित ढङ्गले स्थानीय तहमा सवल, सक्षम, स्वायत्त र दिगो संस्थाहरूको निर्माणबाट मात्र गरिबी न्यनीकरणको गतिलाई तीव्रता प्रदान गर्न सकिन्छ भन्ने यो संस्थाको मान्यता रहेको छ। लघुवित्त वित्तीय संस्थाले ग्रामीण विपन्न तथा साना किसानहरूको आर्थिक र सामाजिक विकासका लागि उनीहरूकै स्थानीय सक्षम संस्थाहरू मार्फत लघुवित्त तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

#### १.१ ऐतिहासिक पृष्ठभूमि

साना किसान विकास कार्यक्रमको लामो यात्रामा विभिन्न नवप्रवर्तनीय अभ्यासहरु भए । गाउँ गाउँमा साना किसान सहकारीहरुको स्थापना भयो भने वित्तीय छाता संस्थाको रुपमा वि.सं. २०५८ साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड स्थापना गरियो। त्यसै गरी सहकारी सञ्जालको रुपमा वि.सं. २०६३ मा नेपाल कृषि सहकारी केन्द्रीय संघ (साना किसानहरुद्वारा प्रवर्धित) को स्थापना भयो। साना किसानहरुलाई मूल्य श्रृङ्खलामा स्थापित गर्न कृषि औद्योगीकरणमा लैजाने क्रम समेत सुरु भईसकेको छ । साना किसान विकास कार्यक्रम र यो लघुवित्त वित्तीय संस्थाको ऐतिहासिक पृष्ठभूमि यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ।

#### (क) साना किसान विकास आयोजना

ग्रामीण गरीबको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखेर नेपाल सरकार तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबीच भएको विचारगोष्ठीको फलस्वरूप सन् १९७५ (वि.सं.२०३२) मा नेपालमा साना किसान विकास कार्यक्रमको थालनी भयो । कृषि विकास बैंकबाट देश भरका तत्कालिन ६ सय ५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान परिवार समेटेर गाउँगाउँमा साना किसान विकास आयोजनाहरू खोली कार्यक्रमको थालनी गरियो। कृषि विकास बैंकको ग्रामीण विकास एकाईको रुपमा यी आयोजनाहरुले ग्रामीण साना किसानहरुको आर्थिक तथा सामाजिक विकास गर्ने मात्र नभई वित्तीय साधन स्रोतमा उनीहरुको पहुँच बढाउन समेत ठूलो मद्दत पुऱ्यायो।

#### (ख) साना किसान संस्थागत विकास

साना किसान विकास आयोजनाको विस्तार सँगै यसको दिगोपनालाई लिएर विभिन्न छलफलहरु सुरु भयो । साथै कार्यक्रम भित्रै लक्षित वर्गको स्वमित्व स्थापना, सशक्तीकरण र नेतृत्वदायी भूमिका स्थापना हुनुपर्ने आवश्यकता महसुस हुँदै गयो । कार्यक्रमको विस्तार खर्च न्यूनतम विन्दुमा राख्दै लागतको दृष्टिकोणले समेत प्रभावकारी बनाउने एवं स्थानीय तहमा नेतृत्व विकास गरी कार्यक्रमलाई दिगो रूपमा सञ्चालन हुने उपायको खोजी स्वरुप साना किसान संस्थागत विकासको अवधारणा ल्याईयो । आ.व. २०४२/४३ सालदेखि तत्कालीन जी.टी.जेड. तथा कृषि विकास बैंकको संयुक्त प्रयासमा साना किसान विकास कार्यक्रमभित्र स्थानीय रूपमा नै संस्थागत विकास गर्ने गरी सम्बन्धित साना किसानहरूको प्रत्यक्ष सहभागिता बढाउन समूह, अन्तरसमूह र मूल समिति गरी तीन तहात्मक स्थानीय साङ्गठनिक स्वरूपको अभ्यास सुरु गरियो । नेतृत्व एवं व्यवस्थापकीय क्षमता विकासका लागि विविध कार्यक्रमहरू सञ्चालन भए।

संस्थागत विकास कार्यक्रमको सामाजिक पक्ष ज्यादै प्रभावकारी देखियो । साना किसानहरुमा नेतृत्व बहन गर्ने सीपको प्रभावकारी रुपमा विकास भयो । स्थानीय आवश्यकता

अनुसारका विषयहरुमा स्थानीय साना किसान नेतृत्वले निर्णय प्रक्रियामा परिपक्वता र सक्षमता प्रदर्शन गरे । यसबाट साना किसानहरुले स्वतन्त्रतापूर्वक आफ्नो संगठन सञ्चालन गर्न सक्ने कुरामा कृषि विकास बैंक विश्वस्त भयो । साना किसानका यस्ता संस्थाहरुलाई कुन कानुनी स्वरुपमा संस्थागत गर्ने भन्ने उपायहरुको खोजी हुन थाल्यो । तत्कालिन अवस्थामा यस्ता संगठनलाई दर्ता गर्न सक्ने उपायहरुमा कम्पनी, सामाजिक संस्था (गैरसरकारी संस्था) वा सहकारीको स्वरुप मध्ये कुनै एक उत्तम विकल्प छान्न सकिने देखियो । साना किसानहरुसँग छलफल र अन्तरक्रियाहरु भए । कानुनी र व्यवस्थापकीय पर ामर्शहरु लिईए । विज्ञहरुका सुझावहरु प्राप्त भए । र, अन्तमा यस्ता संस्थाहरुलाई सहकारी स्वरुपमा कानुनी मान्यता प्रदान गर्न उचित हुने उत्तम विकल्प ठहर भयो ।

### (ग) साना किसान सहकारी संस्था लि.

संस्थागत विकास कार्यक्रमले स्थानीय साना किसानहरुको नेतृत्व र व्यवस्थापकीय क्षमतामा ल्याएको परिवर्तन स्वरुप उनीहरू आफैं कृषि विकास बैंक समक्ष साना किसान विकास आयोजनाको व्यवस्थापन हस्तान्तरण गरिलिन माग गर्न सक्ने अवस्थामा पुगे । साना किसानहरूको गाविस स्तरमा निर्माण भएका सङ्गठनलाई उत्तम विकल्पको रुपमा प्रचलित सहकारी ऐन बमोजिम दर्ता गरियो । आ. व. २०५०/५१ देखि कृषि विकास बैंकले साना किसान विकास आयोजनाको व्यवस्थापन र स्वामित्व तिनै स्थानीय साना किसानहरूको स्थानीय सहकारी संस्थालाई हस्तान्तरण गर्न सुरु गर्‍यो । यस प्रकार नेपालले एउटा लामो अभ्यास पछि ग्रामीण सशक्तिकरण र दिगो संगठनको नविनतम मोडेल विकास गर्न सफल भयो । यिनै सहकारीहरुलाई साना किसान सहकारी नामाकरण गरियो । यी साना किसान सहकारी संस्थाहरुलाई कृषि विकास बैंकको व्यवस्थापनमा रहेको साना किसान विकास आयोजनाका सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु हस्तान्तरण गरियो । सहकारी संस्थालाई आवश्यक पर्ने थोक कर्जा कृषि विकास बैंकले नै उपलब्ध गराउने व्यवस्था मिलाईयो । संस्थाहरु स्वतन्त्ररुपमा सञ्चालन हुन थाले र कृषि विकास बैंकले १९ वर्ष देखि विकास गर्दै आएको कार्यक्रमबाट प्रत्यक्ष संलग्नता क्रमशः हटाउँदैलग्न थाल्यो । साना किसान सहकारी अभियान नेपाल सरकारको गरिबी निवारण अभियानबाट सुरु भएको हुँदा परम्परागत सहकारीहरु भन्दा यसमा विशिष्ट किसिमका विशेषताहरु रहेका छन् । यो नेपालको मौलिक नमुना हो र यो मोडेललाई हिजो आज धेरै गैर-सरकारी संस्थाहरुले समेत रुचाएको पाइएको छ । यसका विशेषतालाई तालिका १ मा उल्लेख गरिएकोछ ।

**तालिका-१ साना किसान सहकारी संस्थाका विशेषता**

| क्रसं | आधार | परम्परागत सहकारी संस्थाहरु | साना किसान सहकारी संस्थाहरु |
|---|---|---|---|
| १ | लक्षित वर्ग | तोक्न आवश्यक छैन । | विपन्न तथा साना किसानहरु (महिला, दलित र पिछडिएको वर्ग विशेष रुपमा) मात्र यसका सदस्य हुन सक्ने । |
| २ | कार्य क्षेत्र | जति सुकै सानो वा ठूलो क्षेत्र हुन सक्ने । | एक गा.पा. मा २ वटा, एक न.पा. मा ३ वटा र एक उ.म.न.पा. मा ५ वटा मात्र हुनसक्ने । |
| | | स्थान छनौटको सुविधा रहेको । | सबै वडामा सदस्यता हुनै पर्ने व्यवस्था रहेको । |
| ३ | सदस्य | एकै घरका धेरै जना हुन सक्ने । | एक घरधुरी एक सदस्य । |
| ४ | सदस्य संख्या | २५ जना भन्दा बढी । | ४०० घरधुरी भन्दा बढी लक्षित वर्ग सदस्य हुनुपर्ने । |
| ५ | संगठन | सञ्चालक समिति | त्री-तहात्मक संगठनको व्यवस्थाः समुह, अन्तरसमुह र सञ्चालक समिति । |
| ६ | सहभागिता | कमजोर वर्गको नेतृत्व स्थापित हुने संस्थागत व्यवस्थाको अभाव | सर्वसाधारण साना किसानहरु नै नेतृत्वमा आउन सक्ने र विभिन्न क्रियाकलापमा सहभागि हुन सक्ने प्रणालीगत व्यवस्था रहेको । |
| ७ | कृषिमा आधारित | विविधता रहेको । | साना किसान र कृषि व्यवसायमा नै केन्द्रित रहेको । |
| ८ | सामाजिक परिचालन | बाध्यता नरहेको । | विपन्न र गरिबहरुको सामाजिक र आर्थिक रुपान्तरणका लागि सामाजिक परिचालनको अन्तरनिर्मित व्यवस्था रहेको । |
| ९ | लघुवित्त सेवा | वाध्यता नरहेको । | अनिवार्य रुपमा लघुवित्त सेवामा समर्पित । |
| १० | कृषकको बहुआयमिक संरक्षण कार्यक्रम | वाध्यता नरहेको । | सदस्य सुरक्षण, पशुधन सुरक्षण, ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, कृषि सामाग्री आपूर्ति सेवा, कृषि बजार व्यवस्था आदि सदस्य संरक्षणका बहुआयमिक कार्यक्रम सञ्चालन । |
| ११ | मुनाफा गर्नुको उद्देश्य | लाभांश वितरण । | सामाजिक पुँजी निर्माणमा लगानी । |
| १२ | विशिष्टिकृत बैंक स्थापना | नभएको । | साना किसान कृषि सहकारी संस्थाहरुकै लगानीमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को स्थापना भएको । |
| १३ | कार्यसञ्चालनमा एकरुपता | नभएको । | नेपाल भरीका साना किसान कृषि सहकारी संस्थाहरुको कार्यसञ्चलनमा एकरुपता रहनु पर्ने विधि रहेको, जसले गर्दा एकरुपता कायम रहेको । |
| १४ | अनुगमन निरीक्षण | सहकारी विभाग । | सहकारी विभागबाट हुने अनुगमन निरीक्षणका अतिरिक्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले शुक्ष्मरुपमा अनुगमन गर्ने र उनीहरुको क्षमता विकासमा निरन्तर सहयोग गर्ने व्यवस्था रहेको । |
| १५ | मौलिक नमुना | परम्परागत अभ्यास । | साना किसान सहकारी मोडेल नेपाली माटोमा उत्पत्ति, प्रयोग र सफलतापूर्वक सञ्चालनमा रहेको मौलिक मोडेलको रुपमा स्थापित भै सकेको । अन्तर्राष्ट्रिय रुपमा "साना किसान मोडेल" चिनिएको र चर्चामा आएको । |

### १.२ साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

कृषि विकास बैंकको व्यावसायिक प्राथमिकतामा भएको परिवर्तन, साना किसान विकास कार्यक्रमले हासिल गरेको उपलब्धी, सरकारको दायित्व र भर्खर स्थापना भएका साना किसान सहकारी संस्थाहरुको आवश्यकताले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. स्थापना गर्न प्रेरित गर्‍यो ।

### (क) साना किसानहरूको छाता संस्थाको रूपमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

साना किसान सहकारी संस्थाहरूलाई गरिबी न्यूनीकरणमा स्वस्फूर्त र दिगोरूपमा सञ्चालन हुन सक्ने तुल्याउन एवं वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउन कृषि विकास बैंक भित्र विशिष्ट विभागहरू स्थापना गरिए पनि कृषि विकास बैंकका बृहत् कार्यक्रमहरू एवं परिवर्तित प्राथमिकताका कारणले साना किसान विकास अभियानमा प्रशस्त योगदान पुग्न नसक्ने हो कि भन्ने चिन्ता पनि बढ्दै गयो । सक्षम र सवल स्थानीय ग्रामीण संस्था बन्न सहयोग पुऱ्याउने एवं लघुवित्त सेवाबाट वञ्चित क्षेत्रमा साना किसान कृषि सहकारी संस्था गठन गरी विपन्न तथा साना किसानहरूको आर्थिक तथा सामाजिक विकासका लागि वित्तीय पहुँच विस्तार गर्ने मात्र विशिष्ट उद्देश्य लिएर एक छुट्टै राष्ट्रिय स्तरको बैंक स्थापना हुनुपर्ने आवश्यकता महसुस गरियो । यसै सन्दर्भमा कृषि विकास बैंकको अगुवाइ र नेपाल सरकारको सहयोग एवं साना किसान सहकारी संस्थाहरुको समेत सहभागितामा वि.सं. २०५८ साल असार २२ गते साना किसान विकास लघुवित्त वित्तीय संस्थाको स्थापना गरियो । आरम्भमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयरधनीहरूमा नेपाल सरकार, कृषि विकास बैंक लि., नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरू रहेका थिए ।

यस वित्तीय संस्थालाई विपन्न तथा साना किसानहरुको वित्तीय संस्था बनाउने लक्ष्य अनुरुप प्रबन्धपत्रमा भएको व्यवस्था अनुसार नै वि. सं. २०६७/६८ मा नेपाल सरकारको स्वामित्वमा रहको शेयर विभिन्न साना किसान सहकारी संस्थाहरूलाई बिक्री गरी संस्थापक साना किसान कृषि सहकारी संस्था संख्या २३१ पुग्यो । हाल कृषि विकास बैंक लि., नेपाल बैंक लि., नबिल बैंक लि. र २३१ वटा साना किसान सहकारी संस्थाहरूको स्वामित्वमा करिब ७०% संस्थापक शेयर छ भने सर्वसाधारण शेयरधनीहरूको करिब ३०% शेयर स्वामित्व रहेकोछ ।

### (ख) कृषि विकास बैंकबाट साना किसान विकास लघुवित्त वित्तीय संस्थामा कारोबार हस्तान्तरण

कृषि विकास बैंकद्वारा प्रवर्द्धन गरिएका २१० वटा साना किसान सहकारी संस्थाहरूको उक्त बैंकसँगको ऋण कारोबार वि.सं. २०६३ सम्ममा क्रमशः साना किसान विकास लघुवित्त वित्तीय संस्थामा सारियो । साना किसान सहकारी संस्थाहरूले कृषि विकास बैंकलाई तिर्न बाँकी कर्जा सापट साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई तिर्नुपर्ने र अब उप्रान्त साना किसान सहकारी संस्थाहरूलाई आवश्यक पर्ने कर्जा सापट साना किसान विकास लघुवित्त वित्तीय संस्थाले उपलब्ध गराउने व्यवस्था मिलाइयो । कृषि विकास बैंकले साना किसान कृषि सहकारी संस्थाहरुमा बाँकी रहेको डेढ अर्ब भन्दा बढी कर्जा रकम साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई हस्तान्तरण गरेकोमा यस संस्थाले उक्त रकम भुक्तानी गरिसकेको छ ।

### (ग) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को स्वायत्त व्यवस्थापन

कृषि विकास बैंकले साना किसान विकास लघुवित्त वित्तीय संस्थाको स्थापनादेखि नै महाप्रबन्धक एवं दक्ष कर्मचारीहरू काजमा पठाई यसको व्यवस्थापन गर्दै आएको थियो । वि.सं. २०६६ मा खुला प्रतिस्पर्धाका आधारमा प्रमुख कार्यकारीको व्यवस्था गरियो । खुला प्रतिस्पर्धाबाट यस छानिनु भएका प्रथम प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले यस साना किसान विकास लघुवित्त वित्तीय संस्थामा ८ वर्ष निरन्तर सेवा गर्नु भई मिति २०७४ भाद्र १३ बाट अवकास लिनु भयो । ततपश्चात् यस वित्तीय संस्थामा नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्दै आउनुभएका डा. शिवराम प्रसाद कोइराला प्रमुख कार्यकारी अधिकृत भई काम गर्दै आउनुभएको छ । वि. सं. २०६७ मा यस संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा पहिलोपटक साना किसान सहकारी संस्थाका प्रतिनिधिको चयन भयो । त्यस यताका ९ वर्ष अध्यक्ष खेमबहादुर पाठकले निरन्तर यस वित्तीय संस्थाको नेतृत्व गर्दै आउनु भएको छ । कृषि विकास बैंकबाट आउनुभएका कर्मचारीहरू क्रमशः फिर्ता भई आवश्यक सङ्ख्यामा कर्मचारीहरू भर्ना गर्न थालियो । वि. सं.२०६९ मा सर्वसाधारणमा शेयर निष्कासन भए पश्चात् पूर्ण सङ्ख्याको सञ्चालक समिति गठन भयो ।

यसरी साना किसान विकास कार्यक्रमको उपजको रुपमा स्थापित साना किसान विकास लघुवित्त वित्तीय संस्था २०६७ साल देखि स्वायत्त व्यवस्थापनमा पूर्ण जिम्मेवारीका साथ प्रभावकारी परिणाम निकाल्न सफल भएको छ । यसको सानो उदाहरण संस्था स्थापना देखिको ९ वर्षमा कुल कर्जा रु. १ अर्ब ११ करोड कर्जा लगानीमा रहेको अवस्थाबाट नयाँ व्यवस्थापन स्थापना पश्चात्का १० वर्षमा १८४३% ले बृद्धि भई २०७६ असार मसान्तमा रु. २० अर्ब ४६ करोड पुगेको छ । आबद्ध परिवार सङ्ख्या १ लाख ६० हजारबाट बृद्धि भई ७ लाख २० हजार नाघेको छ। वार्षिक रु. १ करोड ९० लाख खुद मुनाफा गर्ने यो संस्था रु. ४९ करोड १५ लाख खुद मुनाफा गर्न सक्ने भएको छ । यस वित्तीय संस्थाले ११ वटा इलाका कार्यालयहरू मार्फत आ.व. २०७५/७६ मा ७० जिल्लामा रहेका ६६८ वटा साना किसान सहकारी संस्था तथा ८२ वटा अन्य सहकारी संस्था गरी जम्मा ७५० वटा साझेदार संस्थाहरूमा सेवा पुऱ्याएको छ । साथै, थप २३१ संस्थाहरू गठन र संस्थागत विकासका प्रक्रियामा रहेका छन् ।

### (घ) वित्तीय संस्थाको उद्देश्य तथा कार्यहरू

१. वित्तीय संस्थाको उद्देश्य (Objectives)

राष्ट्रियस्तरको लघुवित्त विकास वित्तीय संस्थाको मान्यता अनुरुप साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई कर्जा लगानी गर्न आवश्यक थोककर्जा लगानी गर्ने यस वित्तीय संस्थाको प्रमुख उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :-

- नेपालको ग्रामीण क्षेत्रका साना किसान कृषि सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने ।
- नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप सहकारी संस्था तथा लघुवित्त संस्थाहरुको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

चित्र नं. -१ साना किसान विकास लघुवित्त वित्तीय संस्थाको वित्तीय स्रोत व्यवस्थापन




- लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक सीप तथा क्षमता विकासका तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने ।
- संस्थाहरुको संस्थागत एवं मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने ।
- साझेदार संस्थाहरुसँगको सहकार्यमा कृषि मुल्यशृङ्खला समेतका परियोजना स्थापना गरी विपन्न तथा साना किसानहरुको आम्दानी र रोजगारीका अवसरमा अभिवृद्धि एवं गरिबीनिवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने ।
- मुलुकमा छरिएर रहेको पुँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

## २ लघुवित्त वित्तीय संस्थाका कार्यहरू (Functions)

यस वित्तीय संस्थाले हालसम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रको रुपमा लिएको छ ।

- साना किसान सहकारी संस्था लगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरुलाई छोटो र मध्यम अवधिको थोककर्जा र पुनरकर्जा प्रदान गर्ने ।
- नेपाल सरकार तथा दातृसंघ/संस्थाहरुबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरु मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने ।
- आबद्ध संस्थाहरुको सांगठनिक तथा वित्तीय सक्षमता विकासको लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।
- संस्थाहरुको सबलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुऱ्याउने ।
- आबद्ध संस्थाहरुको वित्तीय कारोबार लगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।
- विद्यमान साना किसान सहकारी संस्थाहरुलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरु निर्माण गर्न साना किसान सहकारी अनुसरण (SFCL Replication) कार्यक्रम संचालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।
- लघुवित्त सम्बन्धी अन्य देशमा संचालित असल अभ्यासको खोजी गरी आबद्ध संस्थाहरुमा समेत संचालन गर्न अभिप्रेरित गर्ने।
- संस्थाहरुको वित्तीय सक्षमता र दिगोपनालाई अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्बन गर्ने/गराउने ।
- ग्रामीण विकास लघुवित्तको सफल अवधारणा तथा प्रारुपलाई अरु संस्थामा समेत लागू गराउने ।
- नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप संस्थाको वित्तीय सूचकाङ्क कायम गर्दै संस्थागत सुशासनमा रहने ।

## १.३ व्यावसायिक प्रकृया

### (क) स्रोत व्यवस्थापन

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले बजारबाट निक्षेप संकलन नगर्ने भएकोले बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त हुने विपन्न वर्ग कर्जा नै यसको प्रमुख वित्तीय स्रोत हो । नेपाल सरकारले विगत ८ वर्षदेखि उपलब्ध गराउँदै आएको मासुजन्य तथा दुग्धजन्य (पशुपालन कर्जा) यसको अर्को मुख्य वित्तीय स्रोत हो । यसका अतिरिक्त वित्तीय संस्थाको आफ्नै पुँजी शेयरपुँजी, जगेडा, संचित मुनाफा र अन्य अनुदानबाट पनि पुँजी व्यवस्थापन गर्दै आएको छ ।

### (ख) वित्तीय संस्थाको सेवा प्रवाह संरचना

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान सहकारी संस्थाहरु तथा अन्य सहकारी संस्थाहरुलाई थोक कर्जा तथा पुनःकर्जा सेवा उपलब्ध गराउँछ। यो संस्थाले ११ वटा इलाका कार्यालय मार्फत सेवा उपलब्ध गराउँदै आएको छ। संस्थाहरुको अनुगमन, निरीक्षण तथा कर्जा प्रवाह गर्नका लागि सबै कार्यालयहरु जिम्मेवार छन् । वर्तमानमा संस्थाले साधारण लघुकर्जा र विशेष कर्जा प्रवाह गर्दै आएको छ । विशेष कर्जा अन्तर्गत पशुपालन कर्जा, नविकरणीय ऊर्जा र भुकम्प प्रभावित क्षेत्रहरुका लागि विशेष कर्जा प्रमुख रहेका छन् । संस्थाहरुले यस लघुवित्त वित्तीय संस्थाबाट प्राप्त कर्जाहरुलाई लघुवित्त क्षेत्रमा प्रयोग हुने गरी अन्तिम उपभोक्तासम्म पुऱ्याउँदछन् ।

यसका अतिरिक्त विपन्न तथा साना किसानहरुको संस्थागत क्षमता तथा सामाजिक सवलीकरणका लागि संस्थाले सरकार तथा अन्य दातृसंस्था र साना किसान संस्थाहरुको विचमा रहेर पुलको काम पनि गर्दै आएको छ । साना किसान सहकारी अनुसरण कार्यक्रम मार्फत देशका विभिन्न ग्रामीण समुदायका महिला, दलित मधेशी जनजाति र अन्य पिछडिएका वर्गलाई सेवा पुऱ्याउदै आएको छ ।

चित्र नं. -२ साना किसान विकास लघुवित्त वित्तीय संस्थाको सेवा प्रवाह संरचना




## (ग) वित्तीय संस्थासँग आवद्धता

अ. आवद्धता अनिवार्य हुनुपर्ने : साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग कारोबार गर्न ईच्छुक लघुवित्त संस्थाहरुले संस्थाको कारोबारमा आवद्धताका लागि आवेदन गर्नु पर्छ । त्यस्ता संस्थाहरुको कानुनी, वित्तीय, व्यवस्थापकीय तथा सुशासनका विषयमा लघुवित्त संस्थाले संस्थागत परीक्षण गर्दछ । संस्थागत परीक्षण गर्दा कुनै कमी कमजोरीहरु पाईएमा सो सुधार भैसकेपछि मात्र अन्य संस्थाहरुलाई आवद्ध गर्ने र यसका सेवाहरुमा सरिक गराउने कार्य गर्दछ ।

आ. आवद्धताका लागि मापदण्डहरु : देहाय अनुसारका वित्तीय तथा सुशासन सम्बन्धी सूचकका निर्धारित मापदण्डहरु पुरा गरेपछि मात्र वित्तीय संस्थाले सहकारी संस्थाहरुलाई आवद्ध गरी कर्जा कारोबारमा सरिक गराउँछ ।

१. वित्तीय सूचक: यस लघुवित्त संस्थामा आवद्ध हुन चाहाने संस्थाहरुले २ वर्ष भित्र पुँजी कोष ८% भन्दा बढी पुर्‍याउनु पर्छ भने कुल लगानीमा कम्तिमा ३०% आन्तरिक स्रोत परिचालन गर्न सकेको हुनु पर्छ । सञ्चालन स्वसक्षमता १००% भन्दा कम र नेटवर्थ नकारात्मक भएका सहकारी संस्थालाई वित्तीय संस्थाले आवद्ध गर्दैन। कर्जा असुली दर ९०%, ईक्वीटीमा प्रतिफल दर १% भन्दा बढी र शिरोभार खर्च लगानीको ५% भन्दा कम हुन आवश्यक छ । त्यसै गरी विगत वर्षहरुमा कम्तिमा पनि १०% को दरमा लगानी वृद्धि हासिल गर्न सक्षम संस्थाहरुमात्र यस संस्थाका साझेदार हुन सक्ने गरी आधारभुत वित्तीय सूचकहरु निर्धारण गरिएको छ ।

२. सुशासन सूचक: दोहोरो लेखा प्रणाली अनुरुप हिसाव राखेका, ३ देखि ५ वर्ष अवधिको लागि व्यावसायिक योजना तर्जुमा गरी लागु गरेका, कर्मचारी/सञ्चालक/शेयर सदस्यहरुले

चित्र नं. -३ आवद्धता तथा कर्जा स्वीकृत गर्ने प्रकृया




संस्थामा तोकिएको सिमा भन्दा बढी कर्जा नलिएका, कर्मचारी /सञ्चालक/शेयर सदस्य तथा तिनका परिवारका सदस्यहरुले कर्जा अनुशासन पालना गरेका, विगत दुई वर्षदेखि लक्षित वर्गमा लघुवित्त सेवा प्रदान गर्दै आएका, सञ्चालकहरु तथा कर्मचारीहरु अरु कुनै पनि वित्तीय संस्थाबाट कालोसूचीमा नपरेका एवं तिनको नाममा संस्थामा १ महिना भन्दा बढिको पेश्की बाँकी नरहेका संस्थाहरुले सुशासन सुचक पुरा गरेको मानिन्छ। आवद्धता तथा कर्जा स्वीकृत गर्ने प्रकृयालाई चित्र नं ३ मा प्रस्तुत गरिएको छ।

### (घ) कर्जा लगानी व्यवस्था

अ. थोक कर्जा प्रदायक : लघुवित्त क्षेत्रका लागि थोक कर्जा प्रवाह गर्ने कार्य नै यस संस्थाको प्रमुख व्यवसाय हो। यसले साना किसान सहकारी संस्थाहरु तथा अन्य समान प्रकृतिका सहकारी संस्थाहरुलाई लघुवित्त प्रयोजनका लागि थोक कर्जा प्रवाह गर्दछ। लगानीलाई व्यवस्थित गर्न कर्जा नीति, कार्यविधि, मापदण्ड तर्जुमा गरिएका छन्। यी नीति नियम र कार्यविधिहरु प्रचलित कानून एवं केन्द्रीय बैंकको निर्देशन एवं लघुवित्तका मान्यता र अभ्यास अनुरुप रहेकाछन्। यस वित्तीय संस्थाबाट कर्जा लैजाने संस्थाहरुले कर्जा उपयोगको विवरण भरी वित्तीय संस्थालाई अनिवार्य रुपमा पठाउनु पर्ने हुन्छ।

आ. लक्षित समुदाय (जनसंख्या) : संस्थाहरुले तपसिल बमोजिमका समुदायमा कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था रहेको छ :

- पहाड वा तराईमा १५ रोपनी र तराइमा १ विगाहा भन्दा कम जग्गा भएको
- नियमित आम्दानी नभएका र अत्यन्त कठिन वर्गका जिवन निर्वाह गरिरहेको व्यक्ति वा परिवार
- अन्य बैंक वित्तीय संस्था तथा सरकारी कर्जा बाँकी नभएको व्यक्ति तथा परिवार
- दलित, मधेशी, पिछडिएका वर्ग, महिला तथा लघुउद्यमहरु।

इ. धितोसम्बन्धी व्यवस्था : साना किसान सहकारी संस्था तथा अन्य सहकारी संस्थाहरुले कर्जा प्राप्त गर्नका लागी उपरोक्त मापदण्डहरु पुरा गरेको हुनुपर्दछ। वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा संस्थाहरुसंग कुनै धितो लिँदैन तर यसले संस्थाका सञ्चालकहरुको व्यक्तिगत जमानी तथा संस्थागत जमानी आवश्यक मान्दछ। तर कर्जा प्राप्त गर्ने संस्थाहरुले संस्थागत वचत खाता मार्फत कारोवार गर्नु पर्नेछ।

ई कर्जा स्वीकृत सीमा : लघुवित्त वित्तीय संस्थाले कर्जा स्विकृती प्रकृयालाई इलाका कार्यालयलाई ११ करोड सम्म र केन्द्रीय कार्यालयलाई १५ करोड सम्म कर्जा स्विकृत गर्न सक्ने अधिकार छ। सो भन्दा माथिको स्वीकृतिको लागी संचालक समितिको स्वीकृति लिनु जरुरी छ।

उ. ऋण स्विकृत गर्न सक्ने सिमा : लघुवित्त वित्तीय संस्थाले देशका विभिन्न भागमा स्थापित ११ वटा इलाका कार्यालयहरुबाट विभिन्न जिल्लामा स्थापित सहकारीहरुलाई सेवा दिदै आएका छन्। आवश्यक कर्जा प्रवाहको लागी संस्थाहरुको कर्जाको लागी तत् कार्यालयमा सम्पर्क राख्नुपर्ने हुन्छ। ऋण स्वीकृतिका लागी प्रत्येक कार्यालयमा एउटा ऋण समिति बनाइएको हुन्छ। सो ऋण समितिले ऋण स्वीकृति गर्ने या नगर्ने अधिकार राख्दछन्। इलाकाको कर्जा स्वीकृत गर्ने अधिकार भन्दा माथिको ऋण माग आएको खण्डमा सोको स्वीकृतिको लागी केन्द्रीय कार्यालयमा पठाउनुपर्ने हुन्छ।

### तालिका नं. २ कार्यालय अनुसार ऋण स्वीकृत गर्ने सीमा

| क्र.सं. | कर्जा आवृति | इलाका कार्यालय | | केन्द्रीय कार्यालय |
|---|---|---|---|---|
| | | कार्यालय प्रमुखकोस्तर | कर्जा स्वीकृत गर्ने अधिकतम सीमा रकम | |
| १ | पहिलो पटक | छैटौं वा सो भन्दा माथिल्लो तह | रु. २५ लाख प्रति संस्था। | रु. १ करोड प्रति संस्था। |
| २ | दोस्रो पटक | | रु. ५० लाख प्रति संस्था। | रु. १ करोड ५० लाख प्रति संस्था। |
| ३ | त्यस पछि | छैटौं तह | रु. ९ करोड प्रति संस्था। | रु. १५ करोड प्रति संस्था। |
| | | सातौं तह | रु. १० करोड प्रति संस्था। | |
| | | आठौं वा सो भन्दा माथिल्लो तह | रु. ११ करोड प्रति संस्था। | |

(ऊ) लघुवित्त वित्तीय संस्थाबाट उपलब्ध गराइएका कर्जाका प्रकारहरु:

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले विभिन्न प्रकारका कर्जाहरू उपलब्ध गराउँदै आएको छ जसका देहाय बमोजिमका विशेषताहरू छन् :

(१) लघुकर्जा : ग्रामीण समुदायका महिला, दलित, विपन्न वर्गलाई लघुवित्त सेवाको विस्तार गर्न आवश्यक पर्ने पुँजीलाई लघु कर्जाको रूपमा वित्तीय संस्थाले साना किसान सहकारी संस्थाहरू र अन्य सहकारी संस्थाहरूलाई थोक कर्जाको रूपमा लघु कर्जा उपलब्ध गराउँदछ। आफ्नो पुँजी अपर्याप्त भई ऋण लगानीमा समस्या भएमा संस्थाहरूले आवश्यकता अनुसार यो कर्जा माग गर्न सक्दछन्।

(२) मासुजन्य/दुग्धजन्य (पशुपालन) कर्जा : नेपाल सरकार को सहयोगमा वित्तीय संस्थाले आ. व. २०६७/६८ देखि हालसम्म निरन्तर रूपमा पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गरेको छ। मासु तथा दुग्ध जन्य पदार्थको उत्पादन वृद्धि गर्नका लागी तथा मासु तथा दूधको आयातलाई प्रतिस्थापन गर्नको लागी वित्तीय संस्थाले यो कर्जा कार्यान्वयनमा ल्याएको हो। किसानले नै ९ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त गर्ने गरी साना किसान कृषि सहकारी संस्थाहरू मार्फत यो कर्जा उपलब्ध गराउँदै आइएको छ। सुरुदेखि २०७६ साल आषाढसम्म यो कर्जाका लागि ९ अर्ब नेपाल सरकारबाट प्राप्त भएको र सो बाट १ लाख २५ हजार ८७ जना पशु पालक किसानलाई १३ अर्ब ७२ करोड ६० लाख लगानी गरेको छ। आ.व. २०७६/०७७ देखि यो कर्जा व्यवसायीक तरकारी खेतीमा समेत विस्तार गरिएको छ।

(३) नविकरणीय ऊर्जा कर्जा : युएनसिडिएफको प्राविधिक सहयोगमा लघुवित्त वित्तीय संस्थाले २०७१ सालदेखि नवीकरणीय ऊर्जा कर्जा पनि साना किसान सहकारी संस्थाहरूलाई उपलब्ध गराउँदै आएको छ। साना किसानको घर उज्यालो घर, धुवाँमुक्त घर भन्ने नाराका साथ यो कर्जा उपलब्ध गराइएको छ। ३ वर्ष अवधिको यो कार्यक्रम शत प्रतिशत प्रगति सहित सम्पन्न भइसकेको छ। बायोग्याँस, सुधारिएको चुल्हो र सोलारको स्थापनाका लागी यो कर्जा उपलब्ध गराइएको छ। कार्यक्रमको अवधि सकिएता पनि कर्जा सेवालाई भने निरन्तरता दिइएको छ।

(४) भुकम्प प्रभावित क्षेत्रका लागि विशेष कर्जा : वि.सं. २०७२ को प्रलयकारी भुकम्पबाट प्रभावित क्षेत्रका साना किसानहरुको आयआर्जन क्षमतामा परेको प्रतिकुल परिस्थितिमा टेवा पुऱ्याउने उद्देश्यले तीन जिल्लालाई लक्षित गरी नेपाल सरकार एवं एसियाली विकास बैंकको सहयोगमा २०७३ सालदेखि साना किसान सहकारी संस्थाहरु मार्फत जिवीकोपार्जन कर्जा प्रदान गर्दै आएको छ। उक्त परियोजनाले २०७६ असार मसान्तसम्म १७ हजार भन्दा बढी पिडित परिवारमा रु ८२ करोड १९ लाख कर्जा प्रवाह गरिसकेको छ।

(५) तरकारी खेती कर्जा : साना किसानलाई तरकारी खेतीमा व्यवसायीक रूपमा लाग्न अभिप्रेरित र सहयोग पुऱ्याउने उद्देश्यले पहाडमा कम्तीमा एक रोपनी र तराइमा १.५ कट्ठा भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने साना किसानलाई लक्षित गरी चालु आ.व. ०७६/७७ देखि व्यवसायीक तरकारी खेती कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ।

(६) सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जा: मूल्य श्रृङ्खलामा साना किसानको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति र नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम साना किसान सहकारी चिया उद्योगलाई कार्यशील पुँजी प्रदान गरिँदै आएको छ।

(७) कृषि कर्जा : किसानका लागि उन्नत विउविजन कार्यक्रम लागु भएका मध्य पश्चिम र पश्चिमाञ्चल क्षेत्र अन्तर्गतका सात जिल्लाहरू स्थित कार्यरत र IFAD (KUBK) परियोजना अन्तर्गत स्थापित ८३ सहकारी मार्फत यो कर्जा कार्यक्रम लागु भएको छ। किसानले नै ९ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त गर्ने गरी साना किसान सहकारी संस्थाहरू मार्फत यो कर्जा उपलब्ध गराउँदै आइएको छ।

(८) ग्रामिण उद्यम लगानी परियोजना कर्जा: आ.व. २०७६/०७७ देखि पाँच वर्षको अवधिमा व्यक्तिगत परियोजना ५०० र सामूहिक परियोजना ५० गरी ५५० कृषि उद्यम परियोजना सञ्चालनमा सहुलियत कर्जा एसियाली विकास बैंकको सहयोग र नेपाल सरकारसँगको सहकार्यमा सञ्चालन हुन लागेको छ।

(ए) ब्याज निर्धारक तथा कर्जाको ब्याज दर:

यस वित्तीय संस्थाका ग्राहक सहकारी संस्थाहरूको सङ्ख्या वृद्धि हुँदै गएको, व्यावसायिक आकार पनि वृद्धि भएका एवं प्रतिस्पर्धीहरूको सङ्ख्या पनि वृद्धि भएकाले कर्जाको माग सम्बोधन गर्नु, त्यसको प्रभावकारी अनुगमन तथा निरीक्षण गर्नु, कर्जाको गुणस्तरीयता कायम राख्नु, लाभ-लागत सन्तुलन मिलाउनु, माग अनुमान गर्नु एवं वित्तीय स्रोतको सुनिश्चितता प्राप्त गर्नु जस्ता कार्यहरू जटिल बन्दै गएका छन्। पुँजीको उपलब्धता, कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि, लघुवित्त क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिको कारण उत्पन्न हुने असरहरूबाट यो वित्तीय संस्था समेत अछुतो रहन सक्दैन। वित्तीय बजारमा तरलताको अवस्था, बजारको ब्याजदर, पुँजीको प्रभावकारी परिचालन, ग्राहक संस्थाहरूको वित्तीय अवस्था, वित्तीय संस्थाको कार्यकुशलता र साख नै ब्याजदरलाई प्रभाव पार्ने मुख्य तत्वका रूपमा रहेका छन्। प्रभावकारी वितरण प्रणाली स्थापना गर्न सकेमा विपन्न तथा साना किसानहरूमा लघुवित्त सेवामार्फत पनि कम ब्याजदरमा कर्जा प्रवाह गर्न

### तालिका : ३ कर्जाका प्रकार, ब्याजदर र अवधि

| क्र.सं. | प्रकार | ब्याजदर | छुट | छुट पछिको ब्याजदर | ग्रेस अवधि | सावा भुक्तानी | ब्याज भुक्तानी | अधिकतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | लघुकर्जा | १२.७५ % | ०.२५% | १२.५ % | - | त्रैमासिक | मासिक | २ वर्ष |
| २ | पशुपालन कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४% | ५ % | ६ महिना | त्रैमासिक | मासिक | ३ वर्ष |
| ३ | नविकरणीय ऊर्जा कर्जा | ११.७५% | ०.२५% | ११.५ % | ६ महिना | त्रैमासिक | मासिक | ३ वर्ष |
| ४ | जिवीकोपार्जन कर्जा (ए.डी.बी. स्रोत) | २ % | - | २ % | ६ महिना | त्रैमासिक | मासिक | ३ वर्ष |
| ५ | सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४% | ५ % | १ वर्ष | अर्धवार्षिक | मासिक | ६ वर्ष |
| ६ | कृषि कर्जा (नेपाल सरकार स्रोत) | ३.५% | - | ३.५ % | - | त्रैमासिक | मासिक | ३ वर्ष |
| ७ | तरकारी खेती कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४ | ५ % | - | त्रैमासिक | मासिक | ३ वर्ष |

*नोटः - क्र.सं. १ को २०७४/१०/१, देखि क्र.सं. २ को मिति २०६७/१०/२८ , क्र.सं. ३ को २०७४/१०/१ देखि, क्र.सं. ४ को मिति २०७३/३/१५ देखि, क्र.सं. ५ को मिति २०७१/३/२१ गते, क्र.सं. ६ को मिति २०७५/१/१६ तथा क्र.सं. ७ को मिति २०७६/४/१९ देखि लागू भएको ।*

सकिन्छ भन्ने वित्तीय संस्थाको मान्यता रहेको छ । यसैले वित्तीय संस्था समय-समयमा ब्याजदर परिमार्जन गर्ने र त्यसको प्रभाव साना किसानहरूले महसुस गर्न पाउने व्यवस्था कायम गर्न सजग रहेको छ । हाल यस वित्तीय संस्थाले प्रवाह गर्ने लघु कर्जामा वार्षिक १२.७५%, मासु तथा दुग्ध जन्य पशुपालन तथा तरकारी खेती कर्जामा ५%, नवीकरणीय ऊर्जा कर्जामा ११.७५% तथा जीविकोपार्जन कर्जामा २% को दरले ब्याज लिने व्यवस्था रहेको छ । प्रतिवेदन मितिमा कायम रहेको कर्जा ब्याजदर तालिका नं- ३ मा प्रस्तुत छ ।

## २. विगत वर्षहरूको वित्तीय अवस्था

स्थापनाकाल देखि नै मुनाफामा रहेको यस वित्तीय संस्थाले विगत वर्षहरूमा झैं आ.व. २०७५/७६ मा पनि उत्साहजनक आर्थिक उपलब्धि हासिल गरेको छ । वित्तीय संस्थाले गरेको आर्थिक कारोबारको विवरण तालिका नं- ४ मा प्रस्तुत गरिएको छ ।

### २.१ कर्जाकारोबार एवं गुणस्तर

आबद्ध साना किसान सहकारी संस्था र समान प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरूलाई थोक कर्जा सुविधा उपलब्ध गराउनु नै यस लघुवित्त वित्तीय संस्थाको प्रमुख व्यवसाय हो । यसै क्रममा वित्तीय संस्थाले आ.व. २०७४/७५ मा रु. १५ अर्ब ५१ लाख कर्जा लगानी गरेकोमा आ.व. २०७५/७६ मा १४ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ७२ लाख लगानी गर्न सफल भएको छ। सावाँ असुली तर्फ अघिल्लो आ.व.मा रु. १२ अर्ब १० करोड ८८ लाख भएकोमा प्रतिवेदन वर्षमा १७% ले वृद्धि भई १४ अर्ब १५ करोड ९० लाख पुगेको छ। आ.व.२०७४/७५ को अन्तमा लगानीमा रहिरहेको कुल रकम रु. १६ अर्ब ८९ करोड १२ लाख रहेकोमा २१% ले वृद्धि भई प्रतिवेदन वर्षमा रु. २० अर्ब ४५ करोड ७० लाख पुगेको छ।

निष्क्रिय कर्जा आ. व. २०७४/७५ मा रु. ६५ लाख ०८ हजार (कुल कर्जाको ०.०४%) रहेकोमा आ.व. २०७५/७६ मा रु. ८९ लाख ४६ हजार (कुल कर्जाको ०.०४%) पुगेको छ । यसरी कुल लगानीमा रहिरहेको रकमको ०.०४% मात्र निष्क्रिय कर्जा रहे तापनि यस वित्तीय संस्थाद्वारा १.४८% ले हुने रकम कर्जा नोक्सानी व्यवस्था गरी असल कर्जाका लागि १% का अतिरिक्त झण्डै ०.४८% थप कर्जा नोक्सानी व्यवस्था गरिएको छ। आ.व. २०७४/७५ मा रु. ४ लाख ८७ हजार ब्याज उठाउन बाँकी रहेकोमा आ. व. २०७५/७६ को अन्त्यमा आईपुग्दा यसबाट घटेर रु. २ लाख २० हजार पुगेको छ।

### तालिका - ४: कर्जा लगानी असुली तथा कर्जाको गुणस्तर

(रु.हजारमा)

| क्र. सं. | विवरण | आ.व. ०६९/७० | आ.व. ०७०/७१ | आ.व. ०७१/७२ | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | आ.व. ०७४/७५ | आ.व. ०७५/७६ | २०७६ असोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कर्जा लगानी | ३,३०९,०९१ | ५,१३५,५४३ | ७,४८३,४२१ | ९,७९७,९१५ | ११,९७३,४९८ | १५,००५,१२२ | १७,७२४,८७५ | २,७८७,३७९ |
| २ | कर्जा असुली | २,३५२,५८२ | ३,४०१,९८३ | ४,७५२,९०२ | ६,८६०,५३९ | ९,०१२,६८७ | १२,१०८,८३३ | १४,१५९,०४६ | ३,७४९,६८० |
| ३ | कर्जा असुली र लगानीको अनुपात | ७१% | ६६% | ६४% | ७०% | ७५% | ८१% | ८०% | १३५% |
| ४ | लगानीमा रहिरहेको रकम | ३६३२६६६ | ५३६६२२६ | ८०९६७५० | ११०३४१२६ | १३९९४९३५ | १६८९१२२३ | २०४५७०६० | १९४९४७८८ |
| ५ | कारोबार बृद्धि % | ३६% | ४८% | ५१% | ३६% | २७% | २१% | २१% | -५% |
| ६ | निष्क्रिय कर्जा रकम | २३४३१ | ६१०० | १३७६६ | ८२५४ | १२९९५ | ६५०८ | ८९४६ | १८१८९ |
| ७ | निष्क्रिय कर्जा % | ०.६५% | ०.११% | ०.१७% | ०.०७% | ०.०९% | ०.०४% | ०.०४% | ०.०९% |
| ८ | जोखिम कोष व्यवस्था रकम | ६०२३५ | ६०४१३ | ११५३०८ | १८३६२० | २१९१०८ | २५७९७० | ३०२४०४ | २८८५५४ |
| ९ | जोखिम कोष व्यवस्था % | १.६६% | १.१३% | १.४२% | १.६६% | १.५७% | १.५३% | १.४८% | १.४८% |
| १० | कुल संस्था सङ्ख्या | ३९१ | ४२८ | ५१० | ६०२ | ६५५ | ६८० | ७५० | ७५२ |
| ११ | प्रतिसंस्था औसत कर्जा रकम | ९,२९१ | १२,५३८ | १५,८७६ | १८,३२९ | २१,३६६ | २४,८४० | २७,२७६ | २५,९२४ |
| १२ | कर्जा असुली दर % | ९९.३५% | ९९.८९% | ९९.८३% | ९९.९३% | ९९.९१% | ९९.९६% | ९९.९६% | ९९.९१% |

### २.२ तिर्न बाँकी रहेको कर्जा तथा सापटी विवरण

वित्तीय संस्थाले नेपाल सरकारबाट सहुलियत कर्जा तथा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट विपन्न क्षेत्र कर्जा प्राप्त गरी स्रोत व्यवस्थापन गर्दै आएको छ। वार्षिक लगभग औसत २५% का दरले कर्जा तथा सापटमा बृद्धि हुनुबाट यस बैंकले वित्तीय बजारमा राम्रो विश्वास आर्जन गर्न सकेको पुष्टि हुन्छ। साझेदार संस्थाहरुको संस्थागत वचत खातामा रहेको रकम झण्डै वित्तीय संस्थाबाट लिएको ऋणको ७% को हाराहारीमा उक्त रकम मौज्दात रहेको देखिन्छ। आ.व. २०७४/७५ मा कुलसापटीको औसत ब्याज खर्चदर ५.७३% रहेकोमा आ. व. २०७५/७६ मा ०.१८% बिन्दुले बृद्धि भई ५.९१% मा कायम हुन पुगेको छ। प्राप्त वित्तीय स्रोतहरू (कर्जा सापटी) र पुँजीको लागतदर तालिका –५ मा प्रस्तुत गरिएको छ।

**तालिका -५: तिर्न बाँकी रहेको सापटी विवरण** (रु.हजारमा)

| क्र.सं. | विवरण | २०७० असार | २०७१ असार | २०७२ असार | २०७३ असार | २०७४ असार | २०७५ असार | २०७६ असार | २०७६ असोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तिर्न बाँकी कर्जा सापट (स्रोतअनुसार) | | | | | | | | |
| | (क) नेपाल सरकार | १३९५००० | १७१५००० | २५५०००० | ४२००००० | ५६८८५०० | ७३४२६६७ | ८६५१००१ | १०३४२१४९ |
| | (ख) नेपाल राष्ट्र बैंक | ९३३२ | ८२४८ | ७१६४ | ६०८० | ४९९६ | ३९१३ | २८२९ | २८२९ |
| | (ग) बैंक तथा वित्तीय संस्थाहरू | २३८४९७९ | ३५००२९५ | ४६२२६६६ | ५४६४११३ | ६२५६०५४ | ८३९६४३३ | ८९९६५११ | ८९९६८१० |
| २ | आवद्ध संस्थाहरूको संस्थागत वचत | २४९०८८ | ३९३२६१ | ५४५४०५ | ७५६८७८ | ९८५९१० | १२४६१६३ | १४८७०३३ | १३९३२२४ |
| ३ | जम्मा सापटी र वचत | ४०३८३९९ | ५६१६८०४ | ७७२५२३५ | १०४२७०७१ | १२९३५४६० | १६९८९१७६ | १९१३७३७४ | २०७३५०१२ |
| ४ | सापटीको औसत लागत दर (% मा) | ५.२९% | ४.६४% | २.९९% | २.८९% | ३.८८% | ५.७३% | ५.९१% | ६.४४% |
| ५ | सापटीमा औसत बृद्धि दर (% मा) | १९.०२% | ३९.०८% | ३७.५४% | ३४.९७% | २४.०६% | ३१.३४% | १२.६४% | ८.३५% |

### २.३ ब्याज आम्दानी तथा ब्याज खर्च अवस्था

कर्जा तथा अन्य लगानीमा भएको बृद्धिका कारण आ.व. २०७४/७५ मा वित्तीय संस्थाले कर्जा र अन्य लगानीबाट रु. १ अरब ६० करोड ६१ लाख ब्याज आम्दानी गरेकोमा आ.व. २०७५/७६ मा २४% ले बृद्धि गरी रु. १ अरब ९९ करोड ७ लाख ब्याज आर्जन गर्न सफल भएको छ। कर्जा तथा अन्यमा आ.व. २०७४/७५ मा रु. ८५ करोड ५० लाख ब्याज खर्च भएकोमा आ.व. २०७५/७६ मा २५% ले बढेर रु. १ अरब ७ करोड ८ लाख पुगेको छ। वित्तीय संस्थाको औसत ब्याज आम्दानी दर १०.१५% बाट घटेर प्रतिवेदन वर्षमा ९.९९% हुन पुगेको छ भने औसत ब्याज खर्चतर्फ ५.७३% बाट बढेर ५.९१% हुन पुगेको छ। ब्याज आम्दानी तथा ब्याज खर्चको सङ्क्षिप्त विवरण तालिका – ६ मा प्रस्तुत गरिएको छ।

**तालिका-६: ब्याज आम्दानी तथा ब्याज खर्च** (रु.लाखमा)

| क्र.सं. | विवरण | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| १ | ब्याज आम्दानी | ४०८१ | ५५८४ | ७५०७ | १०९०१ | १६०६१ | १९९०७ |
| २ | ब्याज आम्दानी वृद्धि (ह्रास) % | ८% | ३७% | ३४% | ४५% | ४७% | २४% |
| ३ | ब्याज खर्च | १७७३ | १९९१ | २६२७ | ४५१५ | ८५५० | १०७०८ |
| ४ | ब्याज खर्च वृद्धि (ह्रास) % | -१०% | १२% | ३२% | ७२% | ८९% | २५% |
| ५ | औसत लरर | ४४९९४ | ६७३१५ | ९५६५४ | १२५१४५ | १५४४३१ | १८६७४१ |
| ६ | औसत ब्याज आम्दानी दर % | ९.०६% | ७.८९% | ७.५९% | ८.५७% | १०.१५% | ९.९९% |
| ७ | लिएको औसत कर्जा रकम | ४५०६४ | ६२०१७ | ८४२५० | १०८०९९ | १३८४६३ | १६६९६७ |
| ८ | औसत कर्जा/ब्याज खर्च % | ४.६४% | २.९९% | २.८९% | ३.८८% | ५.७३% | ५.९१% |

### २.४ कर्मचारी तथा अन्य सञ्चालन खर्च

आ.व. २०७४/७५ मा कर्मचारी खर्च रु.५ करोड ५८ लाख रहेकोमा प्रतिवेदन वर्षमा ५.४३ प्रतिशतले बृद्धि भई रु.५ करोड ८८ लाख पुगेको छ। दरबन्दी अनुसार कर्मचारी भर्ना भई नसकेका कारण प्रक्षेपण अनुसार खर्च हुन सकेको छैन। यसै गरी प्रशासनिक खर्च तर्फ आ. व. २०७४/७५ मा रु. ४ करोड ३ लाख रहेकोमा प्रतिवेदन वर्षमा ६.७१ प्रतिशतले बृद्धि भई रु.४ करोड ३० लाख पुगेको छ। विगतका वर्षहरूदेखि भएको कर्मचारी तथा अन्य सञ्चालन खर्चको अवस्था तालिका-७ मा प्रस्तुत गरिएको छ।

**तालिका-७ः कर्मचारी तथा अन्य सञ्चालन खर्च** (रु.हजारमा)

| क्र.सं. | विवरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारी सङ्ख्या | ८१ | ८१ | ८३ | ७८ | ८८ | १०३ |
| | (क) नियमित कर्मचारी | ४२ | ७६ | ७८ | ७३ | ८३ | ९५ |
| | (ख) परियोजनाका कर्मचारी | ३९ | ५ | ५ | ५ | ५ | ८ |
| २ | कर्मचारी खर्च | २७०८७ | ३५८७७ | ४३२३१ | ५३८८३ | ५५७७४ | ५८८०४ |
| | बृद्धि (ह्रास) % | १६% | ३२% | २०% | २५% | ४% | ५% |
| | (क) नियमित कर्मचारी | २५५२७ | ३५८१२ | ४३२३१ | ५३८८३ | ५५७७४ | ५८८०४ |
| | (ख) परियोजनाका कर्मचारी * | १५६० | ६५ | – | – | – | – |
| | औसत लररमा कर्मचारी खर्च % | ०.६०% | ०.५३% | ०.४५% | ०.४३% | ०.३६% | ०.३१% |
| ३ | प्रशासनिक खर्च | २७२०५ | २९३६६ | २७५०५ | ३१९७५ | ४०२५९ | ४२९५९ |
| ४ | औसत लररमा प्रशासनिक खर्च % | ०.६०% | ०.४४% | ०.२८% | ०.२५% | ०.२६% | ०.२३% |
| ५ | जम्मा कर्मचारी प्रशासनिक खर्च | ५४२९२ | ६५२४३ | ७०७२१ | ८५८५९ | ९६०३३ | १०१७६३ |
| ६ | औसत लररमा कर्मचारी प्रशासनिक खर्च | १.२१% | ०.९७% | ०.७४% | ०.६९% | ०.६२% | ०.५४% |
| ७ | बृद्धि (ह्रास) % | ३१% | २०% | ८% | २२% | १२% | ६% |

* *परियोजनाको कर्मचारी खर्चको हकमा वित्तीय संस्थाले व्यहोरेको खर्च मात्र समावेश छ ।*

## २.५ नाफा-नोक्सानको अवस्था

आ.व. २०७४/७५ मा बोनस र कर अघिको कुल नाफा रु. ६१ करोड ७६ लाख रहेकोमा आ.व. २०७५/७६ मा यो रकम रु. ७७ करोड ५० लाख पुगेको छ । बोनस र कर पछिको खुद मुनाफा अघिल्लो आर्थिक वर्षभन्दा २५% ले बृद्धि भई रु. ४९ करोड १५ लाख पुगेको छ । अघिल्लो आ.व.मा कुल सञ्चालन आम्दानीको ५२.३१% खुद मुनाफा भएकोमा प्रतिवेदन वर्षमा पनि ५३.४२% खुद मुनाफा भएको छ । विगतका वर्षहरूदेखिको मुनाफा अवस्था तालिका– ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका-८ः नाफा-नोक्सानको अवस्था** (रु.लाखमा)

| क्र.सं. | विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६ असोज |
|---|---|---|---|---|---|---|---|---|
| १ | खुद ब्याज आम्दानी | २३०८ | ३५९३ | ४८८० | ६३८७ | ७५११ | ९१९९ | २३०६ |
| २ | कुल सञ्चालन आम्दानी | २३२७ | ३५९५ | ४८८३ | ६३९७ | ७५१५ | ९२०१ | २३०६ |
| ३ | जोखिम कोष अघिको सञ्चालन मुनाफा | १७८४ | २९४२ | ४१७९ | ५५३८ | ६५५४ | ८१८४ | २०२७ |
| ४ | सञ्चालन मुनाफा | १६४० | २३९३ | ३४९६ | ५१८३ | ५८८२ | ७४३८ | १९५८ |
| ५ | बोनस र कर अघिको कुल मुनाफा | १८१५ | २४१८ | ३५१४ | ५१९७ | ६१७६ | ७७५० | २१६५ |
| ६ | आयकर व्यवस्था | ५०९ | ६५७ | ९६२ | १४१७ | १६८४ | २१३० | ५९० |
| ७ | खुद नाफा | ११४१ | १५४१ | २२३३ | ३३०८ | ३९३१ | ४९१५ | १३७८ |
| ८ | खुद नाफा वृद्धि % | ३२% | ३५% | ४५% | ४८% | १९% | २५% | |

## २.६ नाफा-नोक्सान बाँडफाँडको अवस्था

आ.व.२०७५/७६ मा आर्जन भएको खुद मुनाफा रु. ४९ करोड १५ लाख १६ हजारमध्ये वैधानिक व्यवस्थाअनुसार साधारण जगेडा कोषमा २०% ले हुने रु. ९ करोड ८३ लाख ३ हजार, कर्मचारी कल्याणकारी कोषमा ५% ले हुने रु.२ करोड ४५ लाख ७६ हजार, संस्था पुनर्स्थापना कोषमा ३% ले हुने रु. १ करोड ४७ लाख ४५ हजार तथा नेपाल राष्ट्र बैंकको परिपत्रअनुसार ग्राहक संरक्षण कोषमा रु. २ करोड १९ लाख ८० हजार र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रु. ४९ लाख १५ हजार व्यवस्था गरी सारिएको छ । संस्थागत सुदृढीकरण कोषमा खुद नाफाको १०% ले हुने रकम मध्ये ग्राहक संरक्षण कोषमा र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याइएको रकम कट्टा गरी रु. २ करोड २२ लाख ५६ हजार व्यवस्था गरी सारिएको छ । यसै गरी बाँकी रहेको रु. ३० करोड ४७ लाख वितरणयोग्य मुनाफामध्ये चुक्ता पुँजी रु. ७८,६०,३४,९१२.११ को २७.२५% ले हुने रु. २१,४१,९४,५१३/५५ को बोनस शेयर र बोनस शेयरको कर समायोजनको लागि १.४३४२१०५२६% को नगद लाभांश रु. १,१२,७३,३९५/४५ गरी जम्मा रु. २२,५४,६७,९०९/- बराबरको मुनाफा वितरण गर्ने गरी सञ्चालक समितिले प्रस्ताव गरेको छ र यसको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृतिसमेत प्राप्त गरिसकेको यहाँ जानकारी गराउँदछु । गत आ.व. मा रु. ३२ करोड ०९ लाख ३१ हजार सञ्चित मुनाफा रहेकोमा प्रतिवेदन वर्षको अन्तमा कुल सञ्चित मुनाफा २४.७३% ले बृद्धि भई रु. ४० करोड ३ लाख ७ हजार पुगेको छ । मुनाफा बाँडफाँडलाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका-९: नाफा नोक्सान बाँडफाँडको अवस्था** (रु.हजारमा)

| क्र.सं. | विवरण | | रकम |
|---|---|---|---|
| १ | आ. व.२०७५/७६ को खुद नाफा | | ४९,१५,१६ |
| २ | जगेडा कोषमा सारिएको | | १८,६७,९३ |
| | (क) साधारण जगेडा कोष (२०%) | ९,८३,०३ | |
| | (ख) कर्मचारी कल्याणकारी कोष (५%) | २,४५,७६ | |
| | (ग) पुनर्स्थापना कोष (३%) | १,४७,४५ | |
| | (घ) संस्थागत सुदृढीकरण कोष | २,२२,५६ | |
| | (ङ) स्थगन कर जगेडा कोष | - | |
| | (च) संस्थागत सामाजिक उत्तरदायित्व कोष | ४९,१५ | |
| | (छ) ग्राहक संरक्षण कोष | २,१९,८० | |
| | (ज) अन्य | १७ | |
| ३ | वितरणयोग्य मुनाफा (१–२) | | ३०,४७,२३ |
| ४ | अघिल्लो वर्षको सञ्चित मुनाफा | | ३२,०९,३१ |
| ५ | लाभांश प्रस्ताव ( शेयर तथा नगद) | | २२,५४,६८ |
| ६ | संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट फिर्ता | | १,२० |
| ७ | हालसम्मको कुलसञ्चित मुनाफा रकम (३+४-५+६): | | ४०,०३,०७ |

## ३. साझेदार संस्थाहरूको प्रगति

### ३.१ वित्तीय संस्थामा आवद्ध संस्थाहरू एवं सेवा विस्तार

ग्रामीण क्षेत्रका विपन्न, सीमान्तकृत तथा साना किसानहरूको स्वामित्व र व्यवस्थापनमा सञ्चालन हुने साना किसान सहकारी संस्था लि. र समान प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरूमार्फत लक्षित वर्गमा लघुवित्त सेवा पुऱ्याउन त्यस किसिमका संस्थाहरूको निर्माण र वित्तीय संस्थासँग आबद्ध गराउने कुरालाई महत्व दिइएको छ । आ.व. २०७४/७५ को अन्त्यसम्ममा ६८० वटा संस्थाहरू यस वित्तीय संस्थासँग आबद्ध रहेकोमा आ. व. २०७५/७६ को अन्त्यसम्ममा ७० ले वृद्धि भई ७५० पुगेको छ। साना किसान सहकारी अनुसरणका माध्यमबाट २३० वटा संस्था स्थापना हुने क्रममा छन् । आवद्ध संस्थाहरूमा १,०६,९१८ समूहमा ७,२८,८९३ विपन्न तथा साना किसान परिवार आबद्ध रहेका छन् र स्थापनाका क्रममा रहेका संस्थाहरूमा समेत गरी अहिले ७ लाख २० हजार भन्दा बढी परिवार संलग्न रहेका छन् । यसै क्रममा देशको विभिन्न ग्रामीण भेगहरूमा साना किसान सहकारी संस्थाहरू निर्माण गरिदिन धेरै माग आइरहेको छ। यस वित्तीय संस्थासँग आबद्ध संस्थाहरूका केही सूचक र तथ्याङ्कहरू तालिका - १० मा प्रस्तुत गरिएको छ।

**तालिका - १० : लघुवित्त वित्तीय संस्थामा आवद्ध संस्थाका केही तथ्याङ्क**

| क्र. सं. | विवरण | २०७० /७१ | २०७१ /७२ | २०७२ /७३ | २०७३ /७४ | २०७४ /७५ | २०७५ /७६ |
|---|---|---|---|---|---|---|---|
| १ | आबद्ध संस्था सङ्ख्या | ४२८ | ५१० | ६०२ | ६५५ | ६८० | ७५० |
| २ | महिला संस्था सङ्ख्या | १२६ | १९३ | २२५ | २४८ | २५७ | ३१० |
| ३ | समूह सङ्ख्या | ४५,६३८ | ६०,३३४ | ७७,३७८ | ८६,७३१ | ९७,७२२ | १०६,९१८ |
| ४ | सदस्य सङ्ख्या | ३७६,९५७ | ४६०,५९० | ५४१,६५२ | ६४९,७१९ | ६७०,८६६ | ७२८,८९३ |
| ५ | महिला सदस्य % | ७०% | ७२% | ७६% | ७७% | ७४.७३% | ७९.००% |
| ६ | अनुसरित आवद्ध हुन बाँकी संस्था संख्या | १४ | ३८ | ८८ | १३६ | २३४ | २३० |

### ३.२ आवद्ध संस्थाहरूका केही वित्तीय सूचकहरू

वित्तीय संस्थाले लघुवित्त सेवा प्रदान गरेका संस्थाहरूको आ.व. २०७५/७६ को अन्तसम्ममा लगानीमा रही रहेको कर्जा रु. ४९ अर्ब ८० करोड ९२ लाख पुगेको छ, जसमध्ये आबद्ध संस्थाहरूले रु. ३२ अर्ब ८५ करोड ११ लाख (६६%) आन्तरिक पुँजी निर्माण गरी परिचालन गरेका छन् । यस तथ्यबाट संस्थाहरूको आत्मनिर्भरता र वित्तीय सक्षमतामा वृद्धि भएको पुष्टि हुन्छ । २०७६ साल असार मसान्तसम्ममा संस्थाहरूको कर्जा असुली दर ९७% कायम रहनुले संस्थाको वित्तीय स्वास्थ्य एवं वित्तीय संस्थाको जोखिमको अवस्था बुझ्न सहज बनाउँछ । आबद्ध संस्थाहरूका केही वित्तीय सूचकहरूलाई तालिका नं ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका - ११ : लघुवित्त वित्तीय संस्थामा आवद्ध संस्थाका केही तथ्याङ्क**

| क्र.सं. | विवरण | २०७० /७१ | २०७१ /७२ | २०७२ /७३ | २०७३ /७४ | २०७४ /७५ | २०७५ /७६ |
|---|---|---|---|---|---|---|---|
| १ | शेयर पुँजी (रु. लाखमा) | १४६१८ | २०३२४ | २६७९६ | ३५२०४ | ४४२७१ | ५१५२३ |
| २ | कुल आन्तरिक पुँजी निर्माण (रु. लाखमा) | ९१२०५ | १३२४६६ | १६२९५७ | २२९४२७ | २७९३१४ | ३२८५११ |
| ३ | लगानीमा रहिरहेको कर्जा (रु. लाखमा) | १४६९०५ | २०७३४८ | २७७२७३ | ३४८२१४ | ४३५१२८ | ४९८०९२ |
| ४ | लगानीमा रहिरहेको बृद्धि % | ४१% | ४१% | ३४% | २६% | २५% | १४% |
| ५ | कर्जा असुली दर % | ९७.६८% | ९७.३७% | ९७.९०% | ९६.९१% | ९७.६३% | ९७.०८% |

## ३.३ आवद्ध संस्थाहरूको क्षेत्रगत रूपमा विश्लेषण

भौगोलिक हिसाबमा वित्तीय संस्थाले १० वटा हिमाली जिल्लाका ९३ वटा सहकारी संस्थामार्फत हाल ३३ गाउँपालिका एवं १४ नगरपालिका भित्र पर्ने ९ हजार ६ सय १० समूहमा आबद्ध १ लाख ४ हजार २ सय ३६ परिवारलाई सेवा पुऱ्याउन सकेको छ। तराईका २१ जिल्लामा सबैभन्दा बढी ३६६ वटा संस्थाहरूले हाल ६३ गाउँपालिका र १२३ वटा नगरपालिका भित्र ६७ हजार ९ सय ५९ समूहमा आबद्ध ४ लाख ६ हजार ७ सय ७७ परिवारलाई आबद्ध गराई सेवा प्रदान गर्दै आइरहेका छन्। त्यस्तै ३९ वटा पहाडी जिल्लामा रहेका २९१ संस्थामार्फत हाल १०२ गाउँपालिका र ८५ नगरपालिकाभित्र २९ हजार ३ सय ४९ समूहमा आबद्ध २ लाख १७ हजार ८ सय ८० परिवारमा सेवा पुऱ्याइएको छ । यसरी अहिलेसम्म यो कार्यक्रमले देशका कुल ७ लाख २८ हजार ८ सय ९३ परिवारलाई समेटेको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्थामा आवद्ध सहकारी संस्थाहरुले हिमालका ३३ गाउँपालिका तथा १४ नगरपालिकामा रु. ५ अर्व ७२ करोड ७८ लाख, पहाडका १०२ गाउँपालिका तथा ८५ नगरपालिकामा रु.९ अर्व ९८ करोड ६६ लाख र तराईका ६३ गाउँपालिका तथा १२३ नगरपालिकामा रु.३४ अर्व ९ करोड ४७ लाख गरी कुल १९८ गाउँपालिका तथा २२२ नगरपालिकामा ७५० संस्थामार्फत रु.४९ अर्व ८० करोड ९ लाख बराबरको वित्तीय स्रोत ऋणको रूपमा लगानीमा रहेको छ । यो मध्ये ६६% वित्तीय स्रोत आन्तरिक रूपमा पुँजी निर्माण गरी परिचालन गर्न संस्थाहरू सक्षम भएका छन् । यी संस्थाहरूले ५ अर्व १५ करोड २३ लाख शेयर पुँजी सङ्कलन गरेका छन् । यो कुल लगानीमा रहेको रकमको १० प्रतिशतभन्दा बढी हो ।

प्रदेशका आधारमा प्रदेश नं १ का १३ जिल्लामा १३२ वटा सहकारी संस्थामार्फत ३९ वटा गाउँपालिका र ३५ वटा नगर पालिकाभित्र १७ हजार ५ सय २५ समूहमा आबद्ध १ लाख १९ हजार ५ सय २५ परिवारमा सेवा पुगेको छ। त्यस्तै गरी प्रदेश नं २ का ८ जिल्लामा ११२ वटा सहकारी संस्थामार्फत ४९ वटा गाउँपालिका र २२ वटा नगरपालिकाभित्र १८ हजार ३ सय ६७ समूहमा आबद्ध ९५ हजार ७ सय ५६ परिवारमा सेवा पुगेको छ। प्रदेश नं ३ का १३ जिल्लामा १६२ वटा सहकारी संस्थामार्फत २७ वटा गाउँपालिका र ५१ वटा नगरपालिकाभित्र २० हजार ६ सय ९९ समूहमा आबद्ध १ लाख २९ हजार ८ सय ९७ परिवारमा सेवा पुगेको छ । गण्डकी प्रदेशका १० जिल्लामा ८० वटा सहकारी संस्थामार्फत २२ वटा गाउँपालिका र २५ वटा नगर पालिकाभित्र ११ हजार ४२ समूहमा आबद्ध ६६ हजार १ सय २६ परिवारमा सेवा पुगेको छ। प्रदेश नं ५ का १३ जिल्लामा १८१ वटा सहकारी संस्थामार्फत ३३ वटा गाउँपालिका र ५६ वटा नगरपालिकाभित्र २७ हजार ६ सय ९२ समूहमा आबद्ध १ लाख ६७ हजार १३ परिवारमा सेवा पुगेको छ। कर्णाली प्रदेश का ६ जिल्लामा ४२ वटा सहकारी संस्थामार्फत १४ वटा गाउँपालिका र २० वटा नगरपालिकाभित्र ४ हजार ७२ समूहमा आबद्ध २५ हजार २ सय ५८ परिवारमा सेवा पुगेको छ। सुदूर-पश्चिम प्रदेश का ७ जिल्लामा ४१ वटा सहकारी संस्थामार्फत १४ वटा गाउँपालिका र १३ वटा नगरपालिकाभित्र ७ हजार ५ सय २१ समूहमा आबद्ध ५४ हजार ७ सय ३७ परिवारमा सेवा पुगेको छ।

**तालिका - १२ : वित्तीय संस्थामा आवद्ध संस्थाहरूको अवस्थिति तथा अवस्था (२०७६ असार मसान्त)**

| प्रदेश | जिल्ला संख्या | सहकारी संस्था | गाउँपालिका संख्या | नगर/उप महा नगर/महानगर पालिका संख्या | जम्मा पालिका संख्या | कुल समूह संख्या | महिला सदस्य संख्या | जम्मा घर परिवार संख्या | ऋणी संख्या | शेयर पुँजी (रु. हजारमा) | कुल आन्तरिक स्रोत (रु. हजारमा) | कुल लगानीमा रहेको रकम (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | १३ | १३२ | ३९ | ३५ | ७४ | १७,५२५ | ९१,५९१ | ११९,५५२ | ५८,४८९ | १,०५२,८६८ | ५,६७८,२१० | ७,७१३,२३३ |
| प्रदेश २ | ८ | ११२ | ४९ | २२ | ७१ | १८,३६७ | ७३,११७ | ९५,७५६ | ५९,४९१ | ६९४,६४४ | ४,४०३,३०७ | ८,०७५,६०४ |
| प्रदेश ३ | १३ | १६२ | २७ | ५१ | ७८ | २०,६९९ | १२९,८९७ | १७३,९४० | ८०,११६ | १,०४१,२३१ | ७,६०६,१६१ | ११,०३८,०५२ |
| गण्डकी | १० | ८० | २२ | २५ | ४७ | ११,०४२ | ६६,१२६ | ९२,६३७ | ३५,९९८ | ६७७,७९७ | ३,७१९,७१६ | ५,४७३,१५८ |
| प्रदेश ५ | १३ | १८१ | ३३ | ५६ | ८९ | २७,६९२ | १४०,११२ | १६७,०१३ | ७७,०९१ | १,२२४,५६६ | ८,७५९,२७१ | १३,५८३,१५१ |
| कर्णाली | ६ | ४२ | १४ | २० | ३४ | ४,०७२ | २२,८६५ | २५,२५८ | १२,२२८ | १५७,५०८ | ९१४,७०७ | १,२७१,८७९ |
| सुदुर पश्चिम | ७ | ४१ | १४ | १३ | २७ | ७,५२१ | ४४,७८६ | ५४,७३७ | २२,७९३ | ३०३,६९८ | १,७६९,७२० | २,६५४,१६९ |
| जम्मा | ७० | ७५० | १९८ | २२२ | ४२० | १०६,९१८ | ५६८,४९४ | ७२८,८९३ | ३४६,२०६ | ५,१५२,३१३ | ३२,८५१,०९३ | ४९,८०९,२४६ |
| भौगोलिक क्षेत्र | | | | | | | | | | | | |
| हिमाल | १० | ९३ | ३३ | १४ | ४७ | ९,६१० | ६८,७७६ | १०४,२३६ | ८८,८९८ | ६५७,६२१ | ४,३२४,६५४ | ५,७२७,८१९ |
| पहाड | ३९ | २९१ | १०२ | ८५ | १८७ | २९,३४९ | १७२,४१० | २१७,८८० | ४८,०२९ | १,२६४,९५३ | ६,९३१,६९१ | ९,९८६,६८५ |
| तराई | २१ | ३६६ | ६३ | १२३ | १८६ | ६७,९५९ | ३२७,३०८ | ४०६,७७७ | २०९,२७९ | ३,२२९,७३८ | २१,५९४,७४७ | ३४,०९४,७४२ |
| **कुल जम्मा** | ७० | ७५० | १९८ | २२२ | ४२० | १०६,९१८ | ५६८,४९४ | ७२८,८९३ | ३४६,२०६ | ५,१५२,३१३ | ३२,८५१,०९३ | ४९,८०९,२४६ |

### ३.४ महिला सहभागिता

यस वित्तीय संस्थामा आबद्ध साना किसान सहकारी संस्था र समान प्रकृतिका अन्य लघुवित्त कार्य गर्ने संस्थाहरूमा आबद्धमध्ये ७८% सदस्यहरू महिला रहेका छन् । महिला मात्र सहभागी भई सञ्चालन गरेका सहकारी संस्थाहरूको संख्या हिमाली जिल्लामा २३, पहाडी जिल्लामा १५९ र तराईका जिल्लामा १२८ गरी कुल ३१० पुगेको छ भने यी संस्थाले हाल ९८ गाउँपालिका तथा ११६ नगरपालिकामा  सेवा विस्तार गरेका छन् । यी संस्थामा २ लाख ४२ हजार ४ सय ६ परिवार आबद्ध रहेका छन् । यी महिला संस्थाहरूको मात्र लगानीमा रहेको ऋण रु.१२ अर्व ४६ करोड पुगेको छ । यी संस्थाहरूमा भा.ना. कर्जा १.५ प्रतिशत भन्दा कम रहेको छ । महिला साना किसान सहकारी संस्थाहरूको अवस्थिति एवं अवस्था तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका - १३ : महिला साना किसान सहकारी संस्थाहरुको अवस्थिति (२०७६ असार मसान्त)**

| प्रदेश | सहकारी संस्था | जिल्ला संस्था | गाउपालिका संस्था | नगरर उप महा( नगररमहानगर पालिका संस्था | जम्मा पालिका संस्था | ऋणी संस्था | कुल सदस्य संस्था | शेयर पुँजी रु. हजारमा | कुल आन्तरिक पुँजी रु. हजारमा | लगानीमा रहिरहे को रकम रु. हजारमा | भा.ना. रकम रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | ३८ | ८ | १६ | १७ | ३३ | १७,४६९ | ३३,१८७ | २२४,९७३ | १,०८३,७७९ | १,८१६,७५१ | ४७,५२४ |
| प्रदेश २ | ४० | ७ | ६ | २१ | २७ | १५,८८० | २७,०१२ | ११९,३५३ | ५९७,८१४ | १,२७७,९६३ | १८,०१६ |
| प्रदेश ३ | ६६ | ८ | २३ | १६ | ३९ | ३३,३१२ | ५६,२८१ | २९६,९७४ | १,८३२,३४७ | ३,१५२,८२१ | २८,१६३ |
| गण्डकी | २२ | ५ | ६ | १२ | १८ | ८,११९ | १६,६९६ | ८४,६४५ | ५२८,०८२ | ८८४,४२४ | १६,४३४ |
| प्रदेश ५ | ९८ | ११ | ३४ | २७ | ६१ | ३४,८१७ | ७२,७३४ | ४२३,५१२ | २,३४२,२७७ | ३,६८९,१८६ | ३६,१७९ |
| कर्णाली | २५ | ७ | ७ | ११ | १८ | ६,८४८ | १३,३७७ | ७५,८०१ | ४५६,९१३ | ५९०,३४९ | २०,८३७ |
| सुदुर पश्चिम | २१ | ४ | ६ | १२ | १८ | ११,७३१ | २३,११९ | १३३,०४८ | ६११,९४५ | १,०४८,६८२ | १७,४७३ |
| जम्मा | ३१० | ५० | ९८ | ११६ | २१४ | १२८,१७६ | २४२,४०६ | १,३५८,३०६ | ७,४५३,१५७ | १२,४६०,१७६ | १८४,६२५ |
| भौगोलिक क्षेत्र | ३७ | ११ | ९ | १३ | १७३९६ | ३६४१२ | १७२१४५ | १३८८४९१ | २०८८३७७ | १४१६१ | |
| हिमाल | २३ | ५ | १२ | ४ | १६ | १४,८९४ | १८,३१७ | १०१,७७७ | ५५१,८७४ | ८६९,४७८ | ११,५१४ |
| पहाड | १५९ | २३ | ५० | ४४ | ९४ | ३५,८८० | ७९,१४६ | ३६९,८३० | १,८२५,५९१ | २,९३०,६७४ | ४२,४१९ |
| तराई | १२८ | २२ | ३६ | ६८ | १०४ | ७७,४०२ | १४४,९४३ | ८८६,६९९ | ५,०७५,६९२ | ८,६६०,०२४ | १३०,६९३ |
| कुल जम्मा | ३१० | ५० | ९८ | ११६ | २१४ | १२८,१७६ | २४२,४०६ | १,३५८,३०६ | ७,४५३,१५७ | १२,४६०,१७६ | १८४,६२५ |

यी संस्थाहरूले कुल लररको ६०% रकम आन्तरिक पुँजी निर्माणबाट पुरा गरेका छन् भने रु.१ अर्व  ३५ करोड ८३ लाख ६ हजार शेयर पुँजी सङ्कलन भएको छ । यी संस्थाहरूको असुली दर उच्च हुनु, सञ्चालन खर्च कम हुनु, सक्रिय सहभागिता रहनु, महिलाहरूको सशक्तीकरण हुनु जस्ता कुराहरूले गर्दा वित्तीय संस्थाले आगामी दिनहरूमा पनि महिला सहभागितालाई महत्व दिई कार्यक्रम विस्तार गर्ने रणनीति लिएको छ ।

## ४. राष्ट्रिय/ अन्तर्राष्ट्रिय परिदृष्य

### ४.१ लघुवित्तको विश्व प्रसंग र साना किसान विकास अभियानः

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा लघुवित्तका विभिन्न मोडेलहरु अवलम्बन गरिएका छन् । ती मोडलहरु भन्दा साना किसान विकास कार्यक्रमले अवलम्बन गरेको मोडेल भिन्न छ । यो सेवा प्रदायक मोडेल नभएर लक्षित वर्गको स्वामित्व निर्माण एवं सहभागित(त्मक मोडेल पनि हो । यसका लागि ग्रामीण साना किसान सहकारी संरचनाको प्रणाली विकास भएको छ । विगत केही वर्षदेखि लघुवित्तको सन्दर्भलाई लिएर विश्वस्तरमा केही गम्भिर बहसहरु सुरु भएका छन् । लघुवित्त क्षेत्रमा सन् २०१० मा देखिएको विचलन र त्यस यता भएका सुधारका कदमहरुलाई यस वित्तीय संस्थाले गम्भिरताका साथ लिएको छ । स्थानीय स्तरमा संस्था एवं स्वामित्व सिर्जना, स्थानीय पुँजी निर्माण, सहकारी सिद्धान्त, मूल्य मान्यता र ग्राहक संरक्षण सिद्धान्त अनुपालनलाई महत्व दिईएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी एवं अनुसन्धानहरुमा क्रमशः साना किसान मोडेलको पहिचान र प्रसार विस्तार हुँदै गएको छ । विश्वव्यापीकरणका लागि यसको प्राज्ञिक पक्षमा अझ धेरै मेहनत गर्न बाँकी नै छ ।

### ४.२ राष्ट्रिय आर्थिक परिदृष्य

आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार नेपालको आर्थिक वृद्धि उत्साहजनक रहेको छ । आपूर्ति प्रणालीमा आएको सुधार, ऊर्जाको उपलब्धता एवं व्यापार क्षेत्रको विस्तार र निर्माण कार्यले गति लिन थालेकोले समग्र आर्थिक गतिविधिमा सुधार भएको छ । फलस्वरुप, चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा कुल गार्हस्थ उत्पादन ७.० प्रतिशतले बढ्ने अनुमान छ ।

आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ७.१ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । कृषि उत्पादनमा वृद्धि, ऊर्जा आपूर्तिमा सहजता, निर्माण कार्यमा तीव्रता, औद्योगिक उत्पादन विस्तार तथा पर्यटक आगमन बढेका कारण आर्थिक वृद्धि उच्च रहेको हो । आर्थिक वर्ष २०७३/७४ देखि मुलुक लगातार उच्च आर्थिक वृद्धिको मार्गमा अगाडि बढेको छ । मुद्रास्फीति नियन्त्रणमा रहेको छ भने वित्तीय पहुँच विस्तार उत्साहप्रद रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारले कुल आन्तरिक ऋण रु. ९६ अर्ब ३८ करोड परिचालन गरेको छ भने भुक्तानी रु. ३४ अर्ब ३१ करोड गरेको छ। सो अवधिमा नेपाल सरकारले रु. ६२ अर्ब ७ करोड खुद आन्तरिक ऋण परिचालन गरेको छ। उक्त रकम कुल गार्हस्थ्य उत्पादनको १.८ प्रतिशत हुन आउँछ।

आ.व.२०७५/७६ मा कृषि र गैर कृषि क्षेत्रको उत्पादन क्रमशः ५.० प्रतिशत र ७.५ प्रतिशतले बढ्ने अनुमान छ। अर्थतन्त्रको आकारमा सेवा क्षेत्रको अंश बढ्दै गएको छ भने कृषिको अंश घट्दो रहेकोले अर्थतन्त्रको संरचनामा परिवर्तन भइरहेको छ । आर्थिक वर्ष २०७५/७६ को कुल गार्हस्थ उत्पादनमा कृषि र गैर कृषि क्षेत्रको योगदान क्रमशः २८.७७ प्रतिशत र ७१.२२ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश उच्च रहदै आएको छ। चालु आर्थिक वर्ष २०७५/७६ को कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश ७९.५ प्रतिशत रहने अनुमान छ। यस्तो अंश अघिल्लो आर्थिक वर्षमा ८२.२ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिअनुसार विगत दुई वर्षयता नेपालको मुद्रास्फीति नियन्त्रित रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा ४.२ प्रतिशत रहेको औसत उपभोक्ता मुद्रास्फीति दर आर्थिक वर्ष २०७५/७६ को एघार महिनामा ४.५ प्रतिशतमा बढेको छ।

प्रत्येक वर्ष ५ लाखभन्दा बढी श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने तर रोजगारीका अवसरहरू सिर्जना हुन नसक्दा ठूलो संख्यामा युवा शक्ति वैदेशिक रोजगारमा जाने क्रम बढ्दो छ। श्रमशक्ति सर्वेक्षण, २०७४ अनुसार हाल नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । यी सारा तथ्यहरूले कृषिलाई बढी व्यावसायिकरण र आधुनिकीकरण गर्ने, मूल्य श्रृङ्खला स्थापित गर्ने र सीप, लगानी र पुँजीको समुचित सम्मिश्रणका लागि स्थानीय रुपमा किसानहरूको संस्थागत विकास गराउने कार्यमा अझ जोड दिनुपर्ने अवस्था देखाउँछ। निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको जीवनस्तर माथि उठाई देशका स्वाभीमानी नागरिकको रुपमा बाँच्न सक्षम बनाउनु पर्ने आजको प्रमुख आवश्यकता र चुनौती भएकोले नेपाल सरकारले आवधिक विकास योजनाहरूमा ग्रामीण विकास र गरिबी निवारण कार्यक्रमलाई प्राथमिकता दिदैं आएको छ।

यी तथ्यहरुले कृषिलाई बढी व्यावसायिकरण र आधुनिकीकरण गर्ने, मुल्य श्रृङ्खला स्थापित गर्ने, सीप, लगानी, र पुँजीको समुचित सम्मिश्रणका लागि स्थानीय रुपमा किसानहरुको संस्थागत विकास गराउने कार्यमा अझ जोड दिनु पर्ने अवस्था देखाउँछ । निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको जीवनस्तर माथि उठाई देशका स्वाभीमानी नागरिकको रुपमा बाँच्न सक्षम बनाउनु पर्ने आजको प्रमुख आवश्यकता र चुनौती भएकोले नेपाल सरकारको आवधिक विकास योजनाहरुमा ग्रामीण विकास र गरिबी निवारण कार्यक्रमलाई प्राथमिकता दिईंदै आएको छ।

### ४.३ लघुवित्तको अवस्था

क) राष्ट्रिय आर्थिक परिदृष्य : नेपालको संघीय प्रणालीमा संघ, ७ प्रदेश, ७५३ स्थानीय तह र ७७ जिल्ला रहेका छन् । कुल ७५३ स्थानीय तहमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । यी निकायहरूको गठनबाट साना किसान कृषि सहकारी संस्थाको आधारभुत गठन र संगठनगत कार्यक्षेत्रमा समेत प्रभाव पारेको छ।

आ.व. २०७५/७६ को फागुन मसान्तसम्म सहकारी संस्थाहरुको संख्या ३४ हजार ७ सय ३७ सहकारी संस्थाहरु (बचत तथा ऋण सहकारी संस्थाको संख्या १३ हजार ९ सय १७), शेयर सदस्य संख्या ६५ लाख १२ हजार ३ सय ४० र शेयर पुँजी रु.७६ अर्ब ३४ करोड रहेको छ। यसै गरी रु. ३ खर्ब ४५ अर्ब ५९ करोड बचत परिचालन भई रु. ३ खर्ब ३२ अर्ब ७१ करोड ऋण परिचालन भएको छ। सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न इजाजतप्राप्त गरेका सहकारी संस्थाहरुको इजाजत पत्र २०७५ साउनदेखि लागू हुने गरी रद्द गरिएको छ।

राष्ट्रियस्तरको स्वीकृति प्राप्त २८ वटा लघुवित्त संस्थामध्ये ४ वटा थोक कर्जा प्रदायक छन्। २०७५ पौषसम्ममा ७२ वटा लघुवित्त संस्थाहरूको कुल कर्मचारी संख्या १४ हजार १ सय ८ मध्ये उपल्लो १० वटामा ३७ प्रतिशत र साना किसानको ०.६ प्रतिशत रहेको छ

आ.व. २०७५/७६ सम्ममा नेपालको संघीय संरचना अनुसार तीनवटै तहमा निर्वाचन सम्पन्न गर्दाको कारणले पुँजीगत खर्च बढ्न नसकेको एवम् निजी क्षेत्रको आर्थिक गतिविधि संकुचित रहेको, अपेक्षित रुपमा कर्जाको माग अनुसार कर्जा आपूर्ती हुन नसकेको स्थिति रहेको थियो । बैंक तथा वित्तीय संस्थाहरुलाई पुँजी बृद्धिको अनिवार्यताले हठात नाफा बृद्धि गर्नुपर्ने दबाब सिर्जना भएकोछ। जसले गर्दा कर्जा लगानी अत्यधिक बढाउनु पर्ने, सीडी अनुपात कायम गर्न कठिन हुने आदि अवस्था सिर्जना भई बजारमा यो वर्षको शुरुदेखि नै तरलताको अभाव हुन गएकोछ। बैंक तथा वित्तीय संस्थामा ब्याज दरमा भएको यो बृद्धिले विपन्न क्षेत्र कर्जामा ठूलो असर पारेकोछ।

(ख) लघुवित्तका लागि पुँजी निर्माण :

आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार नेपालको आर्थिक वृद्धि उत्साहजनक रहेको छ। राजनैतिक स्थायित्व कायम भएसँगै लगानीको वातावरणमा आएको सुधार, विद्युतको नियमित उपलब्धता तथा स्थानिय तहबाट पनि विकासका गतिविधि बढेका कारण समेत अर्थतन्त्र उच्च आर्थिक वृद्धिको मार्गमा अघि बढेको छ । आर्थिक क्रियाकलापमा भएको विस्तारका कारण प्रतिव्यक्ति आम्दानी बढेको छ। कुल ग्राहस्थ उत्पादनमा भएको वृद्धि सँगै बचत गर्ने क्षमता पनि बढेको छ। आम्दानीमा भएको वृद्धि र वास्तविक ब्याजदर सकारात्मक रहेको अवस्था तथा वित्तीय क्षेत्रको

सन्तुलित एवम् समावेशी विकासको परिणामस्वरुप कुल गार्हस्थ बचत बढ्दै गई २०.५ प्रतिशत पुगेको छ। यसले राष्ट्रिय पुँजी निर्माणमा योगदान पुगेको। निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्या १८.७ प्रतिशत रहेको अनुमान छ। आ.व. २०७५/७६ मा कुल लगानी २९.० प्रतिशतले वृद्धि भई रु. २१ खर्ब ५७ अर्ब १८ करोड हुने अनुमान छ भने प्रतिव्यक्ति आय रु.१ लाख १७ हजार ४ सय ५५ (अमेरिकी डलर १,०३४) पुग्ने अनुमान छ।

आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार २०७५ चैत्रसम्ममा बैंक तथा वित्तीय संस्थाहरूमा रु. ३० खर्ब ८ अर्ब ६१ करोड २५ लाख निक्षेप मौज्दात छ भने रु.३१ खर्ब ७५ अर्ब ७९ करोड ४१ लाख कर्जा लगानीमा रहेकोछ। कुल निक्षेपमा वाणिज्य बैंकहरूको बजार हिस्सा ८८% रहेको छ भने कर्जामा ८७% रहेको छ। यसको औसतमा ३.९% ले हुने रकम करिब रु. १ खर्ब लघुवित्त संस्थाहरुका लागि वित्तीय स्रोत उपलब्ध छ। यसको झण्डै ९% हिस्सा साना किसान विकास लघुवित्त वित्तीय संस्थाले उपयोग गरिरहेको छ। यसका अतिरिक्त गाउँ गाउँमा स्थापित सहकारी संस्थाहरुले समेत स्थानीय रुपमा पुँजी निर्माण गरी लघुवित्त क्षेत्रमा परिचालन गर्न थालेका छन्। साना किसान कृषि सहकारी संस्थाहरुले मात्र स्थानीय तहमा निर्माण गरेको पुँजी रु. ३२ अर्ब ८५ करोड पुगेको छ।

"सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रवाह गरिएको कर्जामध्ये २०७६ जेठ मसान्तसम्ममा कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत १५,९१६ जना ऋणीको रु. २९ अर्ब ३६ करोड कर्जा बक्यौता रहेको छ। त्यसैगरी, सो कार्यविधिमा व्यवस्था भएका अन्य क्षेत्रतर्फ प्रवाह भएको कर्जामध्ये ७६६ जना ऋणीको रु. ४१ करोड ३२ लाख कर्जा बक्यौता रहेको छ। नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि कुल रु. १ अर्ब २५ करोड ब्याज अनुदान प्रदान गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को बजेटले लक्षित गरेको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा वित्तीय साधनको उपलब्धतालाई प्रोत्साहन गरिएको छ।

### (ग) वित्तीय पहुँच विस्तारमा लघुवित्त क्षेत्र अग्रणी :

२०७६ बैशाखमा लघुवित्त वित्तीय संस्थाहरुको कुल बचत सदस्यको संख्या ४१ लाख ५८ हजार र ऋणीको संख्या २६ लाख १३ हजार पुगेको छ। यसैगरी यी संस्थाहरुले रु. ७९ अर्ब ५९ करोड बचत संकलन र रु. २२५ अर्ब ७ करोड कर्जा प्रवाह गरेका छन्।

मुलुकले अवलम्बन गरेको दीर्घकालीन विकासका लक्ष्यहरुसँग सामञ्जस्यता कायम गर्ने गरी वित्तीय क्षेत्र विकास रणनीति तथा नेपाल राष्ट्र बैंकको रणनीतिक योजना बमोजिम वित्तीय क्षेत्र व्यवस्थापन गरिनेछ। वित्तीय सुशासन र सम्वर्द्धन (Financial Governance and Consolidation) लाई जोड दिंदै भुक्तानी प्रणालीको आधुनिकीकरण मार्फत वित्तीय पहुँच अभिवृद्धि गर्ने वित्तीय क्षेत्र कार्यक्रमको उद्देश्य हुनेछ।

नेपाल सरकार र यस बैंकको बीउपुँजी लगानीमा स्थापना भई नेपाल राष्ट्र बैंकमार्फत संचालन हुँदै आएको ग्रामीण स्वावलम्बन कोष कार्यक्रमको संचालन साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत हुने गरी हस्तान्तरण गरिएको छ।

२०७६ जेठ मसान्तसम्ममा वाणिज्य बैंकहरुको शाखा संख्या ३५३९, विकास बैंकहरुको १२५०, वित्त कम्पनीहरुको २०५ र लघुवित्त वित्तीय संस्थाहरुको ३५७० गरी कुल शाखा संख्या ८५६४ पुगेको छ। २०७५ जेठ मसान्तमा यस्तो संख्या ६४१४ रहेको थियो। २०७६ जेठ मसान्तको तथ्याङ्कलाई आधार मान्दा बैंक तथा वित्तीय संस्थाको एक शाखाबाट औसतमा ३४११ जनसंख्याले सेवा लिनसक्ने अवस्था रहेको छ। २०७५ जेठ मसान्तमा यस्तो संख्या ४४९३ रहेको थियो। २०७६ बैशाख मसान्तमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा रहेको निक्षेप खाता संख्या २ करोड ७३ लाख तथा कर्जा खाता संख्या १४ लाख ५४ हजार पुगेको छ। २०७६ बैशाखमा लघुवित्त वित्तीय संस्थाहरुको कुल बचत सदस्यको संख्या ४१ लाख ५८ हजार र ऋणीको संख्या २६ लाख १३ हजार पुगेको छ। यसै गरी यी संस्थाहरुले रु. ७९ अर्ब ५९ करोड बचत संकलन र रु. २२५ अर्ब ७ करोड कर्जा प्रवाह गरेका छन्।

२०७६ असार सम्ममा "घ" वर्गका ९० लघुवित्त संस्थाहरु मध्ये ४ वटाले थोक र अन्यले खुद्रा वित्तीय सेवा उपलब्ध गराउँदछन्। साना किसान विकास लघुवित्त वित्तीय संस्था थोक कर्जा प्रदायक संस्था हो। २०७६ असार सम्ममा ९० वटा लघुवित्त संस्थाहरूको कुल कर्मचारी संख्या १७ हजार ३ सय ६२ मध्ये यस वित्तीय संस्थाको कर्मचारी हिस्सा ०.५३% रहेको छ। त्यस्तै कुल कर्जा बाँकी २ खर्ब ३५ अर्ब १५ करोड ३३ लाख ६२ हजार मध्ये यस वित्तीय संस्थाको ८.७०% रहेको छ भने भाखा नाघेको कर्जा रु. ३ अर्ब १० करोड ५९ लाख ५५ हजार मध्ये यस वित्तीय संस्थाको ०.४९% रहेको छ। राष्ट्रिय स्तरको स्वीकृति प्राप्त ४१ वटा लघुवित्त संस्था मध्ये ४ वटा थोक कर्जा प्रदायक छन्।

२०७६ असार मसान्त सम्ममा साना किसान विकास लघुवित्त वित्तीय संस्था अन्तरगतका संस्थाहरूमा मात्र ७ लाख २८ हजारसदस्यहरू आवद्ध भएका छन् भने बाँकी ८६ वटा खुद्रा वित्तीय सेवा उपलब्ध गराउने लघुवित्त संस्थाहरूमा ४३ लाख ३० हजार सदस्य आवद्ध भएका छन्। यस प्रकार कुल लाभान्वित सदस्य संख्याको १७% साना किसान नेटवर्कबाट लाभान्वित भएका छन्। कुल लाभान्वित संख्यामध्ये यस वित्तीय संस्थाको लघुवित्त सेवाबाट लाभान्वित हुने संख्या गत वर्षमा १९% रहेको थियो। नयाँ लघुवित्त संस्थाहरूको विस्तार हुनु, लघुवित्त क्षेत्रमा दोहोरो सेवा लिनेको संख्या बढ्दै जानु र साना किसान सहकारी संस्था संख्याको वृद्धिदर विगत लामो अवधि देखि स्थिर वा ह्रासोन्मुख हुनु यसका कारणहरू रहेका छन्।

२०७६ असार सम्ममा ८६ वटा खुद्रा कर्जा लगानी गर्ने लघुवित्त संस्थाहरुको कर्जा लगानी १ खर्ब ९८ अर्ब रहेको छ। थोक कर्जा लगानी गर्ने ४ वटा लघुवित्त संस्थाहरुको लरर यस अवधिमा ३६ अर्ब ७८ करोड पुगेकोमा साना

किसान विकास लघुवित्त वित्तीय संस्थाको रु. २० अर्ब ४५ करोड (५५.६०%), आर.एम.डी.सी.को ८ अर्ब २२ करोड (२२.३४%), फष्ट माईक्रो फाईनान्सको ५ अर्ब ५६ करोड (१५.११%) र आरएसडीसीको २ अर्ब ५४ करोड (६.९५%) रहेको छ । यस प्रकार साना किसान विकास लघुवित्त वित्तीय संस्था लघुवित्त कर्जा प्रदायकहरुको प्रमुख संस्था बन्न पुगेकोछ ।

### (घ) मौद्रिक नीति र लघुवित्त:

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति २०७५/७६ मार्फत लघुवित्तसँग सम्बन्धित गरेका व्यवस्थाहरुले लघुवित्त क्षेत्रमा मिश्रित प्रभाव पार्न सक्ने देखिएको छ ।

अ) बैंक तथा वित्तीय संस्थाहरुले विदेशबाट आफ्नो प्राथमिक पुँजीको शतप्रतिशतसम्म विदेशी मुद्रामा ऋण लिन पाउने व्यवस्था अनुसार वाणिज्य बैंकले अमेरिकी डलर ४ करोड ऋण लिन स्वीकृति लिएको मा ३ करोड १५ लाख अमेरिकी डलर ऋण लिएको तथा तीनवटा लघुवित्त वित्तीय संस्थाहरुले २ करोड ६ लाख अमेरिकी डलर र १ करोड १० लाख जापानिज येन ऋण लिन स्वीकृति प्राप्त गरेका छन् । लघुवित्त वित्तीय संस्थाहरुलाई समेत भुक्तानी सेवा प्रदायकको अनुमति प्रदान गर्ने नीतिगत व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट यी संस्थाहरुलाई वित्तीय साधन परिचालन र लागत व्यवस्थापनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

आ) वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जाको कृषि क्षेत्रमा न्यूनतम १० प्रतिशत र ऊर्जा तथा पर्यटन क्षेत्रमा न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७६ जेठ मसान्तसम्म यी क्षेत्रहरुमा क्रमशः ८.६ प्रतिशत र ८.६ प्रतिशत कर्जा प्रवाह भएको छ । विकास बैंक र वित्त कम्पनीले प्राथमिकता प्राप्त क्षेत्रमा आफ्नो कुल कर्जाको न्यूनतम क्रमशः १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ । पूर्वाधार विकास बैंकले परियोजना छनौट गर्दा गर्नुपर्ने लगानीको न्यूनतम सीमा रु. ३० करोड कायम गरिनेछ ।

इ) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुले आफ्नो कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्थालाई यथावत् राखिएको छ ।

ई) लघुवित्त वित्तीय संस्थाहरुले अनिवार्य रुपमा एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

उ) एक भन्दा बढी लघुवित्त वित्तीय संस्थामा निश्चित प्रतिशत भन्दा बढी सेयर स्वामित्व हुने सेयर धनीहरु भएको संस्थालाई गाभ्ने/गाभिने र प्राप्तिमा प्राथमिकतामा राखी मर्जरमा लैजाने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइएको छ ।

### (ङ) साना किसान लघुवित्त:

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले स्थानीय स्वामित्व, नियन्त्रण र व्यवस्थापनका लघुवित्त संस्था निर्माणमा उनीहरूको क्षमता विकास गर्ने भएकोले लघुवित्त क्षेत्रका वर्तमान चुनौतीहरूलाई क्रमशः सामना गर्दै जाने सामर्थ्य राख्दछ । श्रोत व्यवस्थापनमा यसले लघुवित्त कर्जाको लागि आवश्यक पर्ने अधिकाधिक रकम स्थानीय पुँजी निर्माणबाट पुरा गर्न साझेदार संस्थाहरूको क्षमता वृद्धि गर्दै आएको छ । यी संस्थाहरूले हाल कर्जा मागको ६२५ अंश आन्तरिक पुँजी परिचालनबाट पुरा गरेका छन् । संस्थाको लररमा ४२५ भाग मात्र यस संस्थाको कर्जाले पूर्ति गरिएकोबाट लघुवित्त कर्जाको सम्पूर्ण भार यस वित्तीय संस्थाले थेग्नु पर्ने अवस्था कम भएको छ । त्यसै गरी संस्थाले वित्तीय स्रोतको मिश्रणलाई समेत उचित रूपमा विविधीकरण गर्दै आएको छ । वित्तीय स्रो तको विविधीकरणबाट स्रोत जोखिम न्यूनीकरण गर्दै जाने वित्तीय संस्थाको रणनीति रहेको छ । यसका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय सहयोगी निकायहरूको पहिचान र पहुँचमा वित्तीय संस्था क्रियाशील रहेको छ । वित्तीय संस्थाको स्रोत परिचालन एवं व्यवस्थापनको अवस्था तालिका १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १४: स्रोत व्यवस्थापन एवं परिचालन**

रकम रु.लाखमा

| क्र.सं. | विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साझेदार संस्थाको कुल बित्तिय स्रोत | १४४८६७ | २१३४३४ | २७३२९८ | ३६९३७६ | ४४४९६८ | ५३३०८२ | १००% |
| क. | साझेदार संस्थाको आन्तरिक स्रोत | ९१२०५ | १३२४६६ | १६२९५७ | २२९४२७ | २७६०४२ | ३२८५११ | ६२% |
| ख. | बित्तिय संस्था (बाह्य) को कर्जा रकम | ५३६६२ | ८०९६८ | ११०३४१ | १३९९४९ | १६८९२६ | २०४५७१ | ३८% |
| २ | साझेदार संस्थाको सदस्यहरुमा लगानिमा रहेको रकम | १४६९०५ | २०७३४८ | २७७२७३ | २९२१०८ | ४३५१२८ | ४९८०९२.५ | ९३% |
| | वित्तीय संस्थाले वित्तीय स्रोतमा गरेको विविधीकरण | | | | | | | |
| १ | क. नेपाल सरकार | १७१५० | २५५०० | ४२००० | ५६८८५ | ७३४२६ | ८६,५१० | ४०% |
| | ख. ने.रा.बैंक | ८३ | ७२ | ६१ | ५० | ३९ | २८ | ०% |
| | ग. बैंक तथा वित्तीय संस्थाहरु | ३५००३ | ४६२२७ | ५४६४२ | ६१८२२ | ८३९६४ | ८९,९६५ | ४२% |
| | घ. साझेदार संस्थाको संस्थागत वचत | ३९३३ | ५४५५ | ७५६८ | ९१९७ | १२४६१ | १४,८७० | ७% |
| | ङ आन्तरिक पुँजी परिचालन | - | ३७१४ | ६०७० | १४८१७ | १९७०६ | २४,२७३ | ११% |

## ५. साना किसान विकास लघुवित्त वित्तीय संस्थाको चालु वर्षको उपलब्धि र भावी योजना

### ५.१ कर्जा सेवाहरू

#### (क) थोक लघुकर्जा कार्यक्रम

साना किसान सहकारी संस्था र यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई लघुवित्तका लागि आवश्यक पर्ने वित्तीय स्रोत जुटाउन थोक कर्जा उपलब्ध गराउनु यस लघुवित्त वित्तीय संस्थाको मुख्य क्रियाकलाप हो । आफ्ना सदस्यहरूमा लघुवित्त सेवा प्रदान गर्न साना किसान सहकारी संस्था तथा अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरूले वित्तीय संस्थासँग सहकार्य गर्ने गरी आबद्धताका लागि आवेदन गर्दछन् । निर्दिष्ट योग्यता पुगेका संस्थाहरूले आवश्यक सर्त पूरा गरेपश्चात् वित्तीय संस्थाले थोक कर्जा प्रवाह गर्दछ । यी संस्थाहरूमा वित्तीय संस्थाले कर्जा प्रवाहका अतिरिक्त संस्थागत क्षमता विकास गर्ने, संस्थागत परीक्षण गर्ने, संस्थाको आवश्यकता पहिचान गर्ने तथा अनुगमन र निरीक्षण गर्ने कार्य समेत गर्दै आएको छ ।

वित्तीय संस्थाले हालसम्म मुख्य रूपमा लघु कर्जा र आ. व. २०६७/६८ देखि मासु तथा दुधजन्य पशुपालन कर्जा उपलब्ध गराउँदै आएको छ । आ. व.२०७१/७२ देखि नवीकरणीय ऊर्जा कर्जा कार्यक्रम आरम्भ गरेकोमा उत्साहजनक उपलब्धि तथा सहभागिता देखिएको छ भने आ. व.२०७२/७३ देखि भूकम्प प्रभावित जिल्लाहरूको लागी मात्र सञ्चालनमा ल्याइएको जीविको पार्जन कर्जा पनि अत्यन्त उत्साहजनक रूपमा लगानी भइरहेको छ। कर्जाको ब्याज मासिक रूपमा बुझाउनुपर्ने र सावाँ भने किस्ताबन्दी रूपमा त्रैमासिक रूपमा बुझाउन सकिने व्यवस्था गरिएको छ भने नवीकरणीय ऊर्जा, कृषि तथा पशुपालन कर्जाको हकमा पहिलो छ महिना ग्रेस अवधिको रूपमा राखिएको छ । कर्जाहरूको भुक्तानी अवधि बढीमा ३ वर्षसम्म रहेको छ । यसरी उद्देश्यगत रूपमा भएको कर्जा लगानीको अवस्था तालिका १५ मा प्रस्तुत गरिएको छ ।

२०७६ असार मसान्तसम्ममा वित्तीय संस्थाको लगानीको ७१.९४% अंश लघु कर्जाका लागि थोक कर्जामा र २३.८२% अंश मासु जन्य तथा दुग्ध जन्य पशुपालन कर्जामा रहेको छ । नवीकरणीय ऊर्जा कर्जा कार्यक्रमले ०.२८%, कार्यशील पुँजी (चिया) ले ०.१७% अंश ओगटेको छ भने जीविकोपार्जन कर्जा (भूकम्प प्रभावित जिल्लाहरूको लागि) ले कुल लररको ०.९६% र कृषि कर्जा (KUBK कार्यक्रम)ले २.८३% अंश ओगटेको छ ।

#### (ख) पशुपालन कर्जा कार्यक्रम

पशुपालनलाई व्यवसायमा रूपान्तरण गरी विपन्न तथा साना किसानहरूको दिगो आयआर्जनको आधार तयार गर्न एवं मुलुकलाई पशु जन्य पदार्थमा आत्मनिर्भर बनाउन आ.व. २०६७/६८ देखि नेपाल सरकारको सहयोगमा यो कर्जा कार्यक्रम सञ्चालन गरिएको छ । किसानले कर्जा लिएको ९ औं महिना देखि प्रत्येक त्रैमासिक रूपमा ३ वर्ष भित्रमा सावाँ र प्रत्येक महिना ब्याज बुझाउने व्यवस्था गरिएको छ । निर्धारित समयमा कर्जाको सावाँ तथा ब्याज बुझाएमा संस्थाहरूले वित्तीय संस्थालाई ५ प्रतिशत र संस्थाले किसानलाई ९ प्रतिशत वार्षिक ब्याजदर भन्दा बढी लिन नपाउने व्यवस्था रहेको छ ।

यस कार्यक्रममा २०७६ असार मसान्तसम्म अर्थात् लगभग ९ वर्षको अवधिमा ४७० संस्थाका १ लाख २५ हजार ८७ जना साना किसानलाई रकम रु.१३ अर्ब ७२ करोड ६० लाख लगानी गरिसकिएको छ। यो लगानी लक्ष्यको १३८ प्रतिशत हो। लगानी भएको ऋण मध्ये ४ लाख ४६ हजार ३४ भेडा बाखा, ८० हजार ४८८ बङ्गुर, ३० हजार ११६ पाडा पाडी, ९२ हजार ३८४ भैंसी र २८ हजार ११६ वटा गाई गरी कुल ६ लाख ७७ हजार १३८ वटा मासु तथा दुग्ध जन्य पशु वस्तु पालन गर्नका लागि ऋण प्रवाह भएको छ । लगानी भएको ऋणमा २६ प्रतिशत बाखा, ४ प्रतिशत बङ्गुर, ४ प्रतिशत पाडा पाडी, ५४ प्रतिशत भैंसीपालनमा र १२ प्रतिशत गाइ पालनमा लगानी भएको देखिन्छ ।

आर्थिक वर्ष ०७५/०७६ मा कुल १२ हजार पशु पालक साना किसानलाई रु. १ (एक) अर्व ५० करोड पशुपालन कर्जा लगानी गर्ने लक्ष्य रहेकोमा ४१६ संस्थामा आबद्ध २२ हजार ३४१ साना किसानलाई रु. ३ अर्व ३७ करोड ५४ लाख ४७ हजार कर्जा लगानी भई भौतिक लक्ष्यको तुलनामा १८६ प्रतिशत र वित्तीय लक्ष्यको तुलनामा २२५ प्रतिशत प्रगति भएको छ । जसमा ७८ हजार ६३४ भेडा/बाखा, १३ हजार २२५ बङ्गुर, ४ हजार १३७ पाडा पाडी, २० हजार २४५ भैंसी र १० हजार ६४ गाई गरी कुल १ लाख २६ हजार ३०५ वटा मासु तथा दुग्ध जन्य पशु बस्तु पालनका लागि कर्जा प्रदान गरिएको छ ।

**तालिका - १५ : विभिन्न प्रकारका कर्जाको अवस्था** रकम रु.हजारमा

| क्र सं | कर्जाको प्रकार | २०७२/७३ को लगानी | २०७३/७४ को लगानी | २०७४/७५ को लगानी | २०७५/७६ को लगानी | भार (%) |
|---|---|---|---|---|---|---|
| १ | लघुकर्जा | ७,९२८,२५९ | १०,२८३,६३१ | १२,४४०,८३४ | १४,७१७,७४१ | ७१.९४% |
| २ | पशुपालन कर्जा/विशेष कर्जा(मासु तथा दुग्धजन्य) | २,५६६,८७३ | २,९११,१९९ | ३,७४०,०९२ | ४,८७२,७९१ | २३.८२% |
| ३ | नवीकरणीय ऊर्जा कर्जा | २२४,७६४ | १८२,४०५ | ११०,५६१ | ५७,७३१ | ०.२८% |
| ४ | कार्यशील पुँजी | १९,९२० | १७,६१० | १९,६१७ | ३४,६१० | ०.१७% |
| ५ | जिविकोपार्जन कर्जा | २९४,४०० | ६००,०९० | ३९५,४९८ | १९६,०९८ | ०.९६% |
| ६. | कृषि कर्जा (KUBK) | - | - | १८४,६२५ | ५७८,०८२ | २.८३% |
| | जम्मा | ११,०३४,२१६ | १३,९९४,९३५ | १६,८९१,२२७ | २०,४५७,०५३ | १००% |

**पशुवस्तु अनुसारको कर्जा कारोवार रु. १० लाखमा**




**तालिका - १६ : मासु तथा दुग्धजन्य पशुपालन कर्जाको प्रगति विवरण**

| क्रसं | विवरण | २०७२ असार | २०७३ असार | २०७४ असार | २०७५ असार | २०७६ असार | सुरुदेखि २०७६ असार सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पशुपालन कर्जा लगानी गर्ने संस्था सङ्ख्या | ३१३ | ३५५ | ४०५ | ४४६ | ४४६ | ४४६ |
| २ | पशुपालन गर्न कर्जा लिने किसान सङ्ख्या | १५३०७ | १५१३६ | १४४२६ | १९५०४ | २२३४१ | १२५०८७ |
| ३ | कर्जा लगानी (रु. १० लाखमा) | १५२० | १६४५ | १८४४ | २६२६ | ३३७५ | १३७२६ |
| ४ | कर्जाबाट पालन गरिएका पशु सङ्ख्या : | ९७०५१ | ८२३०२ | ७१८४१ | १००८९४ | १२६३०५ | ६७७१३८ |
| | ४.१ बाखा | ६२५४४ | ५१२८९ | ४६४८८ | ६३२०७ | ७८६३४ | ४४६०३४ |
| | ४.२ बङ्गुर | १५२११ | १०४८८ | ६८२२ | १०५९४ | १३२२५ | ८०४८८ |
| | ४.३ पाडापाडी | ६०७४ | ३६९१ | २१५५ | ३३७० | ४१३७ | ३०११६ |
| | ४.४ भैंसी | ११६९७ | १२९६९ | ११६४४ | १५७९३ | २०२४५ | ९२३८४ |
| | ४.५ गाई | १५२५ | ३८६५ | ४७३२ | ७९३० | १००६४ | २८११६ |

**कार्यक्रमबाट भएको अनुमानित उपलब्धि** (२०७६ असारसम्मको लगानीको आधारमा)

**तालिका - १७ : आ.व. २०७५ असार मसान्तसम्म कर्जा प्रवाहको अवस्था**

| क्र.सं | विवरण | भैसी | भेडा/बाखा | बंगुर | पाडापाडी | गाई | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लगानी भएको कर्जा रकम (रु. १० लाखमा) | ७४२३ | ३५८८ | ६२० | ४८३ | १६१२ | १३७२६ |
| २ | लगानी भएको पशुसंख्या | ९२३८४ | ४४६०३४ | ८०४८८ | ३०११६ | २८११६ | ६७७१३८ |
| ३ | कर्जा लगानी प्रतिशत (%) | ५४% | २६% | ५% | ४% | १२% | १००% |

**तालिका - १८ : वार्षिक मासु तथा दुध उत्पादन प्रक्षेपण** (०७५/७६ असारसम्मको कर्जाप्रवाहको आधारमा)

| क्र.सं. | पशुपालनको किसिम | पशु संख्या | उत्पादन संख्या | जीवित तौल मे. टन | मासु मे. टन | बजार मूल्य रु हजारमा |
|---|---|---|---|---|---|---|
| १ | भेडा/बाखा | ४४६,०३४ | ४९९,५५८ | १२,४८९ | ५,६२० | ३,३७२,०१७ |
| २ | बंगुर | ८०,४८८ | ३१८,७३२ | ३१,८७३ | २३,९०५ | ४,३०२,८८८ |
| ३ | पाडा पालन (१.५ चक्र) | ३०,११६ | ४२,९१५ | १०,७२९ | ५,३६४ | १,३४१,१०३ |
| ४ | भैंसी पालन | ९२,३८४ | १४,४७७ | ८,३१५ | ४,१५७ | १,०३९,३३१ |
| ५ | गाईपालन | २८,११६ | | | | |
| ६ | जम्मा | ६७७,१३८ | ८७५,६८३ | ६३,४०६ | ३९,०४६ | १०,०५५,३४० |

| | दुध दिने लैनो भैंसी र गाई | दुध उत्पादन प्रति बेत | कुल दुध टन | | प्रति लि. दुध मूल्य | मूल्य |
|---|---|---|---|---|---|---|
| | ११८,०९० | १,८०० | २१२,५६२ | | ५० | १०,६२८,१०० |
| | मासु र दुधको जम्मा | | | | | २०,६८३,४४० |

नोट - उत्पादन अनुमानका आधारहरु :

- बाखाको पाठा उत्पादन मोर्टालिटि कटाई प्रति माउ १.१२, जिवित तौल प्रति २५ किलो, मासु जिवित तौलको ४५%, प्रतिकिलो रु. ७००।-
- बंगुर पाठा उत्पादन प्रति माउ ३.९६, जिवित तौल माउ र भाले १०० किलो,जीवित तौलको मासु ७५ प्रतिशत र प्रति किलो रु. २५०।-
- पाडा जिवित तौल २५० किलो, मासु ५० प्रतिशत, मुल्य प्रतिके जी रु. २५०।-
- भैंसीको माऊ र पाडा गरी ५०% बिक्री हुने, भैंसीको उत्पादन प्रति जिवित तौल प्रति ४५० किलो, मासु जीवीत तौलको ५०%, प्रतिकिलो रु. २५०।-, दुधदिने गाई/भैंसी ९८%, दुध सरदर वार्षिक १८०० किलो, दुधको मुल्य प्रतिकिलो रु. ५०।-, दुधमा १ बेतको मात्र हिसाब गरिएको छ ।

उपरोक्त तालिका (क) र (ख) अनुसार यस कार्यक्रम अन्तर्गत २०७६ असार मसान्तसम्म १ लाख २५ हजार ८७ जना पशु पालक किसानलाई ६ लाख ७७ हजार १३८ मासु/दुग्धजन्य पशु बस्तु पालन गर्न रु. १३ अर्व ७२ करोड कर्जा लगानी भएको छ । उक्त कर्जाबाट पालिएका पशु बस्तुबाट रु. १० अर्व ५ करोड ५३ लाख ४० हजार बराबरको मासु र रु.१० अर्व ६२ करोड ८१ लाख बराबरको दूध उत्पादन गरी झन्डै रु.२० अर्व ६८ करोड ३४ लाख ४० हजार बराबरको दूध तथा मासु जन्य पदार्थ उत्पादनमा योगदान भएको अनुमान गरिएको छ ।

### (ग) साना किसान नवीकरणीय ऊर्जा कार्यक्रम

यु.एन.सी.डी.एफ/क्लिन स्टार्टसँग सहकार्य गरी वित्तीय संस्थाले साना किसान वातावरण तथा नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालनमा ल्याएको छ। ग्रामीण दुर्गममा बिजुली बत्ती र सुविधायुक्त ऊर्जा प्रणालीबाट विमुख रहेका साना किसान तथा विपन्न परिवारहरूमा सौर्य ऊर्जा, बायो ग्याँस, धुवाँ रहित चुल्हो र सुलभ शौचालय आदिको उपयुक्त सेवा पुऱ्याउने लक्ष्य रहेकोमा सोको शत प्रतिशत प्रगती सहित कार्यक्रम सम्पन्न भइसकेको छ।

**तालिका १९ : आर्थिक वर्ष २०७५/७६ सम्मको नविकरणीय ऊर्जा कार्यक्रमको प्रगति विवरण** रकम रु.हजारमा

| क्र.सं. | विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|---|
| १ | लगानी | १६२,३६३ | १२५,९७४ | ७२,२५५ | ४९,९८८ | २०,६१९ |
| २ | सावा असुली | ३,७६३ | ५९,५११ | ११४,६१४ | १२१,८३२ | ७३,४४९ |
| ३ | ल.र.र. | १५८,६०१ | २२४,७६४ | १८२,४०५ | ११०,५६१ | ५७,७३१ |

### (घ) जीविकोपार्जन कर्जा

वि.सं. २०७२ साल बैसाख १२ को विनासकारी भुकम्पले कार्यक्रम सञ्चालित २९ जिल्लाका २५१ वटा साना किसान सहकारी संस्थामा आवद्ध रहेका मध्ये ६६ हजार १४७ परिवारमा ठूलो असर परेको छ। भुकम्पमा ज्यान गुमाउनु परेका साना किसान परिवारका ७६७ जना मध्ये काठमाडौं र इलाका कार्यालय गजुरी अन्तरगतका ९ वटा जिल्लाबाट मात्र ७६५ जनाको मृत्यू हुनुले यस क्षेत्रमा परेको क्षतिको सहजै अनुमान गर्न सकिन्छ । समूहमा आबद्ध सदस्यहरु मध्ये पनि ११३ जनाको यसै क्षेत्रमा निधन भएको थियो। कुल ४८ हजार ३३० साना किसान परिवारको घर पूर्ण रुपमा क्षति भएको थियो। १३१४ थान गाई, १९११ थान भैंसी, ७९२९ थान बाखा, ३६१३ थान बंगुर, र ठूलो संख्यामा माछा एवं कुखुरा मरेका थिए। घर, पशुपंक्षी, बालीनाली एवं खाद्यान्न सहित साना किसान परिवारमा अर्बौंको क्षति पुगेको थियो। वित्तीय संस्थाले उक्त क्षेत्रका संस्थाहरुलाई आवश्यकता अनुसार निश्चित समयका लागि कर्जा पुनरसंरचना एवं म्याद थप गर्ने सुविधा प्रदान गरेको थियो। भुकम्प प्रभावित जिल्लाहरुमा आवद्ध १७ हजार परिवारलाई २०७६ असार मसान्तसम्ममा कुल ८२ करोड १९ लाख ऋण लगानी भएको छ। यस कार्यक्रम अन्तर्गत कारोबार गरिरहेका संस्थाहरुका कुल १७ हजार ७ सय ८ साना किसानहरुलाई क्षमता अभिवृद्धिका लागि ८४ वटा तालिम कार्यक्रम सम्पन्न भएको छ। त्यस्तै भुकम्प प्रभावित साना किसान समुदायको विपद् जोखिम व्यवस्थापनका लागि मंसिर मसान्तसम्म १६१९ जना सहभागीले डकर्मी, इलेक्ट्रिसियन तथा प्लम्बिङ्ग तालिम पाइसकेका छन्। उक्त परियोजनाको अवधि २०१९ नोवेम्भरमा समाप्त भइसकेको छ।

## ५.२ नेपाल सरकारको सहयोगमा वित्तीय संस्थाबाट सञ्चालित कार्यक्रमहरू

### (क) साना किसान सहकारी अनुसरण कार्यक्रम

वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा प्रभावकारी दिगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। साना किसान सहकारी अनुसरण कार्यक्रमअन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यबस्था मिलाइन्छ। अनुसरणबाट निर्मित साना किसान सहकारी संस्थाले आफ्ना सदस्यको आर्थिक/सामाजिक विकासका लागि योजना तर्जुमा तथा लघुवित्त सेवाको कार्यान्वयन गर्ने सामर्थ्यसहितको संस्थागत विकासको यो परिकल्पना नेपालको मात्र नभएर अन्य मुलुकलाई समेत अनुसरण योग्य हुने ठानिएको छ। यसबाट ग्रामीण क्षेत्रमा लघुवित्त सेवा प्रदान गर्नमा ठूलो सहयोग पुगेको छ। अनुसरण कार्यक्रममा नेपाल सरकारको महत्वपूर्ण सहयोग रहँदै आएको छ। वित्तीय संस्थाले विश्व बैंक अन्तर्गत सीजीएपीबाट प्राप्त पुरस्कार राशीलाई अनुसरण कोषका रूपमा स्थापना गरी साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यस्तै विगतमा अनुसरण कार्यमा जी. आई. जेड. र कृषि विकास बैंकको समेत सहयोग रहेको छ। आर्थिक वर्ष २०७५/०७६ मा साना किसान सहकारीको सेवा नपुगेका थप ५० वटा क्षेत्रमा सो सेवा उपलब्ध गराउन सक्षम स्थानीयस्तरको साना किसान सहकारी संस्थाहरुले प्रवर्द्धनको कार्य अघि बढाएका छन्। यो समेत २०७६ असार मसान्तसम्ममा देशका विभिन्न स्थानीय क्षेत्रमा ६७८ वटा अनुसरण कार्यक्रम सञ्चालन भएको छ। जसमध्ये ५२६ अनुसरण कार्यक्रम नेपाल सरकार र वित्तीय संस्थाको अनुदान तथा खर्चमा भएको छ। बाँकी १५२ अन्य संस्थाको सहयोगमा भएको छ। साना किसान सहकारी संस्थाको स्थापना (अनुसरण कार्यक्रम) गर्ने कार्यमा नेपाल सरकारको रु. ३० करोड ७५ लाख अनुदान खर्च भएको छ। यस्ता संस्थाहरूले ५ लाख भन्दा बढी परिवारमा लघुवित्त सेवा पुऱ्याएका छन् भने रु.३४ अर्बभन्दा बढीको वित्तीय श्रोत परिचालन गरेका छन्। अनुसरण कार्यक्रमको हालसम्मको प्रगति तालिका नं. २० मा दिइएको छ।

### (ख) तालिम/गोष्ठी/अवलोकन भ्रमण (क्षमता विकास) कार्यक्रम

आर्थिक वर्ष २०६३/६४ देखि २०७५/७६ सम्म ३०३५ वटा तालिम गोष्ठि सम्पन्न भई १ लाख ४० हजार ४९२ जनालाई विभिन्न सीप तथा दक्षता अभिवृद्धि सम्बन्धि विभिन्न तालिम, कार्यक्रमको समीक्षा तथा रणनिति तर्जुमा सम्बन्धी

**तालिका २० : साना किसान सहकारी अनुसरण कार्यक्रमको आर्थिक वर्ष अनुसारको प्रगति विवरण**

| क्र. सं. | विवरण | आर्थिक वर्ष | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | कुल जम्मा |
| १ | कार्यक्रम सङ्ख्या | १२ | १२ | १२ | १६ | ७५ | ४४ | ५१ | १०० | ५२ | ५२ | ५० | ५० | ५२६ |
| २ | लाभान्वित परिवार | ९०२ | ४२०० | ७८९४ | ८५०० | २५००० | ४१४८१ | ३१९८२ | ५०००० | २०८०० | २०००० | २२६०० | १९५२५ | २५२८८४ |
| ३ | अनुदान प्राप्त | २५०० | ५००० | ५००० | ५००० | ३०००० | २३५०० | २७५०० | ५७००० | ३५००० | ३५००० | ४१००० | ४१००० | ३०७५०० |
| ४ | खर्च रकम (रु. हजारमा) | २४९९ | ५००० | ४९७९ | ५००० | ३००४९ | २३३०६ | २४१३९ | ५७००० | ३५००० | ३५००० | ४१००० | ४१०३५ | ३०४००७ |

कार्यमा सहभागी गराइएको छ । यस प्रयोजनका लागि आ.व. २०७५/७६ सम्म यस बैंकलाई रु.१० करोड ५ लाख ३ हजार अनुदान प्राप्त भएको छ । उक्त कार्यमा आ.व. २०७५/७६ सम्ममा कुल जम्मा रु.१० करोड ७३ लाख ५७ हजार खर्च भएको छ, जसमा नेपाल सरकारबाट रु.१० करोड ५ लाख ३ हजार अनुदान सहयोग प्राप्त र वित्तीय संस्था र साना किसान सहकारी संस्थाहरुबाट रु. ६८ लाख ५५ हजार खर्च भएको छ । यसबाट साना किसानहरूलाई संस्थागत विकास सहकारी व्यवस्थापन, नेतृत्व तथा क्षमता विकास एंवम परियोजना सञ्चालन सीप हासिल गर्न महत्वपूर्ण योगदान पुगेको छ । आ. व. २०७५/७६ मा मात्र नेपाल सरकारबाट उपलब्ध रु. १ करोड ४० लाख अनुदान सहयोग अन्तर्गत विभिन्न किसिमका ३८६ तालिम/गोष्ठी सञ्चालन भई २७ हजार ४ सय १९ जना लाभान्वित भएका छन् । यस सम्बन्धी विस्तृत विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

### (ग) सामाजिक/सामुदायिक एवं पूर्वाधार विकास कार्यक्रम

लघुवित्त सेवाले मात्र साना किसानको जीवनयापनमा सुधार ल्याउन नसकिने महसुस गरी साना किसान सहकारी संस्थाहरुले आफ्ना सदस्यको समग्र पक्षमा सुधार ल्याउन नेपाल सरकार तथा आन्तरिक स्रोतको उपयोग गरी ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, बृक्षरोपण, पशु उपचार शिविर, उन्नत नश्लका बीउ पशुको व्यवस्था, पशु भ्याक्सिन, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर वितरण आदि जस्ता सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरेका छन् । यस्ता कार्यक्रममा संस्थाको आफ्नो वित्तीय स्रोत तथा जनसहभागिताको उच्चतम सदुपयोग गरिएको छ भने वाहय स्रोतको अंश १५ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । अहिलेसम्ममा यस कार्यक्रम अन्तर्गत साना किसान सहकारीहरुले झण्डै रु. ६१ करोड ५५ लाख मूल्यका ३०० भन्दाबढी सहकारी भवन निर्माण गरी कार्यालय सञ्चालन, तालिम तथा कृषिसँग सम्बन्धीत वस्तुहरुको बेचविखन तथा भण्डारण सेवा उपलब्ध गराउन सफल भएका छन् । यस कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७५/७६ सम्ममा नेपाल सरकारबाट प्राप्त अनुदान रु.९ करोड ४० लाख ७१ हजार खर्च भएको छ । उक्त अनुदान सहयोग, संस्थाले व्यहोरेको र कम एवं जनसहभागिता समेत गरि कुल रु.६१ करोड ६५ लाख ६८ हजार बराबरीको सामुदायिक सम्पत्ति निर्माण गर्न साना किसानहरु सफल भएका छन् । आर्थिक वर्ष २०७५/७६ मा रु. १ करोड ५० लाख बराबरीको १५० कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा साना किसानहरुको उत्साहजनक सहभागिता प्राप्त भई १६० कार्यक्रम मार्फत रु. ६ करोड ३३ लाख बराबरीको कार्यक्रम सम्पन्न भएको छ । जसमा अनुदान खर्च रु. १ करोड ५० लाख बाहेक साना किसानहरुले बाँकी रकम आफै व्यवस्था गर्न सफल भएका छन् । जसबाट २ लाख ३२ हजार ४०० परिवार लाभान्वित भएका छन् । यस सम्बन्धी विवरण तालिका नं. २२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २१ : तालिम / गोष्ठी अवलोकन भ्रमण (क्षमता विकास) कार्यक्रमको आर्थिक वर्ष अनुसारको प्रगति विवरण**

| क्र. सं. | विवरण | आर्थिक वर्ष (रू. हजारमा) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | कुल जम्मा |
| १ | तालिम सङ्ख्या | २६४ | ३०५ | १८९ | २७७ | १८२ | २४० | १६५ | १७६ | १५५ | १८५ | २४१ | २७० | ३८६ | ३०३५ |
| २ | सहभागी सङ्ख्या | ८८८५ | १०३५२ | ८२६५ | ८१६५ | ८३३८ | ८५४१ | ९२३५ | ९०१० | ७६७५ | १०५०६ | १२७६९ | ११३३२ | २७४१९ | १४०४९२ |
| ३ | बैंकरसंस्था खर्च | १ | १ | ११९७ | ० | ५७३ | ० | १७ | ११२ | १५ | ५२ | १४९५ | १४८४ | १९०८ | ६८५५ |
| ४ | अनुदान खर्च | ३५०० | ३५०० | २५०० | ३४६२ | ८५०० | ४६१६ | ४९२५ | ७५०० | ९००० | १२५०० | १२५०० | १४००० | १४००० | १००५०३ |
| ५ | कुल खर्च | ३५०१ | ३५०१ | ३६९७ | ३४६२ | ९०७३ | ४६१६ | ४९४२ | ७६१२ | ९०१५ | १२५५२ | १३९९५ | १५४८४ | १५९०८ | १०७३५८ |

### तालिका २२ : सामुदायिक एवं पूर्वाधार विकास कार्यक्रमको आर्थिक वर्ष अनुसारको प्रगति विवरण

| क्र.सं. | विवरण | आर्थिक वर्ष (रू. हजारमा) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | कुल जम्मा |
| १ | कार्यक्रम सङ्ख्या | १७८ | ३२३ | १७७ | १३७ | १०८ | १६२ | १४० | १९४ | २४३ | २३१ | १९७ | १९७ | १६० | २४४७ |
| २ | लाभान्वित परिवार | ९५५८ | ११२५५ | ५५४१२ | ११६६८३ | ३२०३५ | ७५२५६ | ६२६०० | ८३०४५ | १४९२५२ | ११७००९ | १०२८८८ | १८४००४ | २३२४०० | १२३१३९७ |
| ३ | संस्थाले व्यहोरेको रकम | १४४५ | १४४५ | २३८१४ | ३७९९ | १०५७३ | २८३२२ | २०२६६ | १८५०५ | २४६२० | १३९६१८ | ३७१४३ | ६७९९८ | ४२२१३ | ४१९७६१ |
| ४ | जनसहभागिता | १३४५ | १३४५ | २३५३ | २६१९ | १५६८ | १९२६६ | ४७४८ | ७७२० | ११०२१ | १७२२० | ६९३० | २०५५१ | ६०५० | १०२७३६ |
| ५ | अनुदान सहयोग | १४९९ | १५०० | १५०० | १४९७ | १५०० | ४९८३ | ४१०० | ७५०० | १५००० | १२५०० | १२५०० | १५००० | १४९९२ | ९४०७१ |
| | कुल खर्च रकम | ४२८९ | ४२९० | २७६६७ | ७९१५ | १३६४१ | ५२५७१ | २९११४ | ३३७२५ | ५०६४१ | १६९३३८ | ५६५७३ | १०३५४९ | ६३२५५ | ६१६५६८ |

### तालिका २३ : कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमको आर्थिक वर्ष अनुसारको प्रगति विवरण

| क्र.सं. | विवरण | आर्थिक वर्ष (रू. हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | जम्मा |
| १ | प्राप्त अनुदान | ५००० | ३५०० | ५००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ६३५०० |
| २ | तालिम तथा कार्यक्रम | १३९ | ११२ | १७३ | २७५ | ३७२ | २९८ | २७० | ३५५ | १९९४ |
| ३ | लाभान्वित परिवार सङ्ख्या | ५८१७ | ४२२८ | ५३६८ | ८७६९ | १४७५८ | २७१७८ | २५०७६ | ४०४५७ | १३१६५१ |
| ४ | संस्था तथा किसानले व्यहोरेको | ४६ | ४९ | ३१ | ३२ | २१ | ४०३ | १०५३ | २३४९ | ३४७६ |
| ५ | वित्तीय संस्थाले व्यहोरेको | ४७०० | २८४२ | ३३७१ | १०००० | १०००० | १०००० | १०००० | ९९९४ | ६०९०७ |
| | कुल खर्च रकम | ४७४६ | २८९१ | ३४०२ | १००३२ | १००२१ | १०४०३ | ११०५३ | १२३४३ | ६४३८३ |

### (घ) मासुजन्य पशुधन प्रवर्द्धन कार्यक्रम

कृषि तथा पशुपालन प्रबर्द्धन कार्यक्रमअन्तर्गत वित्तीय संस्थाले आ.व. २०७५/७६ मा पशुपालन व्यवस्थापन, उपचार तथा पशुधन सुरक्षण पशु नश्ल सुधारका लागि उन्नत नश्लका बोका, राँगो तथा भालेको व्यवस्था कृषि व्यवसाय प्रवर्द्धनका सामाग्री सहयोग आदि जस्ता विभिन्न ३५५ वटा कार्यक्रम सम्पन्न भएका छन । शुरुदेखि गरी हालसम्म १९९४ कृयाकलापहरु सम्पन्न भएका छन् । उक्त कार्यक्रम सञ्चालन गर्न समीक्षा वर्षमा नेपाल सरकारबाट प्राप्त अनुदान मध्ये रु.१ करोड खर्च भएको छ। वित्तीय संस्थाबाट आर्थिक वर्ष २०६७/६८ देखि पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन भएकोमा सो कर्जा कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले यस पशुपालन प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानका लागि हाते पुस्तिका, पशुपालनका लागि उपयोगी ब्रोसर/पम्पलेट, भिडियो सामाग्री तयारी तथा सो को प्रदर्शन, १०० जनालाई पशुस्वास्थ्य कार्यकर्ताको ३५ दिने प्राविधिक तालिम, ३४ हजार जनालाई पशुपालन व्यबस्थापन तथा पशुधन सुरक्षण तालिम उपलब्ध गराइएको छ । हालसम्म यसबाट १ लाख ३१ हजार भन्दा बढी लाभान्वित भएका छन् भने यो कार्यक्रम अन्तर्गत रु.६ करोड ४३ लाख ८३ हजार खर्च भएको छ । कार्यक्रमको प्रभावकारिताका आधारमा चालु आर्थिक वर्ष २०७६/७७ मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ। कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमको प्रगति तालिका नं.२३ मा दिइएको छ ।

### (ङ) पशुधन सुरक्षण कार्यक्रम (Livestock Protection Programme)

लघुवित्त संस्थाले आर्थिक वर्ष २०६७/६८ देखि नेपाल सरकारको ऋण सहयोगमा पशुपालन कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। यस अन्तर्गत २०७६ असार मसान्तसम्म १ लाख २५ हजार ८७ पशुपालक साना किसानहरुले १३ अर्ब ७२ करोड ६० लाख कर्जा लिइसकेका छन् । यस बाहेक साना किसान सहकारी संस्थाबाट आफ्ना सदस्य कृषकहरुलाई प्रवाह हुने लघुकर्जाको झण्डै एकतिहाई हिस्सा पशुपालन व्यवसाय अन्तर्गतका शीर्षक विशेषतः गाई, भैंसी, बाखा र बंगुरपालनमा लगानी हुने गरेको छ। यो व्यवसाय जति लाभप्रद छ त्यति नै जोखिमपूर्ण रहेकाले पालन गरिएका पशुको अकाल मृत्यु हुँदा सदस्य कृषकलाई पर्ने आर्थिक भारबाट जोगाउन साना किसान सहकारी संस्थाहरुको सकृयतामा पशुधन सुरक्षण कार्यक्रम सञ्चालन हुँदै आएको छ। विपन्न तथा साना किसानहरुको पशुधनको सुरक्षणका लागि साना किसान सहकारी संस्था स्वयंले व्यवस्थापन गर्ने गरी सामुदायिक पशुधन सुरक्षण (पशुबिमा) कार्यक्रम सञ्चालन गरिएको छ ।

समुदायस्तरमा गठित पशुधन सुरक्षण तथा मूल्याङ्कन समितिले सदस्य किसानको पशु मूल्याङ्कन गर्ने, पशुधनी किसानले मुल्यांकित रकमको तोकिएको हिस्सा प्रिमियम वापत पशुबिमा कोषमा जम्मा गर्ने, नेपाल सरकारबाट प्राप्त हुने थप प्रिमियम अनुदान वित्तीय संस्था मार्फत उक्त समुदायस्तरका पशुधन सुरक्षण कोषले प्राप्त गर्ने तथा सो कोषको रकम बाट संस्थाले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, पशु स्वास्थ्य सेवा र क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

आर्थिक वर्ष २०६८/६९ अघि यस लघुवित्त संस्थालाई नेपाल सरकारबाट प्रिमियम अनुदानको व्यवस्था नभएकोले सिमितरुपमा कृषि विकास बैंक मार्फत अनुदान दिलाउने व्यवस्था गरिएको

**तालिका २४ : आर्थिक वर्ष अनुसार पशुधन सुरक्षण (पशुविमा) तथा लघुविमा प्रवर्द्धनका कार्यक्रमको प्रगति विवरण**

| विवरण | आर्थिक वर्ष | | | | | | | | (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | जम्मा |
| **(क) पशुधन सुरक्षण प्रिमियम अनुदान** | | | | | | | | | |
| प्राप्त अनुदान | १०६५२ | १५४२७ | २०६५६ | ३९२१४ | ६०००० | ६०००० | ६६७२० | ११५००० | ३८७६६९ |
| लाभान्वित परिवार | ११८४५ | ७२४१ | ८९५९ | १३८८९ | १९८४१ | १७७६० | १८९१८ | ३०१५९ | १२८६१२ |
| पशुसंख्या | ३१३०३ | १८६६९ | १८४५३ | ४१४८७ | ५७५३४ | ४८९७७ | ५४३४४ | ८२८६२ | ३५३६२९ |
| पशुको मुल्याकित रकम | २१३०४० | ३०८५४० | ४१३१२० | ९५८६२९ | १४९१०३८ | १३८८६४८ | १६३६०४७ | २६२३६०६ | ९०३२६६८ |
| वित्तीय संस्थाले व्यहोरेको | १०६५२ | १५४२७ | २०६५६ | १३०७१ | २०७५८ | ७८४५९ | २२०९६ | ३५२७० | २१६३८९ |
| प्राप्त अनुदानबाट खर्च रकम | १०६५२ | १५४२७ | २०६५६ | ३९२१४ | ६०००० | ५५७५८ | ६४५४५ | १०४५५६ | ३७०८०८ |
| पशुधनी किसानले ब्यहोरेको | १०६५२ | १५४२७ | २०६५६ | १३०७१ | २०७५८ | १८६०७ | २२०९६ | ३५२७० | १५६५३७ |
| **जम्मा खर्च** | | | | | | | | | ५२७३४५ |
| **(ख) लघुविमा प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | |
| कार्यक्रम संख्या | | | | | | ९५ | ९४ | ७८ | २६७ |
| लाभान्वित परिवार | | | | | | ३८६१३ | ४६८९३ | ३८५५३ | १२४०५९ |
| अनुदान रकमबाट खर्च | | | | | | ४२४२ | २१७५ | ४४२७ | १०८४४ |
| संस्थाले व्यहोरेको रकम | | | | | | १४८ | ३७० | २४५ | ७६३ |
| जम्मा लागत रकम | | | | | | ४३९० | २५४५ | ४६७२ | ११६०७ |
| **कूल खर्च** | | | | | | | | | ५३८९५२ |

थियो । आर्थिक वर्ष २०६८/६९ देखि नेपाल सरकारबाट यस वित्तीय संस्थालाई उपलब्ध साना किसान विकास बैंक, विविध, उपशीर्षकबाट केही रकम पशुधन सुरक्षण प्रिमियम अनुदानमा विनियोजन गरी अनुदान उपलब्ध गराउने व्यवस्था गरिएकोमा आर्थिक वर्ष २०७१/७२ देखि नेपाल सरकारबाट सिधै अनुदान प्राप्त गरी सुरक्षण गर्ने साना किसान सहकारी संस्थाहरुलाई प्रिमियमको ७५ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ। बाखा, बंगुरजन्य साना पशुको ७ प्रतिशत र गाई/भैंसीजन्य ठुला पशुबस्तुको ५ प्रतिशत प्रिमियम कायम गरी सोको ७५ प्रतिशतले हुन आउने रकम अनुदान दिने व्यवस्था गरिएको छ । जसको आर्थिक वर्ष अनुसारको प्रगति विवरण तालिका २४ मा दिइएको छ ।

कृषि विकास बैंक मार्फत प्रिमियम अनुदान उपलब्ध गराउने गरी सिमित मात्रमा पशुधन सुरक्षण हुँदै आएकोमा आर्थिक वर्ष २०६८/६९ देखि लघुवित्त संस्थाले सिधै प्रिमियम अनुदान दिने व्यवस्था भएपछिका दिनमा पशुधन सुरक्षण कार्यमा व्यापक वृद्धि भएको छ । तर पनि यो पर्याप्त भने हुन सकेको छैन । लघुवित्त संस्थाबाट अहिलेसम्म रु. ९ अर्ब ३ करोड २६ लाख ६८ हजार मुल्यका कुल ३ लाख ५३ हजार ६२९ पशुबस्तुको सुरक्षण भई रु. ५२ करोड ७३ लाख ४५ हजार प्रिमियम साना किसानहरुको समुदायस्तरीय पशुधन सुरक्षण कोषमा जम्मा भएको छ। जसमा किसानका तर्फबाट रु. १५ करोड ६५ लाख ३७ हजार योगदान गरेका छन् भने नेपाल सरकारका तर्फबाट रु. ३७ करोड ८ लाख ८ हजार अनुदानबाट उपलब्ध भएको छ। यस कोषको रकम परिचालन गरी क्षतिपूर्ति र खर्च कटाई हाल साना किसान सहकारी संस्थाहरुमा रहेको यस कोषमा रु. ५४ करोडको हाराहारीमा पुँजी जम्मा भएको छ। आ.व. २०७५/७६ मा ५० हजार पशुधनको सुरक्षण गर्ने गरी रु १२ करोड प्रिमियम अनुदान व्यवस्था भएकोमा रु. २ अर्ब ६२ करोड मूल्यका ८२ हजार ८ सय ६२ पशुधनको सुरक्षण भई रु. १० करोड ४५ लाख ५६ हजार खर्च भएको छ । यसै गरी आ.व. २०७५/७६ मा लघुविमा कार्यक्रम तर्फ रु. ५० लाखमा २० वटा कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेकोमा ३८ हजार ५५३ साना किसान परिवार लाभान्वित हुने गरी ७८ वटा कार्यक्रम सम्पन्न गरेको छ। यस कार्यक्रममा वित्तीयतर्फ संस्थाले व्यहोरेको रु.२ लाख ४६ हजार र वित्तीय संस्थाबाट अनुदान रु. ४४ लाख २७ हजार गरी जम्मा रु. ४६ लाख ७३ हजार बराबरका पशुधन सुरक्षण सम्बन्धि तालिम तथा पशुधन सुरक्षण सामाग्रीहरु संस्थाले प्राप्त गरेका छन् । यस तथ्यले यस कार्यक्रमको प्रभावकारिता आवश्यकतालाई अझ बढी उचाईमा पुऱ्याएको छ ।

## ५.३ सरकार तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा सञ्चालित अन्य कार्यक्रमहरु

### (क) किसानका लागि उन्नत बीउविजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालित “किसानका लागि उन्नत बिउबिजन कार्यक्रम” मा सहकार्य गर्न यस वित्तीय संस्था र कृषि विकास मन्त्रालय बीच सन् २०१२ डिसेम्बर २ मा सम्झौता भई पूर्व पश्चिम रुकुम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ७ जिल्लाका तत्कालिन ३० गाविसमा साना किसान सहकारी संस्था स्थापना भई वित्तीय संस्थामा आवद्ध भई सफलतापूर्वक सञ्चालनमा रहेका छन् । त्यस

**तालिका नं. २५ साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको प्रगति**

| क्रसं | सत्र | कार्यक्रम जिल्ला संख्या | सहभागी सहकारी संस्था संख्या | सहभागी प्रशिक्षार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | |
| १ | सन् २०१३-१४ | ८ | ६३ | १७९ | २६ | २०५ | तालिम पुरा गरी फर्कि सकेका । |
| २ | सन् २०१४-१५ | २१ | १५९ | ४५६ | ६२ | ५१८ | |
| ३ | सन् २०१५-१६ | ३३ | १६५ | ३५३ | ७८ | ४३१ | |
| ४ | सन् २०१६-१७ | ६० | ३०८ | ३६१ | ८३ | ४४४ | |
| ५ | सन् २०१७-१८ | ६६ | ४३१ | ४३८ | १०४ | ५४२ | |
| ६ | सन् २०१८-१९ | ५५ | ४०८ | ४३३ | १०४ | ५३७ | |
| ७ | सन् २०१९-२० | ५८ | ४०० | ४०० | ८४ | ४८४ | अध्ययनरत |
| **कुल जम्मा** | | | | २६२० | ५४१ | ३१६१ | |

कार्यक्रममा नेपाल कृषि सहकारी संघले समाज परिचालन र संस्थागत विकास सम्बन्धी कार्य गर्ने जिम्मा लिएको छ भने वित्तीय संस्थाले लघुवित्त सेवाका सम्पूर्ण कार्यहरु गर्नेछ । साथै नव प्रवर्द्धित ७५ र पुराना ८ गरी सो क्षेत्रका ८३ वटा संस्थालाई ऋण पुँजीको व्यवस्था गर्न रु ८० करोड बराबरको ऋण सहयोग व्यवस्था भएकोमा उक्त रकम कृषि कर्जाको रुपमा लगानी गरिएकोछ । यो कार्यक्रम सन् २०१९ को डिसेम्बर ३१ मा सम्पन्न भएकोछ ।

### (ख) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम

कृषि सम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरुमा व्यवसायीक कृषि क्षमता बढाउन नेपालका लागि इजरायली राजदुतावासको सहकार्यमा "साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम" सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तरगत साना किसान परिवारका विद्यार्थीहरुलाई उन्नत कृषि प्रणाली सम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा अध्ययनका लागि सहभागी गराईन्छ । १०-११ महिना अवधिसम्म सञ्चालन हुने उक्त तालिममा साताको १ दिन सैद्धान्तिक कक्षा र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्य सञ्चालन हुने छ । प्रयोगात्मक कार्यका लागि तालिमका सहभागीहरुले इजरायली नियम र मापदण्ड अनुसारको पारिश्रमिक प्राप्त गर्नेछन् । तालिमको अन्त्यमा सहभागीहरुले सिकेका कुराहरुको प्रस्तुती सहित सो तालिम केन्द्रमा अनुसन्धान प्रतिवेदन बुझाउनुपर्ने छ । यस वित्तीय संस्थासँग आवद्ध भएका देशका विभिन्न जिल्लाका साना किसान कृषि सहकारी संस्थाका साना किसान सदस्यका छोराछोरी मध्ये दश जोड दुई (१२) पास गरेका २०-३० वर्ष उमेर समुहका योग्य र इच्छुक युवाहरुमध्येबाट गोलाप्रथा एवं अन्तरवार्ता विधिबाट प्रशिक्षार्थीहरुको छनौट गरी साना किसान विकास लघुवित्त वित्तीय संस्थाले हालसम्ममा ३१६२ जनालाई यस कार्यक्रममा सहभागी गराई सकेको छ । त्यस मध्ये २६७७ तालिम पुरा गरी नेपाल फर्किसकेका छन् । २०७६ सालमा यस कार्यक्रम अन्तरगत ४८५ जना प्रशिक्षार्थीहरूलाई त्यसतर्फ पठाइएको छ । इजरायल जाने प्रशिक्षार्थीहरुले अनिवार्य रूपमा सिटिभिटि अन्तरगत देशको विभिन्न प्राविधिक शिक्षालयमा भर्ना भई जानु अघि २०० घण्टा र फर्किसकेपछि ४०० घण्टा सैद्धान्तिक र व्यवहारिक तालिम लिने व्यवस्था मिलाइएको छ ।

यस प्रकारका तालिमबाट साना किसान परिवारका विद्यार्थीहरुमा सीप तथा क्षमतामा अभिवृद्धि भई नेपालकै कृषि क्षेत्रका लागि महत्वपूर्ण योगदान पुग्ने विश्वास लिईएको छ । इजरायलको यो कृषि तालिमबाट फर्केका विद्यार्थीहरुले सिकेका सीप, प्रविधि र ज्ञानको प्रसारबाट सम्बन्धित गाउँका अन्य साना किसानहरु समेत लाभान्वित भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ । आबद्ध साना किसान कृषि सहकारी संस्थाहरु मार्फत यस वित्तीय संस्थाको वित्तीय सेवा समेत प्राप्त गरी यी विद्यार्थीहरु स्वयम्ले स्वदेशमा नै व्यावसायिक कृषि परियोजनाहरु सञ्चालन गरी बिपन्न र साना किसानहरुको जीवनमा परिवर्तन ल्याउन उदाहरण बन्नेछन् भन्ने आशा राखिएको छ ।

### (ग) साना किसान सूचना-प्रविधि विकास कोष

आजको सूचना-प्रविधिको युगमा सबै ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने वित्तीय संस्थाको मान्यता रहेको छ । लघुवित्त वित्तीय संस्थाका तथा सहकारी संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधिसम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यससम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन संस्थामा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको छ । यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र वित्तीय संस्थाको सहयोग रहनेछ । हाल यस कोषमा रु. १० लाख मौज्दात रहेको छ । यसै सिलसिलामा विभिन्न प्रक्रिया पूरा गरी विगतमा १-१ वटाको दरले १०० वटा साना किसान सहकारी संस्थाहरूलाई ल्यापटप वितरण गरी सूचना-प्रविधिमा संस्थाहरूको पहुँच सहज बनाउन सहयोग पुऱ्याइएको थियो । नेपालजस्तो भौगोलिक विषमता भएको मुलुकमा लघुवित्तको सहज पहुँच अभिवृद्धि गर्न मोबाइल बैङ्किङ्गको अवधारणा विकास गर्न जरुरी देखिएको छ । यसका लागि सेवाप्रदायक र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग सहकार्य गर्न वित्तीय संस्थाले पहल गरेको छ । लघुवित्तमा नयाँ र उच्च तहको प्रविधि प्रयोग गरी लघुवित्त सेवालाई सहज रूपमा दुर्गम हिमाली र पहाडी जिल्लाहरूमा अझ प्रभावकारी रूपले विस्तार गर्न संस्थाले सूचना-प्रविधिलाई महत्वका साथ उपयोग गर्ने सोच रहेको छ ।

### (घ) साना किसान राहत कोष

२०७२ वैशाख १२ को महाभुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान परिवार सम्म सहयोग परिचालन गर्ने उद्देश्यले एक कोषको आवश्यकता

**तालिका नं. २६ : बाढी पिडितको सहयोगार्थ प्राप्त रकम र राहत वितरण भएको विवरण**

| क्र.सं. | सहयोग प्रदायकहरु | सहयोगी संख्या | रकम रु.मा |
|---|---|---|---|
| १ | पोखरा इलाका अन्तर्गतको संस्था फेदीखोला | १ | ५,०००.०० |
| २ | इटहरी इलाका अन्तर्गतको संस्था लेटाङ | १ | ५,०००.०० |
| आ.व. २०७५/७६ मा कुल जम्मा सहयोग संकलन | | | १०,०००.०० |
| | साना किसान राहत कोष शुरु मौज्दात | | ३८,३९,६४३.६३ |
| | कुल जम्मा साना किसान राहत कोष | | १०,०००.०० |
| आ.व.२०७५/७६ भएको राहत वितरण | | | - |
| | साना किसान राहत कोष जम्मा बाँकी रकम | | ३८,४९,६४३.६३ |

महशुस गर्दै साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान राहतकोषको स्थापना गरेको छ । यस वित्तीय संस्थाले भुकम्प पिडित जिल्लाका साना किसानहरुमा विभिन्न प्रकारका राहत सामाग्री तथा केही नगद वितरण गर्नुका साथै प्रधानमन्त्री राहत कोषमा समेत करिब १७ लाख जम्मा गरिसके पश्चात पनि यस कोषमा २०७४ आषाढ मसान्तमा मौज्दात रकम रु.५०,६७,०१३।- बाँकि रहेको अवस्था छ । यस कोषलाई विविध प्राकृतिक विपतहरुको सामना गर्नको लागि निरन्तरता दिने निर्णय अनुसार निरन्तरता दिइएको छ। आ.व. २०७५/७६ मा यस कोषको विवरण तालिका नं. २६ मा प्रस्तुत गरिएको छ।

२०७५ आषाढ मसान्तमा बाँकी रहेको मौज्दात रकम रु. ३८,३९,६४३/६३ मा आ.व.२०७५/७६ मा संकलन भएको रकम रु. १०,०००/- गरी जम्मा राहत कोष रु. ३८,४९,६४३/६३ मा आ.व.२०७५/७६ मा बाढीपिडितहरुलाई राहत वितरण नभएको कारण २०७६ असारसम्म बाँकी रहेको मौज्दात रकम रु.३८,४९,६४३/६३ रहेको छ । यस कोषमा संकलन हुने रकमलाई समावेश गर्दै बाढी पिडित तथा यस्तै प्रकृतिका अन्य हुनसक्ने घटनामा खर्च गर्दै जाने रणनीति वित्तीय संस्था व्यवस्थापनले बनाएको छ।

### (ङ) अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा अध्ययन-भ्रमण

CICTAB, APRACA, CECI Uniterra, ICA द्वारा आयोजना गरिने अन्तर्राष्ट्रिय लघुवित्त सम्बन्धी कार्यक्रमहरूमा वित्तीय संस्थाका सञ्चालक, उच्च पदाधिकारी लगायत अन्य कर्मचारीहरुलाई सहभागि गराउनुका साथै साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई समेत सहभागिता गराउने प्रक्रियालाई निरन्तरता दिइएको छ। आ.व. २०७५/७६ मा अन्तर्राष्ट्रिय तालिम, गोष्ठि, अध्ययन, भ्रमण कार्यक्रममा भएको सहभागिताको विवरण तालिका नं. २७ मा प्रस्तुत गरिएको छ ।

### (च) साना किसान सम्मेलन २०७५

वित्तीय संस्थाले कात्तिक १६-१७, २०७१ (नोभेम्बर २-३, २०१४) मा काठमाडौंमा पहिलो साना किसान सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको थियो । सो संम्मेलनको उद्देश्य "गरिबी न्यूनीकरणका लागि ग्रामीण तहमा सबल संस्थाहरूको निर्माण" गर्ने अभियानको रुपमा संचालन गर्ने नारा तय भएको थियो । यसरी सम्पन्न सम्मेलनले सन् २०२५ सम्म

**तालिका नं. २७ आ.व. २०७५/७६ मा सम्पन्न अन्तर्राष्ट्रिय तालिम, गोष्ठि, अध्ययन, भ्रमण कार्यक्रम**

| क्र सं | आयोजक | कार्यक्रम/विषय | देश | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | APRACA CENTRAB | Global Dissemination Workshop: IFAD-APRACA Regional Grant Project "RufBep" | Thailand | २ |
| २ | CICTAB | International Program on Management of Rural Financing Institutions and Cooperatives for Rural Development | India | २ |
| ३ | CICTAB | Development of Managerial Skills for Agricultural Cooperative and Rural Financing Institutions | India | २ |
| ४ | CICTAB | Agriculture and Rural Development through Cooperative Business Model | India | ३ |
| ५ | APRACA CENTRAB | Regional Forum, 70th EXCOM & 21st GA of APRACA | Sri Lanka | २ |
| ६ | APRACA CENTRAB | 3rd International study visit Program on Financing MSMEs | Bangladesh | १ |
| ७ | APRACA | International Exposure Visit Program on Agricultural Finance and Credit Business Cooperatives | Japan | १ |
| ८ | CICTAB | Dairy Development through Cooperative Business Model | India | २ |
| ९ | Kinneret College | Exposure Visit Program | Israel | ४ |
| १० | APRACA | 71st Executive Committee Meeting of the Asia-Pacific Rural and Agricultural (APRACA) | Japan | १ |
| ११ | CICTAB | Development of Managerial Skills for Agricultural Cooperative and Rural Financing Institutions | India | २ |

नेपालमा व्याप्त गरिबी न्यूनीकरणका लागि सुनिश्चितता सहितको लक्ष्य सहितको प्रस्ताव पारित भै सार्वजनिक गरिएको थियो । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. तथा नेपाल कृषि सहकारी केन्द्रीय संघको अगुवाईमा गठित समितिले सम्मेलनको घोषणाहरूको प्रभावकारी कार्यान्वयन र प्रगतिको अनुगमन गर्न समेत प्रत्येक पाँच वर्षमा साना किसान सम्मेलन गर्ने कुरा सम्मेलन आयोजक मूल समितिले घोषणा गरेको हुँदा दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि सहयोग पुऱ्याउन र सम्मेलनलाई निरन्तरता दिन १६-१७ फागुन २०७५ (फेब्रुअरी २८ र मार्च १, २०१९) मा दोस्रो साना किसान सम्मेलनको आयोजना गरिएको थियो । "साना किसानको समृद्धि : कृषिको रूपान्तरण र उद्यमशीलताको विकास" भन्ने मूल नारा रहेको यस सम्मेलनमा नीति निर्माता, अध्येता, अनुसन्धानकर्ता, कृषिकर्मीका साथै मुलुकभरिबाट आएका प्रतिनिधि साना किसानहरू समेत गरी करिब १ हजार भन्दा बढीको सहभागिता रहेको थियो । यस सम्मेलनमा साना किसान तथा कृषि क्षेत्रका अन्तरसम्बन्धित मुद्दाहरूमा केन्द्रित रही कार्यपत्र प्रस्तुति हुनुका साथै अनुभव आदान प्रदान, केस प्रस्तुति, भिडियो प्रदर्शन, अन्तरक्रिया, समालोचना एवम् प्रश्नोत्तर गरिएको थियो । सम्मेलनले साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट पूर्ण रूपमा सेवा प्राप्त गरिरहेका साना किसान कृषि सहकारी संस्थाका सहभागी करिब १ हजार प्रतिनिधिहरुले आ-आफ्ना क्षेत्रका साना किसानहरूलाई कृषिको रूपान्तरण मार्फत समृद्धिको मार्गमा लैजान ज्ञान, सीप एवं प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याउने अपेक्षाराखिएको थियो ।

### ५.४ वित्तीय संस्थाको भावी योजना

लघुवित्त वित्तीय संस्थाले सन् २०२५ सम्ममा कूल ११ सय साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरू मार्फत ११ लाख विपन्न तथा साना किसान परिवारमा सेवा पुऱ्याउने लक्ष्य राखेको छ । भावी दिनमा वित्तीय संस्था तथा यसमा आबद्ध संस्थाहरूलाई सूचना-प्रविधिसँग जोड्ने, वित्तीय रूपमा स्वस्थ र सबल बनाउने, ग्राहक संस्थाहरूको व्यवस्थापकीय र वित्तीय स्थिति बलियो बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने, दिगो वित्तीय स्रोतमा पहुँच बनाउने, विभिन्न सहयोगी निकाय/संस्थाहरूसँग समन्वय गरी लघुवित्तमार्फत कृषिक्षेत्रको विकासमा योगदान पुऱ्याउने सन्दर्भमा यस वित्तीय संस्थाले देहायअनुसारको भावी कार्यक्रमहरूमा जोड दिनेछ –

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरुमा सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरुलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) नेपाल सरकारको सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा तथा यसै आ.व. बाट शुरु गरिएको तरकारी खेती कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिने छ ।

(४) किसानका लागि उन्नत विउविजन कार्यक्रम अन्तर्गत पश्चिमाञ्चलका दुई जिल्ला गुल्मी र अर्घाखाँची तथा मध्य पश्चिमाञ्चलका ५ वटा जिल्ला रोल्पा, प्यूठान, सल्लान, पश्चिम रुकुम तथा पूर्वी रुकुम गरि ७ वटा जिल्लामा निर्माण भएका साना किसान सहकारी संस्था मार्फत कृषि कर्जा कार्यान्वयन गरिनेछ ।

(५) वित्तीय संस्थाले सक्षम एक्सेस टु फाइनान्स परियोजना सँगको सहकार्यमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा इलाका कार्यालय स्थापना गरि सो क्षेत्रमा थप ४० वटा संस्था निर्माण गर्ने तथा देशभरिका २५० वटा साना किसान सहकारी संस्थाहरुमा डिजिटाइजेसन गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ।

(६) यस वित्तीय संस्थाको नेतृत्वमा विपन्न तथा साना किसानहरुलाई कृषि मूल्यश्रृङ्खलाका विविध पक्षहरुमा सहभागी गराई सहकारी मार्फत ग्रामीण उद्यम स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरुसँग समन्वय गरिने छ ।

(७) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(८) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(९) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिने छ ।

(१०) कार्यक्षेत्र भित्रका विपन्न तथा साना किसान परिवारमा सुधारिएको चुल्हो, सौर्य ऊर्जा र गोबरग्याँस जस्ता नविकरणीय ऊर्जाको विस्तारलाई निरन्तरता दिईनेछ ।

(११) बिपन्न तथा साना किसानहरुमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवं पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(१२) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै वित्तीय संस्थाको मुनाफामा बृद्धि गरी शेयरधनीहरुलाई यथोचित प्रतिफल उपलब्ध गराइनेछ ।

(१३) नेपाल सरकारको सहयोगमा सञ्चालन हुने अनुसरण कार्यक्रम अन्तरगत कृषि मूल्यश्रृङ्खला अभिवृद्धि गर्दै नेपालको ग्रामीण कृषि अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउन साना किसान सहकारी संस्थाहरूमा सफल कार्यक्रमहरू अनुसरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

(१४) सक्षम - एक्सेस टु फाईनान्स सँग समन्वय गरी कर्णाली प्रदेशमा अनुसरण कार्यक्रम मार्फत सेवा विस्तारलाई निरन्तरता दिईनेछ ।

(१५) नेपाल सरकार कृषि विकास मन्त्रालय, कृषिका लागि अन्तर्राष्ट्रिय विकास कोष एवं नेपाल कृषि सहकारी केन्द्रीय संघ समेतको सहकार्यमा मध्य तथा पश्चिमाञ्चलका

७ जिल्लामा किसानका लागि उन्नत बीउबिजन कार्यक्रम मार्फत साना किसान सहकारी संस्थाको प्रवर्धन र विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(१६) विगतदेखि अनुसरण कार्यक्रमबाट स्थापना भई सञ्चालनमा रहेका परिपक्व सहकारी संस्थाहरूलाई मापदण्डको आधारमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध गराउँदै लगिनेछ ।

(१७) वित्तीय र व्यावसायिक रुपमा सक्षम भइसकेको साना किसान सदस्यहरूको व्यावसायिक आवश्यकतानुरुप अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग समेत सहकार्य हुन सक्ने गरी "साना किसानहरूको स्तरोन्नती" नीति तर्जुमा गरी लागु गरिनेछ ।

(१८) वित्तीय संस्थाले स्वीकृत गरेको खरिद गुरुयोजनालाई आधार मानी वित्तीय संस्थाको केन्द्रीय कार्यालय भवन प्रयोजनका लागि जग्गा वा घरजग्गा खरिद गर्ने प्रकृया अघि बढाईने छ ।

(१९) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनासँग समन्वय गरी उपयुक्त क्षेत्रहरूमा धान, गहुँ, आँप, केरा, चिया, तरकारी, आलु, तेलहन, दलहन, पशुपालन र माछा आदि जस्ता कृषि उपजमा व्यावसायिक रुपमा केन्द्रित हुने गरी पकेट परियोजना सञ्चालन गर्न सहकार्यको प्रयास गरिनेछ ।

## ६. लघुवित्त वित्तीय संस्थाको व्यावसायिक सम्बन्ध

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. कम्पनी ऐन २०६३ बमोजिम मिति २०५८/०३/२२ मा कम्पनी रजिष्ट्रार को कार्यालयमा दर्ता नामाकरण पाई नेपाल राष्ट्र बैंकको मिति २०५८/११/१७ को पत्रबाट सञ्चालन स्वीकृति पाएको लिमिटेड कम्पनी हो । बैंक तथा वित्तीय संस्था ऐन अनुसार यो संस्था थोक लघुवित्त कारोबार गर्ने 'घ' वर्गको लघुवित्त संस्थाको रुपमा कार्यरत छ । मिति २०७०/०६/१४ मा नेपाल स्टक एक्सचेञ्जसँग सम्झौता गरी स्टक मार्केटमा सुचिकृत भएको यस वित्तीय संस्थाले मिति २०७१/०८/१७ मा सी.डी.एस.सी. तथा क्लियरिङ्गसँग समेत सम्झौता गरी डिम्याट प्रकृया सुरु गरिसकेको छ। यस वित्तीय संस्थाका संस्थापक शेयरधनी संस्था मध्ये २३१ वटा साना किसान सहकारी संस्थाहरु समेत यसका ग्राहक संस्था हुन् । यस बाहेक पनि लघुवित्त सेवा प्रदान गर्ने अन्य सहकारी/वित्तीय संस्थालाई समेत यस संस्थाले आफ्ना सेवा प्रदान गर्दछ। वित्तीय संस्थाले नियमानुसार मौजुदा सूचीमा रहेका व्यावसायिक फर्महरुसँग नियमित खरिद गर्दछ भने सिमा माथिको हकमा खुल्ला बोलपत्र आव्हान मार्फत वस्तु तथा सेवा खरिद गर्ने गर्दछ। यसका अतिरिक्त यस वित्तीय संस्थाको व्यावसायिक सम्बन्ध रहेका निकाय/संघ/संस्थाहरु सम्बन्धमा तल छोटकरीमा प्रस्तुत गरिएको छ ।

### ६.१ नेपाल सरकार

नेपाल सरकार समेत रहेको शेयर स्वामित्वमा यो वित्तीय संस्थाको स्थापना भएको हो । साना किसानहरुको बहुमत स्वामित्व रहोस भन्ने अभिप्रायले नेपाल सरकारबाट पछि आफ्नो शेयर स्वामीत्व साना किसान कृषि सहकारी संस्थाहरुलाईनै विक्री गरियो । शेयर स्वामित्व बाहेकका सहयोगहरु नेपाल सरकारबाट नियमित हुदै आएकोछ । जसमा साना किसान सहकारी संस्था लि.हरुको सुदृढीकरण, साना किसान कृषि सहकारीहरुको सेवा विस्तारका लागि अनुसरण कार्यक्रम, सामाजिक समुदायिक विकास, पशुधन सुरक्षण, पशुपालन तथा सोको प्रबद्धनका लागि आवश्यक अनुदान सहयोगको निरन्तरता रहदै आएको छ ।

यसका अलावा साना किसान विकास वित्तीय संस्थासँग आबद्ध साना किसान सहकारी संस्था लि. मार्फत दुध तथा मासु जन्य पशुपालक साना किसानलाई लगानी गर्ने गरी २०७६ असारसम्म रु.९ (नौ) अर्ब ऋण सहयोग प्राप्त भएको छ । संस्थाले उक्त रकमको २०७६ असार मसान्त सम्मको सम्पूर्ण व्याज र रु.१ अर्ब ६० करोड साँवा भुक्तानी गरिसकेको छ । यस कार्यक्रम प्रति साना किसानहरुको आकर्षण र प्रभावकारिताका आधारमा आगामी वर्षहरुमा अझै विस्तार सहित निरन्तरता दिइनु पर्ने महसुस हुन आएको छ। नेपाल सरकारबाट ADB,IFAD, सँगको सहकार्यसँग सम्बन्धीत कार्यक्रमहरुलाई समेत यस वित्तीय संस्थासँग जोडिने कार्य हुदै आएको छ। जसमा किसानका लागि उन्नत विउविजन कार्यक्रम अन्तर्गत साना किसान सहकारीको सेवा विस्तार तथा कृषि कर्जाको व्यवस्था, भुकम्प पिडित समुदायको लागि विपद जोखिम न्यूनिकरण तथा जीविकोपार्जन पुनरस्थापना कार्यक्रम र ग्रामीण उद्दम कर्जा कार्यक्रम जस्ता साना किसानहरुको लागि अन्य लाभदायक कार्यक्रमहरु संचालन भएका र हुने अवस्थामा रहेको छ ।

### ६.२ नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंक द्वारा सञ्चालित सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना अन्तरगत रु.१ करोड ८ लाख कर्जा प्राप्त भई साना किसान सहकारी संस्थाहरु मार्फत सिंचाई कार्यक्रम सञ्चालन गरिएको थियो ।

नेपाल राष्ट्र बैंकबाट सिमित बैंकिङ्ग कार्य गर्न इजाजत प्राप्त ११ वटा साना किसान सहकारी संस्थाको अनुगमन र निरीक्षण गर्ने महत्वपूर्ण जिम्मेवारी यस वित्तीय संस्थालाई प्रदान गरिएको थियो । नियमनकारी निकायको रुपमा यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट सदैव रचनात्मक सहयोग प्राप्त गर्दै आएको छ ।

नेपाल सरकारको मिति २०७५।८।२४ को निर्णयको आधारमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था विच ग्रामीण स्वावलम्बन कोषका कार्यक्रम यस वित्तीय संस्था मार्फत सञ्चालन गर्ने गरी मिति २०७६।३।३१ मा त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ ।

### ६.३ कृषि विकास बैंक लि.

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको स्थापनाको अगुवाई गर्दै रु.७ करोड शेयर पुँजी लगानी गरी यस वित्तीय संस्थाको मुख्य प्रवर्द्धकको रुपमा कृषि विकास बैंकले निरन्तर सहयोग प्रदान गर्दै आएको छ। लामो अवधिसम्म यस वित्तीय संस्थाको व्यवस्थापन सम्हालेर संस्थाको आफ्नै मानव संशाधन विकास गर्ने सम्मका कार्यहरुमा कृषि विकास बैंकको अहम् भूमिका रहेको छ । साना किसान सहकारी संस्थासँग रहेको रु.१ अर्ब २६

करोड ८७ लाखको कर्जा पोर्टफोलियो यस वित्तीय संस्थालाई हस्तान्तरण गर्नु मात्र नभएर थप आवश्यक वित्तीय स्रोत निरन्तर रुपमा उपलब्ध गराई रहेको छ । यसका बाहेक अन्य प्राविधिक सहयोगमा समेत कृषि विकास बैंकको महत्वपूर्ण सहयोग रहदै आएको छ ।

## ६.४ एसियाली विकास बैंक

यस वित्तीय संस्था तथा आवद्ध संस्थाहरुको अवस्था अध्ययन विश्लेषण, पुनरसंरचना कार्यक्रम तर्जुमा, कम्प्युटर सफ्टवेयर, हार्डवेयर तथा जेनेरेटर खरिद, कमजोर संस्थाहरुको सुदृढीकरणमा सहयोग एवं परामर्शदाताको सेवा, पहाडी क्षेत्रमा लघुवित्त सेवा विस्तार आदि कार्यहरुमा एसियाली विकास बैंकले महत्वपूर्ण सहयोग गरेको थियो । भुकम्प प्रभावित क्षेत्रमा सहुलियत कर्जा एवं तालिम कार्यक्रममा हाल सहयोग भई रहेको छ । भुकम्प प्रभावितका लागि संचालन भएको DRRLREAC परियोजना नोभेम्बर २०१९ मा समाप्त भइसकेको र उक्त परियोजनाले भुकम्प प्रभावितका लागि परियोजना अवधिभरसम्म रु ८२ करोड १९ लाख कर्जा प्रवाह गरेको छ । यसका साथै एसियाली विकास बैंकको रु ५ अर्बको सहुलीयत कर्जा अन्तर्गत इ.स. २०२० बाट ग्रामिण उद्यम विकास लगानी परियोजना (Rural Enterprise Financing Project) सञ्चालन हुन गईरहेको छ । उक्त परियोजनाका लागि एसियाली विकास बैंक र नेपाल सरकार बिच २०१९ डिसेम्बर १० मा सम्झौता भइसकेको तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था र नेपाल सरकार बिच सहायक ऋण सम्झौता हुन बाँकी रहेको छ । उक्त परियोजनाले व्यवसायीक कृषि उद्यमका लागि सामुहिक तथा व्यक्तिगत कृषि कर्जा प्रवाह गरी साना किसानहरुलाई उद्यमी बनाउने उद्देश्य लिएको छ ।

## ६.५ जी. आइ. जेड

साना किसान संस्थागत विकास कार्यक्रमको आरम्भ देखि नै तत्कालिन जी.टी.जेड. हाल जिआइजेडले महत्वपूर्ण सहयोग रहे को थियो । यस वित्तीय संस्थाको स्थापना, साना किसान सहकारी संस्थाहरुको सुदृढीकरण र विकास, अनुसरण कार्यक्रम, सेवा विस्तार कार्यक्रम, वित्तीय संस्थाका कर्मचारीहरुलाई उच्च शिक्षा तथा साना किसान समेतलाई अन्तर्राष्ट्रिय तालिम भ्रमण आदि जस्ता कार्यक्रमहरुमा जी.आइ.जेड.को सहयोग रहेको थियो ।

## ६.६ नेपाल कृषि सहकारी केन्द्रीय संघ

साना किसान सहकारी संस्थाहरुको क्षमता विकास र गैर वित्तीय सेवाहरु प्रदान गर्दै आएको नेपाल कृषि सहकारी केन्द्रीय संघसँग यस वित्तीय संस्थाले संस्थाहरुको सुदृढीकरण र विकासमा सहकार्य गर्दै आएको छ । यसका अलावा साना किसान सहकारी अनुसरण र तत्सम्बन्धी परामर्श सेवा दिने कार्यमा यस संघले प्राविधिक सेवा प्रदान गर्दै आएको छ ।

## ६.७ कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष

साना किसान सहकारी संस्था र विस्तारका लागि नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मार्फत कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बाट मध्य पश्चिम र पश्चिमाञ्चलका रुकुम पुर्व, रुकुम पश्चिम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ७ जिल्लामा किसानका लागि उन्नत विउविजन कार्यक्रम संचालन छ । उक्त कार्यक्रममा साविक का ८ र नयाँ स्थापना हुने ७५ संस्था सहित ८३ संस्थाबाट कुल ४५ हजार परिवारमा सेवा पुर्‍याउने लक्ष्य रहेको छ । वित्तीय संस्थाले नेपाल सरकारबाट सहुलियत दरमा रु. ८० करोड पहिलो किस्ताबापत प्राप्त गरि ८३ सहकारी मार्फत कृषि कर्जा लगानी गर्दै आएको छ ।

## ६.८ सक्षम एक्सेस-टु फाइनान्स परियोजना

यस वित्तीय संस्था र डि.एफ.आई.डि. को सहयोगमा लुईस बर्गरद्वारा संचालित सक्षम A2F बीच सेप्टेमबर २, २०१८ मा Digitization of SFACLs & Expansion of Access to Finance in Karnali Province of Nepal (DSFACLs & A2F) परियोजना सञ्चालन गर्न सम्झौता भएको थियो । यस परियोजनाको मुख्य उद्देश्य विपन्न वर्गको लागि वित्तीय पँहुच बढाउनु रहेको छ । यस परियोजना अन्तर्गत यस आ.व. मा रु. १,८७,५७,४५७/७५ म्याचिङ कोष प्राप्त भएकोमा सो मध्ये रु. १,०९,८६,३०३/०५ परियोजनाले व्यहोर्ने गरी खर्च भई रु. ७७,७३,१५४/७० बाँकी रहेको छ । सो खर्चहरुको विवरण संलग्न अनुसूची ३ र ४ मा प्रस्तुत गरिएकोछ ।

## ६.९ बैंक तथा वित्तीय संस्थाहरु

यस वित्तीय संस्थालाई आवश्यक पर्ने वित्तीय स्रोत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले उपलब्ध गराउँदै आएका छन् । यस वित्तीय संस्थाका शेयर धनी समेत रहेका कृषि विकास बैंक लि. नेपाल बैंक लि. र नबिल बैंक लि.ले लामो समय देखि विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएका छन् । त्यस्तै गरी एभरेष्ट बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, हिमालयन बैंक लि., सिद्धार्थ बैंक लि., प्राईम कमर्शियल बैंक लि., एनआईसी एशिया बैंक लि., बैंक अफ काठमाडौं लि., माछापुच्छे बैंक लि., स्टयाण्डर्ड चार्टर्ड बैंक लि., सानिमा बैंक लि., सिटिजन्स बैंक इन्टरनेशनल लि. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., एनएमबी बैंक लि., ग्लोबल आइएमई बैंक लि, कुमारी बैंक लि., नेपाल एसबिआई बैंक लि., मेगा बैंक लि., सनराइज बैंक लि., नेपाल इन्भेष्टमेण्ट बैंक लि., नेपाल बङ्गलादेश बैंक लि., प्रभु बैंक लि., देव:विकास बैक लि., सिद्धार्थ बैंक लि, महालक्ष्मी विकास बैंक लि., युनाइटेड फाइनान्स लि., र आइसिएफसी फाइनान्स लि. लगायतका बैंक तथा वित्तीय संस्थाले यस वित्तीय संस्थालाई विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएका छन् । यी बैंकहरुले नि:शुल्क रकमान्तरण सेवा प्रदान गरी वित्तीय संस्थाको सञ्चालन खर्च घटाउन समेत सहयोग गरेका छन् ।

## ६.१० सेन्टर फर माईक्रोफाईनान्स

यो वित्तीय संस्था सेन्टर फर माईक्रो फाईनान्सको शेयरधनी समेत रहेको छ । यस संस्थाले लघुवित्त वित्तीय संस्थामा आवद्ध संस्था एवं संस्थाका कर्मचारीहरुको क्षमता विकासमा सहयोग पुर्‍याउँदै आएको छ ।

### ६.११ Asia and Pacific Rural Agricultural Credit Association (APRACA)

यस वित्तीय संस्थाले APRACA को सदस्यता प्राप्त गरेकोछ । अप्राकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुमा वित्तीय संस्थाको समेत प्रतिनिधित्व रहँदै आएको छ ।

### ६.१२ Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), India

नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक लगायतका नेपालका बैंक तथा वित्तीय संस्थाहरु सदस्य रहेको CICTAB, India को यो वित्तीय संस्था पनि एक सक्रिय सदस्यको रुपमा रहेको छ । लघुवित्त वित्तीय संस्था तथा साना किसान सहकारी संस्थाका कर्मचारीहरुलाई समय सापेक्ष तालिम तथा गोष्ठीहरुमा सहभागी गराउँदै आएको सिक्ट्याबको पहलमा विगत ३ बर्ष देखि यस संस्थाका कर्मचारीहरुले बैकुण्ठ मेहता राष्ट्रिय सहकारी प्रवन्ध संस्थान अन्तरगत पोष्ट ग्याज्युएट डिप्लोमा ईन कोअपरेटिभ बिजनेस म्यानेजमेण्ट कोर्समा अध्ययन गर्दै आएका छन् ।

### ६.१३ कम्प्युटर सफ्टवेयर

यस वित्तीय संस्थाको प्रयोजनका लागि म्याग्नस कन्सल्टिङ्ग ग्रुपद्वारा निर्मित फिन नेट प्रो नामक सफ्टवेयर प्रयोग हुँदै आएकोछ ।

### ६.१६ रजिष्ट्रार टु शेयर

नविल इन्भेस्टमेन्ट बैंकिङ्ग लि. ले यस वित्तीय संस्थाको शेयर रजिष्ट्रारको रुपमा सेवा प्रदान गर्दै आएको छ ।

## ७. सञ्चालन तथा सुशासन

### ७.१ पुँजी संरचना

#### (क) लघुवित्त वित्तीय संस्थाको शेयर संरचना

वि.सं. २०५८ मा वित्तीय संस्था स्थापना गर्दा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरु संस्थापकको रुपमा रहेका थिए । यो वित्तीय संस्था साना किसान सहकारी संस्थाहरुलाई लक्षित गरी स्थापना गरिएको हुँदा कुल शेयर पुँजीको अधिक हिस्सा साना किसान सहकारी संस्थाहरुको नभएसम्म नेपाल सरकार तथा कृषि विकास बैंक लि.ले आ-आफ्नो स्वामित्वमा रहेको शेयर क्रमशः साना किसान सहकारी संस्थाहरुलाई बिक्री गर्ने नीति अनुरुप नेपाल सरकारको पुरै र कृषि विकास बैंक लि.को केही हिस्सा साना किसान सहकारी संस्था लि.हरुका नाममा बिक्री गरियो । सर्वसाधारणमा शेयर जारी भएपश्चात वित्तीय संस्थाको सोह्रौं साधारण सभाको निर्णयबाट वित्तीय संस्थाको अधिकृत पुँजी रु. १ अर्ब कायम भएको र वि.सं.२०७६ असारसम्म चुक्ता पुँजी रु. ७८ करोड ६० लाख ३४ हजार पुगेको छ ।

अहिले संस्थापक तर्फबाट २३१ वटा साना किसान सहकारी संस्थाहरुले शेयर लगानी बढाइ कुल रु. ३४ करोड ३१ लाख २ हजार अर्थात ४४ प्रतिशत पुऱ्याएका छन् । कृषि विकास बैंक लि.को शेयर स्वामित्व रु. १७ करोड ३१ लाख ५९ हजार अर्थात २२ प्रतिशत कायम रहेको छ । नेपाल बैंक लि. को रु. ९५ लाख ४५ हजार अर्थात १ प्रतिशत रहेको छ । नबिल बैंक लि.को रु. २ करोड ३८ लाख ६३ हजार अर्थात ३ प्रतिशत रहेको छ । यसरी संस्थापकहरुको कुल रु. ५४ करोड ९६ लाख ६८ हजार अर्थात ७० प्रतिशत शेयर हिस्सा रहेको छ । सर्वसाधारण शेयर धनीहरुको रु. २३ करोड ६३ लाख ६७ हजार अर्थात ३० प्रतिशत शेयर स्वामित्व रहेको छ ।

**लघुवित्त वित्तीय संस्थाको शेयर संरचना रु. लाखमा**




**तालिका नं १८: लघुवित्त वित्तीय संस्थाको सेयर संरचना**

(मिति २०७६/०३/३१)

| समूह | चुक्ता पुँजी (रु. मा) | प्रतिशत | सञ्चालक समितिमा प्रतिनिधित्व संख्या |
|---|---|---|---|
| समूह (क) प्रवर्द्धक समूह | ५४९,६६७,६९३.३६ | ६९.९३% | |
| क. १ कृषि विकास बैंक लि. | १७३,१५८,८३७.८९ | २२.०३% | १ |
| क. २.१ नेपाल बैंक लि. | ९,५४५,००९.७७ | १.२१% | |
| क. २.२ नबिल बैंक लि. | २३,८६२,६४६.४८ | ३.०४% | |
| क. ३ साना किसान सहकारी संस्थाहरू | ३४३,१०१,१९९.२२ | ४३.६५% | ३ |
| समूह (ख) सर्वसाधारण शेयरधनी | २३६,३६७,२१८.७५ | ३०.०७% | २ |
| स्वतन्त्र सञ्चालक | - | - | १ |
| जम्मा | ७८६,०३४,९१२.११ | १००.००% | ७ |

*नोट: २०७५/७६ को २७.२५% बोनस शेयर प्रस्ताव पारित भएपछि वित्तीय संस्थाको कुल चुक्ता शेयर रकम रु. १,००,०२,२९,४२५/६५ पुग्ने छ ।*

### (ख) वित्तीय संस्थाको पुँजी योजना

२०७५ आषाढ मसान्त भित्र कायम गर्नुपर्ने न्युनतम चुक्ता पुँजी समानुपातिक रुपमा वृद्धि गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २००५/०८ पत्र संख्या बै.वि.नि.वि/नीति/परिपत्र/घ/१/०७४ को निर्देशन बमोजिम यस वित्तीय संस्था सञ्चालक समितिको मिति २०७३/५/२६ गते बसेको बैठकबाट पुँजी-योजना स्वीकृत गरिएको थियो। नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कायम गर्नुपर्ने न्युनतम चुक्ता पुँजी यस वित्तीय संस्थाले आ.व. २०७४/७५ आषाढ मसान्तसम्ममा नै देहाय अनुसार कायम गरेको छ।

**तालिका - २९ : पुँजी योजना**

रु हजारमा

| क्र.सं. | विवरण | आव २०७४/७५ | आव २०७५/७६ |
|---|---|---|---|
| १ | चुक्ता पुँजी अ.ल्या. | ६२,८८,२८ | ७८,६०,३५ |
| २ | बोनस शेयर (२५ प्रतिशत) | १५,७२,०७ | |
| | बोनस शेयर (२७.२५ प्रतिशत) | | २१,४१,९४ |
| ३ | कायम हुने चुक्ता पुँजी | ७८,६०,३५ | १,००,०२,२९ |

## ७.२ सुशासन तथा संगठनात्मक संरचना

यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्ग निर्देशनहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरू पारदर्शी एवं नियमसङ्गत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा, सर्त तथा सुविधा समिति र आन्तरिक लेखा परीक्षण एकाइ क्रियाशील रहेको छ। वित्तीय संस्थाको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ। वित्तीय संस्थाको संस्थागत सुशासन कायम गर्न देहायबमोजिमका सभा, समिति, उपसमिति, बैठक र पदाधिकारीको महत्वपूर्ण योगदान रहेको छ।

### (क) वार्षिक साधारणसभा

वित्तीय संस्थाको सर्वोच्च अङ्ग साधारण सभा हो। वित्तीय संस्थाले स्थापना देखि हालसम्म नियमित रूपमा वार्षिक साधारण सभा गर्दै आएको छ। साधारण सभामा सबै शेयर सदस्यहरूको प्रतिनिधित्व हुन सक्ने गरी समयमा सूचना प्रवाह गर्ने, वित्तीय संस्थाका वार्षिक गतिविधि र योजनाका सम्बन्धमा छलफल गर्ने एवं महत्वपूर्ण निर्णयहरू गर्ने कुरामा वार्षिक साधारण सभा ज्यादै प्रभावकारी रहिआएको छ।

### (ख) सञ्चालक समिति

शेयर सदस्यहरूबाट मनोनीत र निर्वाचित प्रतिनिधिहरूबाट यस वित्तीय संस्थाको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ। सञ्चालक समितिको बैठक नियमित रूपमा बसी संस्थाको कार्य प्रगतिको समीक्षा गर्ने, प्रचलित कानुनहरू, संस्थाको प्रबन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैंकका निर्देशनहरू, समसामयिक आर्थिक/सामाजिक अवस्था, बजार र प्रतिस्पर्धीहरू समेतलाई ध्यानमा राखी आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने कार्यमा सञ्चालक समिति प्रतिबद्ध रहेको छ।

वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली अनुसार यस संस्थामा प्रवर्द्धक समूह (क) बाट क्रमशः कृषि विकास बैंक, नेपाल बैंक लि. एवं नबिल बैंक लि.का तर्फबाट आलोपालो १ जना, साना किसान सहकारी संस्थाहरूका तर्फबाट १ जना महिला सहित ३ जना र समूह (ख) सर्वसाधारण शेयरधनीबाट निर्वाचित २ जना र स्वतन्त्र सञ्चालक १ जना गरी जम्मा ७ जनाको सञ्चालक समिति रहने व्यवस्था छ।

श्री खेम बहादुर पाठकको अध्यक्षता रहेको वित्तीय संस्थाको सञ्चालक समितिमा हाल कृषि विकास बैंकका तर्फबाट श्री प्रताप सुवेदी, साना किसान सहकारी संस्थाहरुको तर्फबाट श्री खेमबहादुर पाठक, श्री रविन्द्र यादव र श्री चाँदनी ढकाल (महिला तर्फबाट), सर्वसाधारण शेयरधनीका तर्फबाट श्री उमेश लम्साल र श्री भूपेश छत्कुली एवं स्वतन्त्र सञ्चालकको तर्फबाट चार्टर्ड एकाउन्टेन्ट् श्री उपहार राज घिमिरे गरी सात जना पदाधिकारी रहनु भएको छ। संस्थापक शेयरधनी संस्थाहरु कृषि विकास बैंक, नेपाल बैंक लि. र नबिल बैंक लि. ले यस वित्तीय संस्थाको सञ्चालक समितिमा आलोपालो गरी प्रतिनिधि पठाउने व्यवस्था अनुसार २०७५/३/३ देखि यस वित्तीय संस्थाको सञ्चालक नियुक्त हुनु भएका श्री अरुण कुमार ढुङ्गाना कृषि विकास बैंकको सेवाबाट निवृत्त हुनु भएकोले निजको स्थानमा

**तालिका-३०: वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू**

| क्रसं | नाम | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | श्री खेमबहादुर पाठक | अध्यक्ष | साना किसान सहकारी संस्था लि. |
| २ | श्री प्रताप सुवेदी | सदस्य | कृषि विकास बैंक लि. |
| ३ | श्री रविन्द्र यादव | सदस्य | साना किसान सहकारी संस्था लि. |
| ४ | श्री चाँदनी ढकाल | सदस्य | साना किसान सहकारी संस्था लि (महिला सञ्चालक) |
| ५ | श्री उमेश लम्साल | सदस्य | सर्वसाधारण शेयरधनी |
| ६ | श्री भूपेश छत्कुली | सदस्य | सर्वसाधारण शेयरधनी |
| ७ | श्री उपहार राज घिमिरे | सदस्य | स्वतन्त्र सञ्चालक |

कृषि विकास बैंकका तर्फबाट श्री प्रताप सुवेदीलाई सञ्चालक समितिको बैठक नं. ३४७, मिति २०७६/०३/२२ को निर्णय बमोजिम सञ्चालक पदमा नियुक्त गरिएको छ ।

सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्नुभएका सञ्चालकद्धय श्री उमेश लम्साल र श्री भुपेश छत्कुली मिति २०७५ आषाढ २९ गते सम्पन्न विशेष साधारणसभाबाट पुन: निर्वाचित भएर आउनु भएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार १ जना स्वतन्त्र सञ्चालक नियुक्ती गर्नुपर्नेमा चार्टर्ड एकाउन्टेन्ट् श्री उपहार राज घिमिरेलाई नियुक्त गरिएको छ ।

### (ग) सञ्चालक समिति संयोजक रहने गरी गठित समितिहरु

मिति २०७६/३/२२ गते बसेको सञ्चालक समितिको ३४७ औं बैठकबाट पुनरगठन गरिएको समितिहरुको विवरण :

क. लेखापरीक्षण समिति

| | |
|---|---|
| श्री उमेश लम्साल, सञ्चालक | संयोजक |
| श्री उपहार राज घिमिरे, सञ्चालक | सदस्य |
| श्री भिम प्रसाद गैह्रे, आ.ले.प. तथा निरिक्षण शाखा प्रमुख | सदस्य सचिव |

ख. जोखिम व्यवस्थापन समिति

| | |
|---|---|
| श्री भुपेश छत्कुली, सञ्चालक | संयोजक |
| श्री उमेश लम्साल, सञ्चालक | सदस्य |
| श्री कृष्ण प्रसाद लामिछाने, ऋण तथा कार्यक्रम विभाग प्रमुख | सदस्य सचिव |

ग. कर्मचारी सेवा-सुविधा समिति

*(२०७६/९/३ गते बसेको ३६३ औं बैठकबाट पुनरगठित)*

| | |
|---|---|
| श्री प्रताप सुवेदी, सञ्चालक | संयोजक |
| श्री भुपेश छत्कुली, सञ्चालक | सदस्य |
| श्री चाँदनी ढकाल, सञ्चालक | सदस्य |
| डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत | सदस्य |
| श्री अञ्जु पाठक, लेखा, जनशक्ति तथा सामान्य सेवा विभाग प्रमुख | सदस्य सचिव |

घ. सम्पत्ति शुद्धिकरण अनुगमन समिति

*(२०७६/९/३ गते बसेको ३६३ औं बैठकबाट पूनरगठित)*

| | |
|---|---|
| श्री रविन्द्र यादव, सञ्चालक | संयोजक |
| श्री प्रताप सुवेदी, सञ्चालक | सदस्य |
| श्री कृष्ण प्रसाद लामिछाने, कर्जा विभागका विभागीय प्रमुख | सदस्य |
| डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत | सदस्य (पदेन) |
| श्री अञ्जु पाठक, लेखा, जनशक्ति तथा सामान्य प्रशासन विभाग प्रमुख | सदस्य सचिव |

### (घ) अन्य समिति/उपसमितिहरु

अ. ऋण समिति : वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाको संयोजकत्वमा नायव प्रमुख कार्यकारी अधिकृत, कर्जा तथा कार्यक्रम विभागका विभागीय प्रमुख, वित्त जनशक्ति तथा सामान्य प्रशासन विभागका विभागीय प्रमुख तथा ऋण शाखाका प्रमुख सहित ५ सदस्यीय ऋण समिति रहेको छ ।

आ. पदपूर्ति समिति : का.मु. नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईको संयोजकत्वमा प्रा.डा. विनय कुमार कुसियत (स्वतन्त्र विज्ञ), श्री नारायण प्रसाद आचार्य (कृषि विकास बैंक लि.), श्री जीवन प्रकाश पाण्डे (नेपाल राष्ट्र बैंक), मुख्य प्रबन्धक श्री अञ्जु पाठक र जनशक्ति परामर्शदाता श्री दिपक के.सी. सदस्य सचिव रहेको ६ सदस्यीय कर्मचारी भर्ना तथा छनौट समितिले संस्थामा समय सापेक्ष रुपमा मानवसंसाधन आवश्यकता पहिचान, कर्मचारी भर्ना तथा छनौट गर्ने काम गर्दछ ।

## ७.३ आन्तरिक नियन्त्रण प्रणाली

(क) नीति नियम

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा प्रचलित कानुनहरू र नेपाल राष्ट्र बैंकले विभिन्न समयमा जारी गर्ने निर्देशन एवं परिपत्रहरूको अधीनमा रही वित्तीय संस्थाले आफ्ना व्यावसायिक कारोबारहरू सञ्चालन गर्दछ । साधारण सभाको निर्देशन एवं सञ्चालक समितिका निर्णयहरूबाट संस्थाका क्रियाकलापहरू निर्देशित हुने गर्दछन् । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०७४, कर्जा अपलेखन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७, स्वरोजगार कर्जा कारोबार सञ्चालन कार्यविधि २०६८, लिलामीसम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बीमा कार्यान्वयन कार्यविधि २०६८, आन्तरिक नियन्त्रण नीति २०६९, नवीकरणीय ऊर्जा कर्जा लगानी असुली कार्यविधि २०७१, सामाजिक/सामुदायिक विकास कार्यक्रमका लागि अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०७२ र यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही वित्तीय संस्थाका कार्यहरू सञ्चालन हुने गर्दछन् ।

### (ख) सुशासनकालागि अन्य प्रबन्धन

अ. आन्तरिक लेखापरीक्षण तथा निरीक्षण एकाइ : लघुवित्त वित्तीय संस्थमा लेखापरीक्षण समितिको निर्देशनमा रहने गरी आन्तरिक लेखापरीक्षण तथा निरीक्षण शाखा रहेको छ । यस शाखाले मातहतका सबै कार्यालयहरूको नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्दछ भने कर्जा कारोवार गर्ने ग्राहक संस्थाहरूको स्याम्प्लिङ गरी निरीक्षण र अनुगमन कार्यलाई सञ्चालन गर्दछ । नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६.२ (ग) बमोजिम नियमित रुपमा आन्तरिक लेखा

परीक्षण कार्य गर्नका लागि Outsource गरी J.N Prathihast & Associates लाई आन्तरिक लेखा परीक्षकको रुपमा नियुक्त गरिएकोछ ।

आ. अन्तिम लेखापरीक्षण : वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्षको चार्टड एकाउन्टेन्ट्सबाट स्वतन्त्र रूपमा अन्तिम लेखापरीक्षण गराउने गर्दछ । आ.व.२०७५/७६ को लेखा परीक्षण खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट सम्पन्न भएको छ ।

इ. कर्मचारी बैठक : प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा कर्मचारीहरूको बैठक बसी सहभागितामूलक विधिबाट छलफल गरी निर्णय गर्ने पद्धति रहेको छ । बैठकमा वित्तीय संस्थाको उद्देश्य हासिल गर्न सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूको प्रगतिको समीक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी र सहज रूपमा काम-कारवाहीहरू सञ्चालन गर्न अपनाइने रणनीतिहरू तर्जुमा गरिन्छ ।

ई. प्रमुख कार्यकारी अधिकृत : वित्तीय संस्थाको दैनिक कार्यसञ्चालन, योजना तर्जुमा, स्रोत व्यवस्थापन, आन्तरिक नियन्त्रण, समन्वय र सम्बन्ध विकास जस्ता यावत् कार्यहरू प्रमुख कार्यकारी अधिकृतबाट हुने व्यवस्था गरिएको छ । प्रमुख कार्यकारी अधिकृत अन्तर्गत नायव प्रमुख कार्यकारी अधिकृत, विभिन्न विभाग, शाखा र इलाका कार्यालयहरूले व्यावसायिक गतिविधि सञ्चालन गर्दछन् । प्रमुख कार्यकारी अधिकृतको लघुवित्त र व्यवस्थापकीय क्षेत्रमा लामो अनुभव, व्यावसायिक दक्षता, अन्तरवैयक्तिक क्षमता, दूरदृष्टि र कुशल व्यवस्थापनले संस्थाको प्रगतिमा महत्वपूर्ण भूमिका खेलेको छ ।

उ. कर्मचारी कार्य विवरण (Job Description) : कर्मचारीहरूमा स्पष्ट कार्यविभाजन, कार्यसम्पादन मूल्याङ्कन पद्धति, अधिकार र जिम्मेवारी प्रदान, उचित सेवा-सुविधा आदि कारणले गर्दा उच्च मनोबलका साथ काम गर्ने वातावरण कायम रहेको छ ।

ऊ. वार्षिक/अर्धवार्षिक समीक्षागोष्ठी : वित्तीय संस्थाले नियमित रूपमा केन्द्रीय र एकाइ/इलाका कार्यालयसहितको वार्षिक र अर्धवार्षिक प्रगति समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठीको आयोजना गर्दै आएको छ । त्यसै गरी आबद्ध सहकारी संस्थाका प्रतिसंस्था कम्तीमा २ जना आधिकारिक प्रतिनिधिहरूको सहभागितामा केन्द्रीय कार्यालयको आयोजनामा वार्षिक रूपमा प्रगति समीक्षा तथा रणनीति तर्जुमागोष्ठी र इलाका कार्यालयको आयोजनामा अर्धवार्षिक समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठी आयोजना गर्दै आएको छ ।

### (ग) मानव संसाधन

अ. दरबन्दी : यस वित्तीय संस्थामा कार्यरत कर्मचारीहरू र व्यवस्थापनबीचको सौहार्द्रपूर्ण सम्बन्ध र कर्मचारीहरूको जिम्मेवारी र उत्तरदायित्वप्रतिको लगावले गर्दा सङ्ख्यात्मक रूपमा थोरै कर्मचारी रहे तापनि छोटो अवधिमा नै संस्थाले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकेको हो । वित्तीय संस्थाले कर्मचारीहरूलाई प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययनको अवसर दिने, राष्ट्रिय-अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरूमा सहभागी गराउने आदि जस्ता वृत्ति विकासका अवसरहरू प्रदान गर्ने गरेको छ ।

**तालिका - ३१ : कार्यरत कर्मचारी संख्या एवं दरबन्दी**

| क्र. सं. | सेवा प्रकार | कार्यरत कर्मचारी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | स्थायी कर्मचारी | १८ | ५९ | ७७ |
| २ | करार सेवाका कर्मचारी | - | ११ | ११ |
| ३ | ज्यालादारी कर्मचारी | ३ | ३ | ६ |
| ४ | परियोजना कर्मचारी | - | १६ | १६ |
| | कुल जम्मा : | २१ | ८९ | ११० |

कर्मचारीको विस्तृत नामावली अनुसूची-१ मा समावेश छ ।

आ. भर्ना र विकास : यस वित्तीय संस्थामा कामको चापलाई मध्यनजर गरी आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्ने तथा उपयुक्त विधिको आधारमा छनौट गर्ने प्रकृयालाई अगाडी बढाइएको छ । प्रकृया पुरा गरी भर्ना भएका कर्मचारीलाई उपयुक्त स्थानमा पदस्थापन गर्ने तथा वृत्ति विकासका लागी विभिन्न तालिम, गोष्ठि तथा सेमीनारहरुमा सहभागी गराउने कुरामा व्यवस्थापन सधैं लागीपरेको छ । यसका साथै पदोन्नति तथा सरुवाको प्रकृया पनि नियमावली अनुरुप अगाडी वढिरहेको छ ।

इ. पारिश्रमिक र सुविधा : वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई संस्थाले विभिन्न सेवा, सुविधा उपलब्ध गराउदै आएको छ । जसमा मासिक तलव, भत्ताका अतिरिक्त दशैं खर्च, औषधि खर्च, पत्रपत्रिका सुविधा तथा वार्षिकोत्सवमा एक महिना बराबर को तलव तथा नियमित रुपमा वोनस सुविधा उपलब्ध गराउदै आएको छ ।

ई. वित्तीय संस्था व्यवस्थापन : यस लघुवित्त वित्तीय संस्थाको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनका लागी प्रमुख कार्यकारी अधिकृत, दुई जना नायव प्रमुख कार्यकारी अधिकृत तथा दुई जना विभागीय प्रमुखको जिम्मेवारी तोकिएको छ । साथै

विभिन्न शाखा तथा एकाईहरुमा आवश्यकता अनुसारका वरिष्ठ प्रबन्धक, प्रबन्धक, अधिकृत तथा सहायक कर्मचारीहरु नियुक्ति भई कार्यहरु गर्दै आउनुभएको छ ।

उ. लघुवित्त वित्तीय संस्थाका कार्यालयहरु : यस वित्तीय संस्थाको काठमाडौंमा एक केन्द्रीय कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी ११ वटा इलाका कार्यालयहरु मार्फत वित्तीय संस्थाको सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । प्रदेश नं. १ को लागि बिर्तामोड (झापा) र इटहरी (सुनसरी), प्रदेश नं. २ को लागि बर्दिवास (महोत्तरी), प्रदेश नं. ३ को लागि गजुरी (धादिङ्ग), हेटौडा (मकवानपुर) र बनेपा (काभ्रे), प्रदेश नं. ४ को लागि पोखरा (कास्की), प्रदेश नं. ५ को लागि नेपालगञ्ज (बाँके) र बुटवल (रुपन्देही), प्रदेश नं. ६ को लागि विरेन्द्रनगर (सुर्खेत) र प्रदेश नं. ७ को लागि अत्तरिया (कैलाली) मा रहेका इलाका कार्यालयहरुबाट साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य सहकारी संस्थाहरुलाई सहजरुपमा वित्तीय तथा गैरवित्तीय सहयोग प्रदान गर्दै आएका छन् ।

### (घ) सम्मान र पुरस्कार

(१) साना किसानको स्वामित्व र साना किसानबाटै संचालन तथा व्यवस्थापन भई अति न्यून शिरोभार खर्चमा ग्रामीण गरिबको जिवनस्तर सुधारमा सहयोग गर्ने साना किसान सहकारी संस्था जस्तो ग्रामीण लघुवित्त संस्थाको नमूना (Model) र यसको भूमिकालाई कदर गर्दै विश्व बैंक अर्न्तगतको Consultative Group to Assist the Poor (CGAP) र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agriculture Development, IFAD) बाट यस बैंक सन् २००३ मा पुरस्कृत भएको छ । उक्त ५० हजार अमेरिकी डलर राशिकोपुरस्कार रकमलाई अक्षय कोषमा राखि सो को परिचालनबाट अनुसरण कार्यक्रम संचालन गराई थप विपन्न वर्गलाई लघुवित्त सेवाको पहुँचमा ल्याउने कार्य यस वित्तीय संस्थाबाट हुँदै आएको छ ।

(२) 2nd Newbiz Business Conclave and Awards–2014 का तर्फबाट बितरण हुने Best Managed Microfinace Company of the Year नामक पुरस्कार प्राप्त गर्न यो वित्तीय संस्था सफल भएको छ ।

### धन्यवाद ज्ञापन

अन्त्यमा, म सञ्चालक समितिको तर्फबाट यस वित्तीय संस्थाको प्रगति तथा समृद्धिका लागि हरेक कृयाकलापमा सहयोग, सुझाव तथा अटुट साथ दिइरहनु भएका हाम्रा सम्पूर्ण संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, साझेदार संस्थाहरु, शुभचिन्तकहरु तथा संस्थाको उत्तरोत्तर विकासका लागि अहोरात्र खटिनुभएका लगनशिल, इमान्दार र योग्य कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मिति २०७५/३/३ देखि २०७६/३/२२ सम्म यस वित्तीय संस्थाको सञ्चालक पदमा रहनु भएका श्री अरुण कुमार ढुङ्गानालाई उहाँले पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्दछु । संस्थाको प्रगतिको लागि निरन्तर सहयोग र मार्गदर्शन गर्ने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्पूर्ण सम्बन्धीत सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संघ/संस्थाहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । यसका साथै यस संस्थाको गतिविधीलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याउन सहयोग गर्ने सम्पूर्ण सञ्चार माध्यम र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संस्थाको प्रगतिमा सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु प्रति आभार प्रकट गर्दछु । यस गरिमामय सभामा प्रस्तुत गरिएका सबै साधारण तथा विशेष प्रस्तावहरुमा छलफल गरी यसलाई पारित गरिदिनका लागि शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दै आगामी दिनहरुमा पनि सबै क्षेत्रबाट यस वित्तीय संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, स्नेह तथा सद्भाव प्राप्त हुने आशा गर्दछु ।

धन्यवाद !

**खेम बहादुर पाठक**

अध्यक्ष

साना किसान विकास आयोजनाहरु साना किसान सहकारी संस्थामा परिणत भएको र साना किसान सहकारी अनुसरण कार्यक्रमको माध्यमबाट थप क्षेत्रमा साना किसान सहकारी संस्थाहरुको स्थापनाक्रम निरन्तर जारी रहेकोले यी संस्थाहरुलाई जाने वित्तीय तथा गैरवित्तीय सेवामा निरन्तरता दिई त्यस्ता संस्थाको अनुगमन तथा क्षमता अभिवृद्धि गर्दै सांगठानिक तवरले दिगो र वित्तीय हिसावले सक्षम बनाउन र साना किसान विकास कार्यक्रमको मर्म र उद्देश्यलाई जिवन्त राख्दै संस्थागत स्तरमा सिर्जित जोस जाँगर र उत्साह कायम गर्न र स्वामित्व प्राप्ति पछिको वित्तीय सेवाको मागलाई सहज परिपूर्ति गर्न पनि एक संरक्षक वित्तीय संस्थाको आवश्यकतालाई दृष्टिगत गर्दै कृषि विकास बैंक लि.को अग्रसर तामा विभिन्न क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरु, नेपाल सरकार तथा अन्य वाणिज्य बैंकहरु समेतको शेयर लगानीमा विक्रम संवत २०५८ असार २२ गते 'घ' वर्गको एक विशिष्ट लघुवित्त विकास वित्तीय संस्था को रुपमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. (जसलाई यस पश्चात वित्तीय संस्था भनि सम्बोधन गरिएको छ) को स्थापना भएको हो ।

यस वित्तीय संस्था ले शेयर पुँजी, बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा, दातृसंस्था तथा नेपाल सरकारबाट प्राप्त श्रोतलाई परिचालन गरी साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरुको कर्जा मागलाई बैंकका ११ वटा इलाका कार्यालयहरु मार्फत सेवा प्रवाह गर्दै आएको छ। यसका अतिरिक्त नेपाल सरकार र अन्य वैदेशिक संघ संस्थासँग समन्वय गरी तालिम/गोष्ठी (क्षमता विकास) कार्यक्रम, पशु विमा कार्यक्रम, सामाजिक तथा सामुदायिक कार्यक्रम, संस्थाको क्षमता अभिवृद्धि र सेवा पाउने साना किसानको संख्या वृद्धिका लागि अनुसरण कार्यक्रम संचालन गर्दै आएको छ ।

## लेखाङ्कन तथा प्रस्तुतिको आधार

वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकको निर्देशनमा तोकिएको व्यवस्थाको आधारमा तयार गरिएको छ र नेपाल राष्ट्र बैंकको निर्देशनमा नतोकिएको अवस्थामा लेखाको सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) तथा कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ मा आधारित छन् ।

अन्यथा उल्लेख भएकोमा बाहेक, वित्तिय संस्थाले प्रोदभावी लेखाङ्कन आधार (Accrual Basis) तथा ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) लाई अपनाएको छ । वित्तिय संस्थाका लेखानीतिहरु विगत वर्षदेखि एकैरुपले (Consistently) अवलम्बन गरिएको छ ।

वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकद्वारा तोकिएको ढाँचा तथा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ ।

अवलम्वन गरिएका लेखा सम्बन्धी प्रमुख नीतिहरु निम्नानुसार छन् -

## प्रमुख लेखा नीतिहरु

### १. स्थीर सम्पत्ति तथा ह्रासकट्टी

वित्तीय संस्था का स्थीर सम्पत्तिहरुलाई ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप घट्दो मुल्य प्रणाली (WDV Basis) आधारमा लेखाङ्कन गरिएको छ ।

वित्तीय संस्थाका स्थीर सम्पत्तिहरुमा वित्तीय संस्थाको लेखा निर्देशिका २०५९ बमोजिम निर्दिष्ट दर रेटमा घट्दो मौज्दात प्रणाली अनुसार ह्रासकट्टी गरिएको छ। वित्तीय संस्थाले अवलम्बन गरेको ह्रासकट्टी दर निम्नबमोजिम रहेको छ :

| स्थीर सम्पत्ती समूह | ह्रासकट्टी दर (प्रतिशत) |
|---|---|
| भवन तथा घर/टहरा | ५ |
| फर्निचर | २५ |
| कम्प्यूटर तथा हिसाब गर्ने मेशिन औजार | २५ |
| सवारी साधन | २० |
| विविध सामान | २५ |

### २. आयकर व्यवस्था नीति

आयकर ऐन २०५८ को प्रावधान अनुसार चालु वर्षको करयोग्य आय तथा कर गणना गरिएको छ । स्थगन कर (Deferred Tax) को लेखाङ्कन नेपाल लेखामान १२ (NAS 12) अनुसार गरिएको छ ।

### ३. लगानी सम्वन्धी लेखा नीति

क) नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको लगानी सम्बन्धी निर्देशनबमोजिम संगठित संस्थाको शेयरमा गरिएका लगानीलाई खरिद मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ उक्त रकममा मुल्यांकन गर्ने नीति अपनाएको छ ।

ख) बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती खातामा गरिएको लगानी र सुचिकृत नभएका कम्पनिहरुको सेयरमा गरेको लगानीलाई परल मोलमा देखाईएको छ ।

### ४. सटही घटबढ समायोजन नीति

वित्तीय संस्थाले विदेशी मुद्रासँग सम्बन्धित सम्पत्ति दायित्व तथा सटही घटबढ आम्दानी तथा खर्चहरुको लेखाङ्कन नेपाल राष्ट्र बैंकको निर्देशनअनुरुप गर्ने नीति लिईएको छ । वित्तीय संस्थाले चालु आर्थिक वर्षमा सटही घटबढ आम्दानी गरेको छैन ।

### ५. गैर बैंकिङ्ग सम्पत्तिको लेखाङ्कन नीति

वित्तीय संस्थाले कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैले सकार गरी नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम लेखाङ्कन गर्ने नीति रहेको छ । वित्तीय संस्थाले हालसम्म गैर बैंकिङ्ग सम्पत्तिको रुपमा कुनै धितो स्वीकार गरेको छैन ।

### ६. पुँजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति

एक वर्षभन्दा कम समय टिक्ने र/वा रु. ५,०००/- सम्मको मूल्य रहेका सामानहरु पुँजीकरण नगरि खरिद गरेकै वर्षमा खर्च लेख्ने गरिएको छ ।

### ७. आम्दानी/खर्चको लेखाङ्कन नीति

क) कर्जा/सापटको ब्याज आम्दानी लेखाङ्कन नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप नगद प्राप्तीको आधारमा गरिएको छ ।

ख) उपरोक्त भन्दा बाहेकका सम्पूर्ण आम्दानी खर्चको लेखाङ्कन प्रोदभावी आधार (Accural Basis) मा गरिएको छ ।

### ८. सम्भावित कर्जा नोक्सानी व्यवस्था तथा असुली हुन नसक्ने कर्जाहरुको अपलेखन नीति

क) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जा तथा सापटको वर्गिकरण गरी तोकिएको दरमा सम्भावित कर्जा नोक्सानी व्यवस्था गणना गरिएको छ ।

ख) असुल हुन नसक्ने कर्जाहरुको नेपाल राष्ट्र बैंकले दिएको निर्देशन र वित्तीय संस्थाको कर्जा अपलेखन विनियमको अधिनमा रही अपलेखन गर्ने नीति लिइएको छ । वित्तीय संस्थाले चालु आर्थिक वर्षमा कर्जा अपलेखन गरेको छैन ।

### ९. कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था

वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था एवं लघुवित्त संस्थाहरुलाई लघुवित्त प्रयोजनार्थ छोटो र मध्यम अवधिको लागि थोक कर्जा प्रवाह गर्ने नीति लिएको छ । यसरि प्रवाहित कर्जा असुल गर्दा सर्वप्रथम उक्त कर्जाको ब्याज असुल उपर भएपछि मात्र बाँकी रकमवाट साँवा असुल गर्ने गरिएको छ ।

### १०. अन्य नीतिहरु

#### क. ब्याज गणना गर्ने तरिका

ग्राहक सुरक्षणमा दिईने ब्याज तथा कर्जामा लिईने ब्याज ३६५ दिनलाई १ वर्षको आधार मानी गणना गर्ने गरिएको छ ।

#### ख. कर्मचारी सुविधा

वित्तीय संस्थाले बिरामी बिदा, संचित घरबिदा र उपदान व्यवस्था खर्च प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरेको छ ।

#### ग. मसलन्द

कार्यालय प्रयोजनका लागि खरिद गरिएका मसलन्द उपभोग भएको अनुसार FIFO आधारमा खर्च लेखिएको छ ।

#### घ. अनुदान लेखाङ्कन

नेपाल सरकार वा अन्य निकायबाट वित्तीय संस्थालाई प्राप्त अनुदानबाट खरिद भएका स्थीर सम्पत्तिहरुलाई पुरै मूल्यमा लेखाङ्कन गरी प्राप्त अनुदान रकमलाई अनुदान तथा पुँजीगत जगेडा कोषमा आम्दानी जनाउने गरिएकोमा उक्त स्थीर सम्पत्तिहहरुको ह्रास खर्चलाई अनुदान तथा पुँजीगत जगेडा कोषमा खर्च लेख्ने गरिएकोछ ।

#### ङ. पुनरवर्गीकरण/पुनरसंयोजन

गत वर्षका अंकहरु आवश्यकताअनुसार पुनरवर्गिकरण/पुनरसंयोजन गरिएका छन् ।

ने. रा. बैं. निर्देशन अनुसूची ४.२७

# लेखा सम्वन्धी टिप्पणीहरु

आ.व.२०७५/७६

## १. लगानी, असुली तथा आम्दानी

वित्तीय संस्थाको आ.व. २०७५/७६ को वार्षिक ऋण लगानी, असुली तथा मिनाहा गरिएको साँवा तथा ब्याजको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | ऋण लगानी (रु. हजारमा) | १७,७२,४८,७५ |
| २. | साँवा असुली (रु. हजारमा) | १४,१५,९०,४६ |
| ३. | ब्याज आम्दानी (रु. हजारमा) | १,९९,०६,७७ |
| ४. | मिनाहा गरिएको साँवा | - |
| ५. | मिनाहा गरिएको ब्याज | - |

## २. निक्षेप दायित्व अन्तर्गत प्रत्येक शीर्षकमा वर्ष भरिमा परिवर्तनको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम रु हजारमा |
|---|---|---|
| १. | वर्ष भरिमा निक्षेप दायित्व प्राप्ति | - |
| २. | वर्ष भरिमा निक्षेप दायित्व भुक्तानी | - |
| ३. | वर्ष भरिमा निक्षेप दायित्व बाँकी | - |

## ३. निक्षेपरतिर्न बाँकी कर्जा सापट र कर्जा लगानीको भारित औषत ब्याज दरको अन्तर (Weighted Average Interest Rate Spread) को विवरण

| विवरण | रकम रु हजारमा |
|---|---|
| कर्जामा भारित औषत ब्याज दर | ९.९९ |
| तिर्न बाँकी कर्जा दायित्वमा भारित औषत ब्याज दर | ५.९१ |
| खुद ब्याज दर अन्तर | ४.०८ |

## ४. अपलेखन हुन बाँकी खर्चको विवरण

प्रस्तुत आर्थिक वर्षमा वित्तीय संस्थाको अपलेखन गर्न बाँकी खर्चको मौज्दात रहेको छैन ।

## ५. वित्तीय संस्थाको सम्पत्ति र दायित्वसँग सम्बन्धित कारोबार र वासलात बाहिरका कारोबार कुनै एक व्यक्ति, परिवार वा संगठित संस्था तथा कुनै एक क्षेत्रमा तोकिएको सीमा (संस्था को प्राथमिक पुँजीको २५ प्रतिशत) भन्दा बढी अधिकेन्द्रित भएको छैन ।

रकम रु हजारमा

| विवरण | २०७५ चैत्रको प्राथमिक पुँजी कोष | एक व्यक्ति, परिवार वा संगठित संस्थासँगको अधिकतम कारोबार रकम रु.हजारमा | प्रतिशत |
|---|---|---|---|
| कर्जा तथा सापट | १९,१२,०९८.८५ | २,४७,३८६.७४ | १२.९४ |

६. तरलता सम्बन्धी जोखिम न्युनीकरण गर्न लघुवित्त वित्तीय संस्थाले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधि (Maturity Period) को आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नु पर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप सम्पत्ति र दायित्वको वर्गीकरण गरिएको विवरण निम्न अनुसार रहेको छ ।

रकम रु लाखमा

| क्र. सं. | विवरण | १-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | १ वर्ष भन्दा बढी | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | |
| १ | नगद | ७.०० | - | - | - | - | ७.०० |
| २ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ८३३.७० | - | - | - | २,८००.०० | ३,६३३.७० |
| ३ | मागेको बखत प्राप्त हुने रकम | १३,१९९.११ | - | - | - | - | १३,१९९.११ |
| ४ | सरकारी सुरक्षणपत्र | - | - | - | - | - | - |
| ५ | ने. रा. बैंक ऋणपत्र | - | - | - | - | - | - |
| ६ | अन्तर बैंक तथा वित्तीय संस्था कर्जा | - | - | - | - | - | - |
| ७ | कर्जा सापट | ३०,६८५.५९ | ३०,६८५.५९ | ३०,६८५.५९ | ४०,९१४.१२ | ७१,५९९.७१ | २०४,५७०.६० |
| ८ | पाउनुपर्ने ब्याज | ०.४४ | ०.५५ | ०.५५ | ०.६६ | - | २.२० |
| ९ | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने | | | | | | - |
| १० | क्र.स. १८ र १९ का सुविधाहरुको भुक्तानी | | | | | | - |
| ११ | अन्य | १४.१४ | १२.५६ | १२.५६ | १२.५६ | ३७२.९२ | ४२४.७४ |
| | **कुल सम्पत्ति** | ४४,७३९.९८ | ३०,६९८.७० | ३०,६९८.७० | ४०,९२७.३४ | ७४,७७२.६३ | २२१,८३७.३५ |
| **दायित्व** | | | | | | | |
| १२ | सदस्यहरुबाट निक्षेप | - | - | - | - | - | - |
| १३ | सर्वसाधारणबाट बचत निक्षेप | - | - | - | - | - | - |
| १४ | सर्वसाधारणबाट मुद्दती निक्षेप | - | - | - | - | - | - |
| १५ | ऋणपत्रहरु | - | - | - | - | - | - |
| १६ | सापटी : | १,२००.०० | १,९५५.४२ | १,२००.०० | १,९५५.४२ | १७०,१९२.५७ | १७६,५०३.४१ |
| | माग/अल्प सूचना | - | - | - | - | - | - |
| | अन्तर बैंक/वि.संस्था | १,२००.०० | १,२००.०० | १,२००.०० | १,२००.०० | ८९,६७५.१२ | ९४,४७५.१२ |
| | पुनरकर्जा | - | ५.४२ | - | ५.४२ | १७.४५ | २८.२९ |
| | अन्य | - | ७५०.०० | - | ७५०.०० | ८०,५००.०० | ८२,०००.०० |
| १७ | अन्य दायित्व तथा व्यवस्थाहरु : | ४०९.४८ | १६५.१६ | १७३.१६ | १८४.१६ | ५३६.८७ | १,४६८.८३ |
| | सण्ड्री क्रेडिटर्स | - | - | ८.०० | १९.०० | ५३.६१ | ८०.६१ |
| | भुक्तानी दिनुपर्ने बिल | ५७.५६ | - | - | - | - | ५७.५६ |
| | भुक्तानी दिनुपर्ने ब्याज | - | - | - | - | - | - |
| | व्यवस्थाहरु | २४५.७६ | - | - | - | २५८.६० | ५०४.३६ |
| | अन्य | १०६.१६ | १६५.१६ | १६५.१६ | १६५.१६ | २२४.६६ | ८२६.३० |
| १८ | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनुपर्ने | - | - | - | - | - | - |
| १९ | उपभोग भैनसकेको स्वीकृत सुविधाहरु | - | - | - | - | - | - |
| २० | क्र. सं. ९ अन्तर्गत सुविधाको भुक्तानी | - | - | - | - | - | - |
| २१ | अन्य | - | - | - | - | - | - |
| | कुल दायित्व | १,६०९.४८ | २,१२०.५८ | १,३७३.१६ | २,१३९.५८ | १७०,७२९.४४ | १७७,९७२.२४ |
| | खुद सम्पत्ति | ४३,१३०.५० | २८,५७८.१२ | २९,३२५.५४ | ३८,७८७.७६ | - ९५,९५६.८१ | ४३,८६५.११ |
| | संचित खुद सम्पत्ति | ४३,१३०.५० | ७१,७०८.६२ | १०१,०३४.१६ | १३९,८२१.९२ | ४३,८६५.११ | |

**७. वित्तीय संस्थाले संरक्षणको रुपमा आफ्नो सम्पत्ति धितो राखी रकम लिएको विवरण ।**

उपरोक्त अनुसार वित्तीय संस्थाले रकम लिएको छैन ।

**८. गैर बैकिङ्ग सम्पत्ति सम्बन्धि विवरण (गत वर्षको, यस वर्ष स्वीकार/विक्री र खुद बाँकी रकम) ।**

बैंकको हालसम्म कुनै गैर बैंकिङ्ग सम्पत्ति रहेको छैन ।

**९. चुक्ता पुँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेको (Forfeited But Not issued) शेयरहरु रहेको छ भने सोको विवरण ।**

वित्तीय संस्थाको चुक्ता पुँजीमध्ये अग्रीम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेको (Forfeited But Not issued) शेयरहरु रहेको छैन ।।

**१०. लिजहोल्ड सम्पत्तिमा गत वर्षसम्म र यस वर्ष अपलेखन (Amortization) गरिएका रकमको विवरण।**

वित्तीय संस्थाको हालसम्म कुनै लिजहोल्ड सम्पत्ति रहेको छैन ।

**११. वित्तीय विवरणहरुलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने जानकारी दिन आवश्यक देखिएका अन्य विवरण ।**

क) शेयर पुँजी रकम

यस वित्तीय संस्थाको शेयर पुँजी रकम (बोनस शेयर समेत) रु. १,००,०२,२९,४२५/६६ कायम रहेको छ ।

ख) साधारण जगेडा कोष

यस कोषमा गत वर्षसम्म मौज्दात रु. २८,७८,५०,१८२/०१ रहेकोमा यस आर्थिक वर्षको खुद नाफा रु. ४९,१५,१६,१३८/८० को २०% ले हुने रकम रु. ९,८३,०३,२२७/७६ थप भई वर्षको अन्त्यको मौज्दात जम्मा रु. ३८,६१,५३,४०९/७७ कायम रहेको छ ।

ग) पुनरस्थापना कोष

द्वन्द्ववाट प्रभावित तथा नयाँ भवन निर्माण गरेका साना किसान सहकारी संस्थाहरुको पुनरसंरचना गर्न यस कोषमा गत वर्षसम्म मौज्दात रु. ४,३६,६२,६१९/३९ रहेकोमा यस आर्थिक वर्षको खुद नाफाको ३% ले हुने रकम रु. १,४७,४५,४८४/१६ थप भई वर्षको अन्तमा रु. ५,८४,०८,१०३/५५ मात्र पुनरस्थापना कोष रहेको छ । यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

घ) संस्थागत सुदृढीकरण कोष

वित्तीय संस्था सँग आवद्ध साना किसान सहकारी संस्थाहरुको संस्थागत विकास गर्ने उद्देश्यले खडा गरेको संस्थागत सुदृढिकरण कोषमा हरेक वर्षको खुद नाफाको १०% रकम थप गर्ने व्यवस्था भएअनुरुप यस वर्षको खुद नाफाबाट बुँदा (ङ) मा भएको व्यवस्था अनुसार ग्राहक संरक्षण कोषमा जम्मा गरेको रकम रु. २,१९,८०,३९३/०३ र बुँदा (च) मा भएको व्यवस्था अनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रु. ४९,१५,१६१/३९ मात्र कटाई बाँकी रकम रु. २,२२,५६,०५९/४६ थप भई यस आर्थिक वर्षको अन्त्यमा उक्त कोषको मौज्दात रु. १२,५२,०२,६२६/७५ रहेको छ । यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

ङ) ग्राहक संरक्षण कोष

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को बुँदा ४.१ (ज) को व्यवस्था अनुसार वित्तीय संस्था को खुद नाफाको १ प्रतिशत रकम र २० प्रतिशत भन्दा माथिको प्रस्तावित लाभाशं रकमको २५ प्रतिसतको रकम समेतले हुन आउने रकम रु. २,१९,८०,३९३/०३ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि ग्राहक संरक्षण कोषमा जम्मा गरिएको छ । यस वर्षको अन्त्यमा यस को षको मौज्दात रकम रु. ५,५६,७७,६१६/१० रहेको छ । यस कोषको रकम नेपाल राष्ट्र बैंकको उपरोक्त परिपत्रमा भएको व्यवस्था अनुसार परिचालन गरिनेछ । यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

च ) संस्थागत सामाजिक उत्तरदायित्व कोष

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को बुँदा ६.४ को व्यवस्था अनुसार वित्तीय संस्थाको खुद नाफाको १ प्रतिशत रकम रु. ४९,१५,१६१/३९ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको छ । यस वर्षको अन्त्यमा यस कोषको मौज्दात रकम रु. १,१७,३३,३९१/२३ रहेको छ । यस कोषको रकम नेपाल राष्ट्र बैंकको उपरोक्त परिपत्रमा भएको व्यवस्था अनुसार खर्च गरिनेछ । उक्त कोषबाट यस आ.व. मा रु. १,२०,०००/- मात्र समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक विकास समिति मार्फत यस कार्यलय रहेको (सुविधानगर) क्षेत्र भित्र C.C. Camera जडानमा खर्च गरिएकोछ । यस कोषमा भएको परि वर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

छ ) ऋण मोचन कोष

यस कोष अन्तर्गत कृषि विकास बैंकले साना किसान सहकारी संस्थाहरु यस वित्तीय संस्थामा हस्तान्तरण गर्दा उपलब्ध गराएको रकम नेपाल राष्ट्र बैंकको मिति २०६९/२/२३ को पत्रानुसार प्राथमिक पुँजीमा गणना हुने गरी रु. १०,३६,६१,६१३/-जगेडा कोषमा रहेको छ । यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

ज) अनुसरण कोष

यस कोष अन्तर्गत साना किसान कृषि सहकारी संस्थाले सेवा विस्तार तथा अनुसरण गर्ने प्रयोजनको लागी छुट्टायाइएको CGAP को पुरस्कार रकम, GIZ बाट प्राप्त सहयोग राशी र यसै कोषमा जाने गरी जम्मा भएको रकम समेत रु. १,०५,०९,५५४/- रहेको छ । यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

### झ) विप्रेषण जोखिम कोष

वि. सं. २०७० भन्दा अघि सम्म यस वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्थाहरुलाई विप्रेषण सम्बन्धी सेवा व्यवस्थित गराउन सहयोग गर्दै आएको र सो कार्यका लागि विभिन्न स्रोतबाट प्राप्त रकम रु. २,७४,८३३/६७ कोष खडा गरी राखिएको छ । यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

### ञ) लगानी समायोजन कोष

नेपाल राष्ट्र बैंकको “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को बुँदा ८.२ को व्यवस्था अनुसार वित्तीय संस्थाले सेन्टर फर माइकोफाइनान्सको शेयरमा रु. १०,०००/- लगानी गरेको तर सो संस्था धितोपत्र विनिमय बजारमा हाल सम्म पनि सूचीकृत भइनसकेको हुनाले लगानी गरेको बराबरको रकमको लगानी समायोजन कोष खडा गरि राखिएको छ । यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

### ट) अनुदान तथा पुँजीगत जगेडा कोष

यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमामा देखाइएको छ । यस कोषमा तपसिल बमोजिमको रकम रहेको छ :

| विवरण | रकम रु. |
|---|---|
| १. ऋण मिनाहाबाट प्राप्त रकम | ६,९१,७२,६०३.०० |
| २. अनुदान सम्पत्ति | ६३,९९,२४५.२० |
| ३. Credit Line From ADB, Manila | १९,२९,५४,३९५.०० |
| जम्मा अनुदान तथा पुँजीगत जगेडा कोष | २६,८५,२६,२४३.२० |

१. साना किसान सहकारी संस्थाहरु मार्फत साना किसान तथा साना घरेलु उद्यमीहरुलाई प्रवाह भएको ऋण वापत नेपाल सरकारबाट आ.व. २०६३/६४ मा ऋण मिनाहा भए पश्चात प्राप्त भएको शोधभर्ना रकमबाट मुनाफामा पर्ने असर बराबरको रकम मात्र अर्थ मन्त्रालयको निर्देशानुसार जगेडा कोष खडा गरी राखिएको छ ।

२. विभिन्न सहयोगी निकायहरुबाट अनुदानमा प्राप्त सम्पत्तिको कोष खडा गरी घट्दो मुल्यमा देखाइएको छ ।

३. एसियाली विकास बैंकको सहयोगमा सन् २०११ देखि २०१४ सम्म सञ्चालित "Expanding Microfinance Program in Hill and Mountain of Nepal" परियोजनाबाट Line of Credit अन्तर्गत प्राप्त अनुदान रकमलाई कोष खडा गरी राखिएको छ ।

### ठ) स्थगन कर जगेडा

नेपाल राष्ट्र बैंकको “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७१ मा स्थगन कर सम्बन्धी व्यवस्थामा भए अनुसार वित्तीय संस्थाले स्थगन कर सम्बन्धी लेखांकन क्रियाकलापका कारण सम्पत्ति सृजना भएकोमा सो रकम नाफा नोक्सान बाँडफाँड हिसावमा खर्च लेखी स्थगन कर जगेडा कोष खडा गरी गत आ.व. सम्ममा सो कोषमा रु. ६,६११,७३०/६६ रहेको छ । यो कोषमा यस आ.व.मा केहि परिवर्तन भएको छैन । यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा स्थगन कर जगेडा कोषमा देखाइएको छ ।

### ड) कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा

नेपाल राष्ट्र बैंकको “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को बुँदा ६.५ को व्यवस्था अनुसार कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कुल कर्मचारी खर्चको न्युनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था अनुसार गत आ.व.मा कुल कर्मचारी खर्च रु. ५,५७,७३,७९०/०२ को ३ प्रतिसतले हुने रकम भन्दा बढी रकम रु. १०,०७,७०८/४२ उपरोक्त व्यवस्थाका लागि खर्च गरी अनुसूची ४.१७ मा कर्मचारी खर्च अन्तर्गत तालिम खर्च शीर्षकमा प्रस्तुत गरिएको छ ।

### ढ) कर्मचारी वोनस व्यवस्था

वित्तीय संस्थाले यस आर्थिक वर्षको मुनाफाबाट कर्मचारी वोनस पछिको नाफाको १० प्रतिशतले हुन आउने रकम रु. ७,०४,५०,०८१/९१ कर्मचारी वोनसका लागी व्यवस्था गरेको छ ।

### ण) कर्मचारी सुविधा

यस आर्थिक वर्षमा कर्मचारी विदा बापतको व्यवस्था खर्च शिर्षकमा देखाईएको खर्च रकम रु. २,२७६,२३४/७५ विदा व्यवस्थामा लेखाङ्कन गरिएको छ भने रु. १५,२२,५३०/७५ यसै वर्ष भुक्तान गरिएको छ ।

यस आर्थिक वर्षमा कर्मचारी उपदान व्यवस्था वापत रु. ३०,२९,८३०/– थप व्यवस्था गरिएकोछ भने कुनैपनि रकम यस वर्ष भुक्तान गरिएको छैन ।

प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालालाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

- मासिक पारिश्रमिक रु. १,८७,०००/-
- टेलिफोन खर्चबापत मासिक रु. २,५००/-
- दशैं खर्च १ महिनाको पारिश्रमिक बराबर, पोशाक खर्च रु. १८,०००/-, नियमानुसारको बोनस, बैंक दिवस भत्ता १ महिनाको तलब बराबरीले हुने रकम गरि वार्षिक जम्मा रु. ३२,०३,५८१/-
- कार्यालय आउँदा - जाँदा गाडी सुविधा रहेको ।

त) साना किसान सम्मेलन कोष

यस वित्तीय संस्था तथा साना किसान कृषि सहकारी केन्द्रिय संघको संयुक्त आयोजनामा २०७५ साल फाल्गुण १६ र १७ गते काठमाडौंमा भएको दुई दिने साना किसान सम्मेलन, २०७५ मा भएको खर्चमा विगत वर्ष देखि साना किसान सम्मेलन कोषमा बाँकी रहदैं आएको रकम रु. १२,२८,३७५/४४ समेत खर्च गरिएको छ ।

थ) साना किसान राहत कोष

२०७२ बैशाख १२ को महा भुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान परिवारसम्म सहयोग परिचालन गर्ने उद्देश्यले एक कोषको आवश्यकता महशुस गर्दै साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान राहतकोषको स्थापना गरेको छ । यस कोषमा २०७६ आषाढ मसान्तमा बाँकी रहेको मौज्दात रकम रु. ३८,४९,६४३/६३ रहेको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

द) साना किसान सूचना प्रविधि कोष

आजको सूचना-प्रविधिको युगमा सबै ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने वित्तीय संस्थाको मान्यता रहेको छ । वित्तीय संस्था तथा संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधि सम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यस सम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन वित्तीय संस्थामा आर्थिक वर्ष २०७०/७१ मा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको थियो । यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र यस वित्तीय संस्थाको सहयोग रहनेछ । यस कोषमा गत वर्ष रु. १० लाख कायम गरिएकोमा यस वर्ष पनि यसैलाई निरन्तरता दिइएको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

ध) साना किसान सूचना प्रविधि घुम्ती कोष

यस कोष अन्तर्गत अनुसरणबाट २२ वटा नव प्रबर्धित साना किसान कृषि सहकारी संस्था लि. हरुको सुचना प्रविधिमा पहुँच पुऱ्याउने उद्देश्यले प्रति संस्था रु. ५०,०००/- दरले विनियोजित कोष रकम जम्मा रु. ११,००,०००/- रहेको छ । प्रति संस्था रु. ५० हजारको सूचना प्रविधि सामाग्री खरिद गरिएको विल यस वित्तीय संस्थामा प्राप्त भएपछि कोषको बाँकी रकम खर्च जनाउने गरी हिसाबमा देखिन आएको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

न) अन्य अनुदान कोष

यस कोष अन्तर्गत इलाम जिल्लाको सुर्योदय नगरपालिकासँग मिति २०७५।८।१० मा भएको सम्झौता एवं वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७५।३।३ को निर्णयाअनुसार साना किसान सहकारी संस्था लि.हरु क्रमश. श्रीअन्तु र समालबुङ्गले निर्माण गर्न लागेको साना किसान चिया उद्योगको कर्जामा व्याज सहुलियत प्रदान गर्न स्थापित रकम रु. ३९,२९,५४७/- रहेको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

प) ग्राहक सुरक्षण कोष

यस वित्तीय संस्थाको थोक कर्जा कार्यान्वयन कार्यविधि - २०६६ (सातौं संशोधन २०७३) को दफामा १८ को उपदफा १८.७.१ मा साझेदार संस्थाले स्वीकृत कर्जा उठाउनु भन्दा अघि प्रत्येक पटक उठाउने कर्जाको ५ प्रतिशतले हुने आउने रकम ग्राहक सुरक्षण कोषमा जम्मा गर्दै जानु पर्ने छ भन्ने व्यवस्था भएबमोजिम यस आ.व.को अन्त्यमा उक्त कोषमा रु. १,४८,७०,३२,५९५/८५ रहेको छ । वचत प्रकृतिको यस कोषमा रहेको रकमको आधार मा ७ देखि ७.५ प्रतिशत सम्म व्याज प्रदान गरिएको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

फ) तालिम तथा गोष्ठी अनुदान कोष

तालिम टुल कीट सम्बन्धी रकम रु. १,७९८/२५ अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

ब) कर लेखा परीक्षणबाट कायम दायित्व फरफारक भएको सम्बन्धमा

ठुला करदाता कार्यालयले यस संस्थाको आ.व.२०७१/७२ को कर लेखापरीक्षण गरी संस्थाको नाममा कर दायित्व "निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी" शीर्षक अन्तर्गतका सावाँ कर रकम ब्याज र शुल्क गरी जम्मा रु. १३,५७,७४३/६७ को थप दायित्व कायम गरेको थियो । उक्त रकमलाई यस वर्ष खर्च लेखिएकोछ ।

भ) स्थगन कर सम्पत्ती

| विवरण | लेखाङ्कन आधार | कर आधार | अस्थायी फरक | यस वर्षको स्थगन कर सम्पत्ति/(दायित्व) |
|---|---|---|---|---|
| उपदान व्यवस्था | १४,३९९,२३९.०० | - | १४,३९९,२३९.०० | ४,३१९,७७१.७० |
| विदा व्यवस्था | ११,४६०,८१२.०० | - | ११,४६०,८१२.०० | ३,४३८,२४३.६० |
| स्थीर सम्पत्ति | १९,७७२,१९१.४१ | १८,७४३,७२६.८८ | - १,०२८,४६४.५३ | -३०८,५३९.३६ |
| जम्मा | ४५,६३२,२४२.४१ | १८,७४३,७२६.८८ | २४,८३१,५८६.४८ | ७,४४९,४७५.९४ |
| गत वर्षसम्मको स्थगन कर सम्पत्ति/(दायित्व) | | | | ६,६११,७३०.६६ |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | | | | ८३७,७४५.२८ |

## १२. लघुवित्त वित्तीय संस्थाको एजेन्सी मौज्दात भए अवधि अनुसारको (१ वर्ष, १-३ वर्ष, ३ वर्षभन्दा बढी) हिसाब मिलान हुन बाँकी रकमहरुको विवरण ।

यस वित्तीय संस्थाको एजेन्सी मौज्दात नरहेको ।

## १३. आयकर

(क) यस वर्षको कर व्यवस्था

आयकर ऐन २०५८ अनुसार यस वर्षको कर व्यवस्था रु. २१,२४,६४,६८१/८९ कायम गरिएको छ ।

## १४. दातृ निकायको सहयोगमा संचालित कार्यक्रम

### क) भुकम्प प्रभावित समुदायका लागि विपद जोखिम व्यवस्थापन तथा जीविकोपार्जन पुर्नस्थापना कार्यक्रम (DRRLREAC)

नेपाल सरकार, अर्थ मन्त्रालय र एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने "भुकम्प प्रभावित समुदायका लागि विपद जोखिम व्यवस्थापन तथा जिविकोपार्जन पुर्नस्थापना कार्यक्रम (DRRLREAC)" संचालनका लागि यस साना किसान विकास वित्तीय संस्था, नेपालसरकार अर्थ मन्त्रालय र एसियाली विकास बैंक बिच भएको सम्झौता अनुसार भुकम्प प्रभावित समुदायमा ऋण प्रवाह गर्नको लागि वित्तीय संस्थाले प्रति साना किसान परिवार रु ५० हजारमा नबढ्ने गरी कुल १२ हजार ५ सय परिवारलाई लगानी गर्ने गरी ५.५ मिलियन अमेरिकी डलर बराबरको जीविकोपार्जन पुनरस्थापना कर्जा कार्यक्रम संचालन भएको छ । यसमध्ये धादिङ्ग, नुवाकोट र रसुवाका प्रभावित सदस्यहरुले ५ प्रतिसतको सहुलियतपुर्ण ब्याजमा ऋण सुविधा पाउने गरी ७६ वटा साना किसान सहकारी संस्थाहरु मा २ प्रतिसत ब्याजदरमा यस वित्तीय संस्थाकोको तर्फबाट गरिएको योगदान समेत गरी यस आ.व. मा रु. ७ करोड ६६ लाख कर्जा प्रवाह गरिएको छ ।

यस कार्यक्रमको प्राविधि सहायता सम्झौता अन्तर्गत कम्तिमा ९० वटा विपद प्रतिरोधि संरचना निर्माण तालिम तथा ३० वटा विपद व्यवस्थापन क्षमता अभिवृद्धि तालिम संचालन हुने व्यवस्था समेत रहेकोमा यस आ. व. सम्ममा विपद प्रतिरोधि संरचना निर्माण तालिम १३० वटा र विपद व्यवस्थापन क्षमता अभिवृद्धि तालिम ३३ वटा तालिम सम्पन्न भएका छन् । यस सम्झौता अन्तर्गतका कार्यहरु सम्पन्न गर्न परामर्शदाता र तालिम तथा क्षमता विकास शीर्षकमा रु. ४ करोड ८८ लाख १६ हजार १५९ खर्च भएको छ ।

### ख) किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालन भईरहेको 'किसानका लागि उन्नत बीउबिजन कार्यक्रम' मा सहकार्य गर्न यस वित्तीय संस्था र कृषि विकास मन्त्रालयबीच सम्झौता भई रुकुम (पूर्व र पश्चिम), रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ७ जिल्लामा पहिलो चरणमा ३० तत्कालिन गाविसमा साना किसान सहकारी संस्था अनुसरण कार्य मार्फत स्थापना भएको र त्यसको प्रभावकारिताका आधारमा थप ४५ गाविसमा ४५ संस्था गरी कुल ७५ संस्था स्थापना भएका छन् ।

यस कार्यक्रममा परियोजनाको तर्फबाट यस आर्थिक वर्षमा रु. ३,४८,०९,०७७/६९ खर्च भएको छ ।

### ग) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम

कृषि सम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरूमा व्यावसायिक कृषि क्षमता बढाउन नेपालका लागि इजरायली राजदूतावासको सहकार्यमा 'साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम' सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत साना किसान परिवारका विद्यार्थीहरूलाई उन्नत कृषि प्रणाली सम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा १० महिने अध्ययनका लागि सहभागी गराइन्छ ।

यस कार्यक्रम अन्तर्गत वित्तीय संस्थाले आर्थिक वर्ष २०७५/७६ मा ४९० जना प्रशिक्षार्थी इजरायल पठाउनको लागि छनौट प्रक्रिया कार्यक्रममा रु. ९,७४,८३०/०९ खर्च भएको छ । अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम धरौटी रकम रु. १४,४८,६३,३४४/१५ इजरायलबाट प्रशिक्षार्थीहरु फर्केर आएपछि कार्यक्रम कार्यविधीका आधारमा वार्षिक ६ प्रतिशतका दरले भुक्तानी दिने गरि धरौटिमा राखिएको रकम रहेको छ ।

### घ) साना किसान वातावरण तथा नवीकरणीय ऊर्जा कार्यक्रम

यू. एन. सी. डी. एफ / क्लिन स्टार्टसँग सहकार्य गरी वित्तीय संस्थाले साना किसान वातावरण तथा नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन गरेको छ । ग्रामीण दुर्गममा बिजुली-बत्ती र सुविधायुक्त ऊर्जा प्रणालीबाट विमुख रहेका साना किसान तथा विपन्न परिवारहरूमा सौर्य ऊर्जा, बायोग्यास, धूवाँरहित चुल्हो र सुलभ शौचालय आदिको उपयुक्त सेवा पुर्‍याउने यो कार्यक्रमबाट ३ वर्षको अवधिमा लगभग ४० हजारभन्दा बढी परिवार लाभान्वित हुने लक्ष्य राखिएकोमा यसको ९९ प्रतिशत प्रगती हासिल भएको छ । यस कार्यक्रममा परियोजनाको तर्फबाट यस आर्थिक वर्षमा रु. ३२,३४,५०८/- खर्च भएको छ । यो कार्यक्रम सम्पन्न भैसकेको छ ।

### ङ) सक्षम परियोजना

यस वित्तीय संस्था र डि.एफ.आई.डि. को सहयोगमा लुईस बर्गरद्वारा संचालित सक्षम A2F बीच सेप्टेमबर २, २०१८ मा Digitization of SFACLs & Expansion of Access to Finance in Karnali Province of Nepal (DSFACLs & A2F) परियोजना सञ्चालन गर्न सम्झौता भएको थियो । यस परियोजनाको मुख्य उद्देश्य विपन्न वर्गको लागि वित्तीय पँहुच बढाउनु रहेको छ । यस परियोजना अन्तर्गत यस आ.व. मा रु. १,८७,५७,४५७/७५ म्याचिङ कोष प्राप्त भएकोमा सो मध्ये रु. १,०९,८६,३०३/०५ खर्च भई रु. ७७,७३,१५४/७० बाँकी रहेको छ ।

## १५. नेपाल सरकारको सहयोगमा संचालित कार्यक्रमहरु

नेपाल सरकारबाट यस वित्तीय संस्थालाई साना किसान सहकारी अनुसरण कार्यक्रम, तालिम/गोष्ठी (क्षमता विकास) कार्यक्रम, सामाजिक/सामुदायिक विकास कार्यक्रम, पशुपालन प्रवर्द्धन कार्यक्रम र पशुधन सुरक्षण कार्यक्रमहरू सञ्चालन गर्ने प्रयोजनका लागि अनुदान सहयोग उपलब्ध हुँदै आएको छ जसका सारांशहरु निम्न बमोजिम रहेका छन् ।

### क) लघुविमा सहयोग कार्यक्रम (पशुधन सुरक्षण कार्यक्रम)

वित्तीय संस्थाले पशुपालक साना किसानहरूको पशुधन क्षति न्यूनीकरणका लागि पशुधन सुरक्षण कार्यक्रमहरू संचालन गर्दै आएको छ । पशुधन सुरक्षण कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०७५/७६ मा वित्तीय संस्थाको समन्वयमा साना किसान सहकारी संस्थाहरूले ३० हजार १५९ परिवारका रु. २ अर्ब ६२ करोड ३६ लाख ६ हजार मूल्यका ८२ हजार २६२ पशुको सुरक्षण गरेका छन् । पशुधन सुरक्षण (पशुविमा) प्रिमियम अनुदान तर्फ आ.व. २०७५/७६ मा रु. ११ करोड ५० लाख र पशुधन सुरक्षण प्रवर्द्धन तर्फ २० कार्यक्रम संचालन गर्ने गरी रु. ५० लाख समेत गरी जम्मा रकम १२ करोड अनुदान बजेट प्राप्त भएकोमा प्रिमियम अनुदान तर्फ रु. १० करोड ४५ लाख ५६ हजार ८१९ रुपैया र पैसा ३९ भुक्तानी भएको छ । पशुधन सुरक्षण प्रबर्द्धनतर्फ ७८ प्रबर्द्धन कार्यक्रममा रु. ४४ लाख २६ हजार ८१९ र पैसा २२ खर्च भई प्राप्त बजेट रु. १२ करोड मध्ये कूल रु. १० करोड ८९ लाख ८३ हजार ६३८ रुपैया र पैसा ६१ खर्च भएको छ । यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु. १,१०,१६,३६१/३९ मात्र फिर्ता गरिएको छ ।

यस वित्तीय संस्थाबाट अहिलेसम्म रु ९ अर्ब ३२ करोड ६६ लाख ८० हजार मुल्यका कुल ३ लाख ५३ हजार ६२९ पशुबस्तुको सुरक्षण भई किसानका तर्फबाट रु २१ करोड ६३ लाख ८९ हजार र नेपाल सरकारका तर्फबाट रु ३८ करोड ७६ लाख ६९ हजार प्रिमियम जम्मा भएको छ । क्षतिपूर्ति र सबै खर्च कटाई २०७६ असार मसान्त सम्ममा समुदायस्तरको पशुधन सुरक्षण कोषमा रु. ५३ करोडको हाराहारीमा मौज्दात रहेको छ ।

अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको पशुधन सुरक्षणमा भएको रकम रु. १३,३१,३९१/५१ सो कार्यक्रम सम्पन्न भए पश्चात सम्वन्धित सहकारी संस्थालाई भुक्तानी दिन राखिएको छ ।

### ख) साना किसान विकास लघुवित्त वित्तीय संस्था विविध

#### १. साना किसान सहकारी अनुसरण कार्यक्रम

वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा प्रभावकारी दिगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । साना किसान सहकारी अनुसरण कार्यक्रम अन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी स्थानियस्तरमा आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान कृषि सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यवस्था मिलाइन्छ । यस कार्यक्रम अन्तर्गत आ.व २०७५/७६ मा ७० वटा साना किसान कृषि सहकारी संस्थाहरु अनुसरण कार्यक्रम मार्फत निर्माण भएकोमा ५० वटा संस्थाका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु. ४ करोड १० लाख र संस्थाहरुले व्यहोरेको रु. ३५ हजार २१९ गरी जम्मा ४ करोड १० लाख ३५ हजार २१९ खर्च भएको छ । बाँकी २० वटा संस्थाको अनुसरण खर्च सक्षम परियोजनाले व्यहोरेको छ ।

अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको अनुसरण कार्यक्रममा भएको रकम रु. ६,६०,६५,१६३/०६ अनुसरण कार्यक्रम सम्पन्न भए पश्चात फछर्यौट गर्ने गरी सम्झौता वमोजिम सम्वन्धित सहकारी संस्थालाई भुक्तानी दिने गरी राखिएको छ ।

#### २. तालिम /गोष्ठी (क्षमता विकास) कार्यक्रम

वित्तीय संस्थाले साना किसानहरूको क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका व्यवसायिक कृषि, संस्थागत शुसासन, संस्था संचालन र लेखा सम्बन्धी तालिम/गोष्ठी (क्षमता विकास) कार्यक्रममा संचालन गर्दै आएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा १५० वटा कार्यक्रम सञ्चालन गर्ने गरी रु. १ करोड ४० लाख नेपाल सरकारबाट अनुदान बजेट प्राप्त भएकोमा सो बाट ३८६ कार्यक्रम सञ्चालन भएको छ । यसमा रु. १ करोड ४० लाख नेपाल सरकारबाट प्राप्त अनुदानबाट र साना किसान सहकारी संस्थाहरुको सहभागिता रु. १९ लाख ८ हजार ६३३ समेत गरी जम्मा रु. १ करोड ५९ लाख ८ हजार ६३३ खर्च भई २७ हजार ४१९ जना साना किसानहरु लाभान्वित भएका छन् ।

अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको तालिम र अन्य कार्यक्रममा भएको रकम रु. ३१,६०,९८१/- सो कार्यक्रम सम्पन्न भइ नियमानुसार प्रतिवेदन प्राप्त भए पश्चात सम्वन्धित सहकारी संस्थालाई भुक्तानी दिने गरी राखिएको छ ।

#### ३. सामाजिक/सामुदायिक विकास कार्यक्रम

वित्तीय संस्थाले सामाजिक/सामुदायिक विकास कार्यक्रम अन्तरगत स्थानीयस्तरमा आवश्यक सामुदायिक भवन निर्माण तथा अन्य भौतिक पूर्वाधार को विकासका कार्यहरु संचालन गर्दै आएको छ । यस अन्तरगत ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, बृक्षारोपण, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर, सूचना प्रविधि हस्तान्तरण आदि सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्थाहरूलाई स-सानो सहयोग उपलब्ध गराइन्छ । आ.व. २०७५/७६ मा नेपाल सरकारबाट १५० वटा सामाजिक/सामुदायिक कार्यक्रम संचालन गर्न रु. १ करोड ५० लाख अनुदान बजेट प्राप्त भएकोमा नेपाल सरकारबाट प्राप्त अनुदान बजेटबाट रु. १ करोड ४९ लाख ९२ हजार ४८९, साना किसान कृषि सहकारी संस्थाहरुबाट व्यहोरेको रु. ४ करोड २२ लाख १३ हजार ३७९ रुपैया र पैसा ७९ र जनसहभागिताबाट व्यहोरेको रु. ६० लाख ४९ हजार ५६७ गरी जम्मा रु. ६ करोड ३२ लाख ५५ हजार ४३५ रुपैया र पैसा ७९ को लागतमा १६० वटा कार्यक्रम संचालन भएको थियो । यस कार्यक्रमबाट २ लाख ३२ हजार ४०० साना किसान परिवारहरु लाभान्वित भएका छन् । यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु. ७,५११/- मात्र फिर्ता गरिएको छ ।

#### ४. पशुपालन प्रवर्द्धन कार्यक्रम

वित्तीय संस्थाले कृषि तथा पशुपालन गर्ने साना किसानहरूको पशुपालन व्यवसायको व्यवसायीकरणका लागि कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्दै आएको छ । आ.व. २०७५/७६ मा नेपाल सरकारबाट प्राप्त अनुदान बजेट रु. १ करोडमध्ये ३५५ वटा कार्यक्रम संचालन भएकोमा रु. ९९ लाख ९४ हजार ३४२ रुपैया र पैसा ९४ र संस्थाहरुको सहभागिताबाट रु. २३ लाख ४९ हजार ९१२ गरी जम्मा रु. १ करोड २३ लाख ४४ हजार २५४ रुपैया र पैसा ९४ खर्च भई ४० हजार ४५७ जना साना किसान परिवारहरु लाभान्वित भएका छन् । यस अन्तरगत पशुपालन व्यवस्थापन तथा उपचार तालिम, कार्यक्रमको समिक्षा, पशु उपचार शिविर, उन्नत नश्लका ब्याडको बोका/राँगा/भालेको व्यवस्था, पशु भ्याक्सिन, खोर, गोठ सुधार, प्राविधिक सेवा तथा प्रचार प्रसार सम्बन्धि सहयोग उपलब्ध गराउने गरिएको छ । यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु. ५,६५७/०६ मात्र फिर्ता गरिएको छ ।

५. पशुपालन कर्जा कार्यक्रम

त्यस्तैगरी मासु तथा दुध जन्य उत्पादन प्रर्बद्धन गर्ने उद्देश्यले नेपाल सरकारले वित्तीय संस्थालाई मासुजन्य कर्जा उपलब्ध गराउँदै आएको छ। साना किसानहरुलाई आकर्षित गर्नको लागि शर्तस्वरुप वित्तीय संस्थाले सहकारी संस्थालाई ५ प्रतिशतमा र सहकारी संस्थाले साना किसानलाई ९ प्रतिशतमा यस कर्जा परिचालन हुँदै आएको छ। वित्तीय संस्था स्वयम्ले कर्जाको उपयोगिताको निरीक्षण नियन्त्रण गर्दै आएको छ। आ.व.२०७५/७६ मा वित्तीय संस्थाले नेपाल सरकारबाट १५ हजार साना किसानलाई सहुलियत पशुपालन कर्जा लगानी गर्ने गरी रु. १ अर्व ५० करोड कर्जा प्राप्त भएकोमा कुल २२ हजार ३४१ परिवारलाई रु. ३ अर्व ३७ करोड ५४ लाख ४७ हजार बराबरको पशुपालन कर्जा परिचालन गरेको छ।

## १६. नगद लाभांश तथा बोनस शेयर वितरण सम्बन्धमा

वित्तीय संस्थाको मिति २०७६/०८/०७ मा बसेको सञ्चालक समितिको बैठकले आ.व. २०७५/७६ को मुनाफाबाट चुक्ता पुँजीको २७.२५ प्रतिशतले हुने रु. २१,४१,९४,५१३/५५ बराबरको बोनस शेयर र बोनस शेयरको कर प्रयोजनको लागि चुक्ता पुँजीको १.४३४२१०५२६ प्रतिशतले हुने नगद लाभांश रु. १,१२,७३,३९५/४५ गरी कुल जम्मा रु. २२,५४,६७,९०९/- बराबरको मुनाफा वितरण गर्न एवं प्रदान गरिने बोनस शेयर गणना गर्दा फ्र्याक्सनमा आउने अङ्कलाई आगामी बर्षहरुमा क्रमशः पूर्णाङ्क नपुगेसम्म सम्बन्धित कै नाममा संचिती राख्ने व्यवस्था सहित स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक र यस वित्तीय संस्थाको साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय पारित गरेकोमा सोही अनुरुप वित्तीय विवरणमा प्रस्तुत गरिएको छ।

अनुसूची ४.२८

# संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

**(२०७६ आषाढ मसान्त)**

| क्र.सं. | संस्थापक /संस्थापक समूह अर्न्तगत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामितमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुत्ता पुंजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक तथा वित्तिय संस्थाको नाम | कर्जा रकम | धितो रहेको शेयर कित्ता संख्या | |
| १. | – | – | – | – | – | – | – |
| २. | – | – | – | – | – | – | – |

अनुसूची ४.२९

## Comparison of Unaudited and Audited Financial Statement As of FY 2075/076

Rs. In'000

| S.N. | Particlars | As per Unaudited Financial Statement | As per Audited Financial Statement | Variance | | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| | | | | In Amount | In % | |
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **22,232,840.67** | **21,940,226.05** | **292,614.62** | **1.32** | |
| 1.1 | Paid-up Capital | 786,034.91 | 1,000,229.43 | (214,195) | -27.25 | Proposed Bonus Shares of 27.25% |
| 1.2 | Reserves and Surplus | 1,678,660.30 | 1,427,075.50 | 251,584.81 | 14.99 | Adjusted due to appropriation of Rs. 24,658.26 thousand in Staff welfare fund, Proposed Dividend & other adjustments in profit |
| 1.3 | Debenture and Bond | - | - | - | - | |
| 1.4 | Borrowings | 17,650,340.25 | 17,650,340.25 | - | - | |
| 1.5 | Deposits (a+b) | - | - | - | - | |
| | a. Member | - | - | - | - | |
| | b. Public | - | - | - | - | |
| 1.6 | Income Tax Liabilities | - | - | - | - | |
| 1.7 | Other Liabilities | 2,117,805.21 | 1,862,580.88 | 255,224.33 | 12.05 | Adjustment for netting off loan loss provision and with other assets, etc. |
| **2** | **Assets (2.1 to 2.7)** | **22,232,840.67** | **21,940,226.04** | **292,614.63** | **1.32** | |
| 2.1 | Cash & Bank Balance | 516,290.34 | 174,070.39 | 342,219.95 | 66.28 | Adjustment on reconciliation |
| 2.2 | Money at call and short Notice | 953,741.15 | 1,319,910.97 | (366,169.82) | -38.39 | Adjustment on reconciliation |
| 2.3 | Investments | 191,171.20 | 191,171.20 | - | - | |
| 2.4 | Loans & Advances | 20,457,060.13 | 20,154,655.84 | 302,404 | 1.48 | Adjustment on audit review, netting off loan loss provision |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.5 | Fixed Assets | 19,254.51 | 19,378.27 | (123.76) | -0.64 | Adjustment on audit review |
| 2.6 | Non Banking Assets | - | - | - | | |
| 2.7 | Other Assets | 95,323.34 | 81,039.37 | 14,283.97 | 14.98 | Adjustment for Deferred Tax Assets, Income Tax,etc. and netting with other liabilities. |
| **3** | **Profit and Loss Account** | | | | | |
| 3.1 | Interest Income | 1,990,674.15 | 1,990,677.34 | (3.18) | -0.00 | Adjustment after finalization of Bank reconciliation |
| 3.2 | Interest Expenses | 1,071,713.17 | 1,070,812.96 | 900.21 | 0.08 | Adjustment after finalization of Bank reconciliation |
| | **A. Net Interest Income (3.1-3.2)** | **918,960.99** | **919,864.38** | **(903.39)** | **-0.10** | |
| 3.3 | Fees, Commission and Discount | 1.17 | 1.37 | (0.20) | -17.09 | Adjustment on reconciliation |
| 3.4 | Other Operating Income | 276.51 | 283.52 | (7.01) | -2.54 | Adjustment for income from sale of writtenoff assets |
| 3.5 | Foreign Exchange Gain/ Loss (Net) | - | - | - | - | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **919,238.67** | **920,149.27** | **(910.60)** | **-0.10** | |
| 3.6 | Staff Expenses | 57,926.88 | 58,803.53 | (876.65) | -1.51 | Regrouping with operating expenses |
| 3.7 | Other Operating Expenses | 46,202.59 | 42,958.76 | 3,243.83 | 7.02 | Regrouping with staff expenses & adjustment for missed expenses |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **815,109.20** | **818,386.98** | **(3,277.78)** | **-0.40** | |
| 3.8 | Provision for Possible Losses | 44,434.06 | 74,579.18 | (30,145.12) | -67.84 | |
| | **D. Operating Profit (C-3.8)** | **770,675.14** | **743,807.80** | **26,867.33** | **3.49** | |
| 3.9 | Non Operating Income/ Expenses (Net) | 933.99 | 997.98 | (63.99) | - | Adjustment for depreciation of grant assets |
| 3.10 | Write Back of Provision for Possible Loss | - | 30,145.11 | (30,145.11) | | |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **771,609.13** | **774,950.90** | **(3,341.77)** | **-0.43** | |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - | - | |
| | **F. Profit Before Bonus and Taxes (E+3.11)** | **771,609.13** | **774,950.90** | **(3,341.77)** | **-0.43** | |
| 3.12 | Provision for Staff Bonus | 70,146.28 | 70,450.08 | (303.80) | -0.43 | for above mentioned adjustments |
| 3.13 | Provision for Tax | 210,438.85 | 212,984.68 | (2,545.83) | -1.21 | for above mentioned adjustments |
| | **G. Net Profit/(Loss) (F-3.12-3.13)** | **491,024.00** | **491,516.14** | **(492.14)** | **-0.10** | **Due to above changes** |

# नेपाल राष्ट्र बैंक
## लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।


पत्र संख्याः ल.वि.प्र.सु.वि./गैर-स्थलगत/साना किसान/०७६/७७ च.नं. -१२३३ मिति: २०७६ ०९ ०२

श्री साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.,
सुविधानगर, काठमाडौं ।

विषयः आर्थिक वर्ष २०७५/७६ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी त्यस संस्थाले प्रस्ताव गरेको २०७६ असार मसान्तमा कायम चुक्ता पुँजी रु.७८,६०,३४,९१२।११ को २७.२५ प्रतिशतले हुने रु.२१,४१,९४,५१३।५५ (अक्षेरुपी एक्काइस करोड एकचालीस लाख चौरानब्बे हजार पाँच सय तेह्र पैसा पचपन्न मात्र) बराबरको बोनश शेयर तथा उक्त बोनश शेयरको कर प्रयोजनको लागि रु.१,१२,७३,३९५।४५ (अक्षेरुपी एक करोड बाह्र लाख त्रिहत्तर हजार तीन सय पन्चानब्बे पैसा पैतालीस मात्र) नगद लाभांश साधारण सभाबाट स्वीकृत गरे पश्चात वितरण गर्न स्वीकृती तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

क) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन २०७६ को निर्देशन नं. ६.२ (ग) बमोजिम नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनु हुन ।

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी निर्देशन, २०७६ को निर्देशन नं. ६.६ को दफा (४) अनुसारको जोखिम व्यवस्थापन समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्ने छ भन्ने व्यवस्थाको पालना गर्नु हुन ।

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को निर्देशन नं. १०.७ बमोजिम इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा २५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको १० प्रतिशत मात्र संस्थापक शेयरमा लगानी गर्न सकिने व्यवस्था रहेकोले उल्लिखित सीमाभन्दा बढी शेयर धारण गर्ने संस्थापक शेयरधनी रहे नरहेको एकीन गरी सो सीमाभन्दा बढी भएमा उक्त शेयरधनीले आफ्नो शेयर सो सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा बोनश वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।

घ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को निर्देशन नं. ४.१ (ज) बमोजिम ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक वर्षको नाफाबाट जम्मा हुने रकमको न्यूनतम ५० प्रतिशत रकम पछिल्लो आर्थिक वर्षमा खर्च गर्नु पर्ने व्यवस्था बमोजिम खर्च गर्नु हुन ।

नेपाल राष्ट्र बैंक
लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।



ङ) संस्थाको आन्तरिक र बाह्य लेखापरीक्षक तथा यस बैंकको स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले औंल्याएका कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(लुमाकान्त भट्टराई)
उप निर्देशक

बोधार्थः
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. नेपाल राष्ट्र बैंक,लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, कार्यान्वयन फाँट ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**साविकको नाम : साना किसान विकास बैंक लि.**

(नेपाल राष्ट्र बैंकबाट'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं, नेपाल**

प.सं. १००९ मिति : २०७६/०९/१५

श्री नेपाल राष्ट्र बैंक,
लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : निर्देशनहरु सम्बन्धमा व्यवस्थापनको प्रत्युत्तर ।

महोदय,

त्यस बैंकको पत्र संख्या ल.वि.प्र.सु .वि /गैर स्थलगत/साना किसान/०७६/०७७ च.न. १२३३ मिति २०७५/०९/०२ बाट दिइएका निर्देशनहरुको सम्बन्धमा देहायअनुसारको प्रतिबद्धता रहेको व्यहोरा अनुरोध छ ।

१. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६.२ (ग) बमोजिम आन्तरिक लेखा परीक्षण कार्य गर्नका लागि **Outsource** गरि **J.N Prathihast & Associates** लाई यस वित्तीय संस्थाको आन्तरिक लेखा परीक्षकमा नियुक्त गरी हाल नियमित रुपमा आन्तरिक लेखापरीक्षणको कार्य भइरहेको व्यहोरा अनुरोध छ।

२. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी निर्देशन, २०७६ को निर्देशन नं. ६.६ को दफा (४) अनुसार जोखिम व्यवस्थापन समितिको बैठक प्रत्येक ३ महिनाको १ पटक बस्नु पर्ने प्रावधान पालना हुने गरी बैठक बस्ने व्यवस्था मिलाई सकिएको छ।

३. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी निर्देशन, २०७६ को निर्देशन नं. १०.७ मा भएको व्यवस्था बमोजिम उल्लिखित सीमा भन्दा बढी संस्थापक शेयरधनीको एकिन गरी सो सीमाभन्दा बढी भएमा उक्त शेयरधनीले आफ्नो शेयर सीमाभित्र ल्याएपछि मात्र प्रस्तावित नगद लाभाशं तथा बोनश शेयर वितरण गरिने व्यवस्थाको पूर्ण पालना गरिनेछ ।

४. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को निर्देशन नं. ४.१ (ज) मा भएको व्यवस्था बमोजिम ग्राहक संरक्षण कोष परिचालन तथा खर्च सम्बन्धी छुट्टै कार्यविधी तयार गरी सञ्चालक समितिबाट स्वीकृत गरी सकिएको र त्यस बैंकको निर्देशन बमोजिम हुनेगरी खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

५. संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षणका साथै नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु पुनः नदोहोरिने गरि सुधार गर्न व्यवस्थापन प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

**बोधार्थ:**

**नेपाल राष्ट्र बैंक**
बैंक तथा वित्तीय संस्था नियमन विभाग

भवदीय,

.................

डा. शिवराम प्रसाद कोइराला
प्रमुख कार्यकारी अधिकृत

प्रमुख कार्यकारी अधिकृत

९/१५

वेबसाइट : http://www.skbbl.com.np, ई-मेल :info@skbbl.com.np, फोन : ०१-४१११९२३, ४१११८२८, फ्याक्स :४१११९०१, पो.ब.नं.: २१९५६.

नोट :

नोट :



नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई ग्रामीण स्वावलम्बन कोष हस्तान्तरण





ग्रामीण उद्यम लगानी परियोजनाका लागि नेपाल सरकार, एसियाली विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बिचमा भएको त्रिपक्षिय सम्झौताका झलकहरु







Learn & Earn कार्यक्रम अन्तर्गत साना किसान प्रशिक्षार्थी छनौटका झलकहरु




साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का कर्मचारी परिवार

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## कार्यक्रम सञ्चालित प्रदेशहरु

| | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | प्रदेश ६ | प्रदेश ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| समेटिएको जिल्ला | १३ | ८ | १३ | १० | १३ | ६ | ७ | ७० |
| सहकारी संख्या | १३२ | ११२ | १६२ | ८० | १८१ | ४२ | ४१ | ७५० |
| पालिका संख्या | ७४ | ७१ | ७८ | ४७ | ८९ | ३४ | २७ | ४२० |
| लाभान्वित परिवार संख्या | ११९,५५२ | ९५,७५६ | १७३,९४० | ९२,६३७ | १६७,०१३ | २५,२५८ | ५४,७३७ | ७२८,८९३ |
| कुल ल. र. र. (रु. अर्ब) | ७.७१ | ८.०८ | ११.०४ | ५.४७ | १३.५८ | १.२७ | २.६५ | ४९.८१ |




# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.


### केन्द्रीय कार्यालय

सुविधानगर, तिनकुने, काठमाडौं

फोन : ०१–४१११७५२ / ४१११८२८

फ्याक्स : ०१–४१११९०१

इमेल : info@skbbl.com.np

वेभसाइट : www.skbbl.com.np

### इलाका कार्यालयहरू

वितामोड फोन : ०२३–५४२७२८ / ५४२१७३
इटहरी फोन : ०२५–५८४३३४ / ५८८६००
बर्दिबास फोन : ०४४–५५०४०३
हेटौडा फोन : ०५७–५२५३८८ / ५२४१२२
बुटवल फोन : ०७१–४२०५०० / ४२०५०१
गजुरी फोन : ०१०–४०२०८० / ४०२११७
पोखरा फोन : ०६१–५३८३३५ / ५३९४१३
नेपालगञ्ज फोन : ०८१–४१५२९१ / ४१५१३६
अत्तरिया फोन : ०९१–५५१३१८
वीरेन्द्रनगर फोन : ०८३–५२३९२५
बनेपा फोन : ०११–६६००९५



Design: www.colornpixel.com